रजतजयन्ती प्रकाशन
माला : ५

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

रजत जयन्ती
२०३९

# महेन्द्र प्रवचन माला

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

रजतजयन्ती प्रकाशनमाला–५

# महेन्द्र प्रवचन माला


- कृष्णबम मल्ल
- सरदार भीमबहादुर पाण्डे
- सूर्यविक्रम ज्ञवाली
- नैनबहादुर खत्री



नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रकाशक :

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

कमलादी, काठमाडौं

प्रथम संस्करण : २०३९

मुद्रक :

शिवशंकर प्रसाद

दीपक प्रेस,

एस० १७/२७२ नदेसर, वाराणसी क्याण्ट ।



श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

संरक्षक

**नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान**

आजभन्दा पच्चीस वर्षअघि स्व० श्री ५ महेन्द्रबाट २०१४ साल, आषाढ ९ गतेका दिन नेपाली साहित्य, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धनको लागि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिबक्सेको हो। प्रज्ञा-प्रतिष्ठानको स्थापना भएको पच्चीस वर्षको शुभ अवसरमा यसले आफ्नो रजत-जयन्ती मनाउन लागेको छ।

आज राष्ट्रनायक श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको असीम निगाहबाट प्रज्ञा-प्रतिष्ठानले कृपापूर्ण संरक्षण पाएको छ। नेपाली भाषा, साहित्य, कला, संस्कृति र ज्ञान-विज्ञानका क्षेत्रमा अग्रसर भई काम गर्ने प्रतिभाशाली कवि, लेखक, कलाकार र विद्वान्‌हरूको उचित कदर र प्रोत्साहनको लागि राष्ट्रनायकबाट विभिन्न पुरस्कारहरूको व्यवस्था गरिबक्सेको कुरा सबैलाई थाहै छ। यसरी श्री ५ महाराजाधिराज सरकारको वात्सल्यपूर्ण नेतृत्वमा हामीले आ-आफ्ना क्षेत्रमा युगानुकूल विकास गर्ने अवसर पाएका छौं तथा सिर्जनात्मक प्रतिभाहरूद्वारा नेपालका कला र संस्कृतिको सुनौला इतिहासलाई अझ गौरवमय बनाउने प्रयास गर्दैछौं।

साहित्य, कला र संस्कृतिका क्षेत्रमा गरिएका कार्य र अन्वेषणको फल तथा प्रभाव तत्कालै देखिदैन, तिनको प्रभाव ता पछि आउने युगहरू र भावी सन्तानहरूमा पर्दछ। त्यसैले, पच्चीस वर्षअघि नेपाली साहित्य, कला र संस्कृतिको के अवस्था थियो, आज के छ र अब आउने पच्चीस वर्षमा कस्तो हुनेछ विचारणीय कुरा छ।

प्रज्ञा-प्रतिष्ठानको रजतजयन्ती मनाउन लागेको यस महत्त्वपूर्ण अवसरमा प्रातःस्मरणीय स्व० श्री ५ महेन्द्रप्रति हाम्रो हृदय श्रद्धा र भक्तिले परिपूर्ण हुनुका साथै दिवंगत प्राज्ञहरूको संझना हुनु पनि स्वाभाविकै हो। उहाँहरूले दिनुभएको देनको लागि नेपाली जाति सदा उहाँहरूको ऋणी हुनेछ। अबको पच्चीस वर्षपछि मनाइने स्वर्णजयन्तीमा पनि यिनै कुराहरू पुनः स्मरण गरिएलान्।

रजतजयन्ती प्रकाशनका सम्बन्धमा प्रज्ञा-प्रतिष्ठानलाई सहयोग दिनुहुने सबै महानुभावहरूलाई प्रज्ञा-प्रतिष्ठानका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**लैनसिंह बाङ्‌देल**
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

रजतजयन्ती वर्ष : २०३९

## प्रकाशकीय

स्व० श्री ५ महेन्द्रमा विलक्षण व्यक्तित्व थियो । त्यो दुब्लो-पातलो शरीर-भित्र अदम्य दृढता थियो । मौसूफका 'नेपालको अस्तित्व मेटियो भने नेपालीको पनि अस्तित्व मेटिनेछ' जस्ता अमर वाणीले राष्ट्रिय अस्तित्वलाई विपुल बल पुऱ्याए । हामीभित्र राष्ट्रिय चेतना पुनर्जागृत भयो–हामीलाई आफ्नै वेश र भूषा, भाषा र साहित्य, कला र संस्कृति, आचार र विचार सुन्दर लाग्न थाले । प्रायः मौन रहने त्यो व्यक्तित्व आफ्ना कवितामा मुखरित हुन्थ्यो । मौसूफभित्रको कविबाट जसरी कविताको सृजना भयो, त्यसरी नै मौसूफभित्रका राजाबाट राष्ट्रको भौतिक र आध्यात्मिक, आर्थिक र सामाजिक आदि प्रत्येक पक्षमा युगानुकूल नव निर्माण प्रारम्भ भए । नवनेपालमा हामी जति नै उन्नति गर्दै जानेछौं, त्यसको जगमा त्यही अदम्य दृढ व्यक्तित्व रहनेछ । हामी जति नै पल्लवित र पुष्पित हुँदै जानेछौं, त्यसको जरामा त्यही सृजनशील व्यक्तित्व हुनेछ ।

स्व० श्री ५ महेन्द्रबाट नेपाललाई कुन कुन उल्लेखनीय उपलब्धि प्राप्त भए ? यसको एक उदाहरणका निंति यही प्रज्ञाप्रतिष्ठानलाई लिन सकिन्छ। यो यस्तो सृजना हो, जसले सृजनालाई नै प्रेरित गरिरहन्छ । मौसूफबाट यसको प्रथम कुलपतित्व स्वीकार गरिबक्सियो र यसलाई आफ्नो ममताको न्यानो काखमा हुर्काइबक्सियो । आज प्रज्ञा-प्रतिष्ठान चौबीस वर्ष पूरा गरेर पच्चीसौं वर्षमा प्रवेश गर्न लागेको छ । यस अवसरमा यसका स्रष्टा स्व० श्री ५ महेन्द्र प्रति यो 'महेन्द्र प्रवचनमाला' लाई श्रद्धाञ्जलिको मालाको रूपमा समर्पण गर्दछौं ।

प्रज्ञा-प्रतिष्ठानले २०३४ सालदेखि 'महेन्द्र प्रवचनमाला' को कार्यक्रम प्रारम्भ गरेको छ । यसअन्तर्गत अहिलेसम्म प्रवचन गर्नुहुने महानुभावहरू ( प्रवचनको तिथिक्रमानुसार ) यस प्रकार हुनुहुन्छ–कथाकार कृष्णबम मल्ल ( लोक सेवा आयोगका वर्तमान अध्यक्ष ), सरदार श्री भीमबहादुर पाण्डे ( भूतपूर्व राजदूत ), इतिहासविद् श्री सूर्यविक्रम ज्ञवाली ( ने० रा० प्र० प्र० का भूतपूर्व कुलपति ), विधिवेत्ता श्री नैनबहादुर खत्री ( सर्वोच्च अदालतका वर्तमान प्रधान न्यायाधीश ) उहाँहरू आफ्ना आफ्ना क्षेत्रका ख्यातिप्राप्त विद्वान हुनुहुन्छ ।

यो महेन्द्र प्रवचनमाला ( पहिलो भाग ) गुंफित फूलहरूमा अर्चनाको पवित्रता र सिर्जनाको सुवास पाइन्छ । मालामा गाँथ्नका निम्ति अम्लान फूलका थुँगा दिनुहुने विद्वानहरूलाई प्रज्ञा-प्रतिष्ठान हार्दिक धन्यवाद प्रदान गर्दछ—

भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला ।

रजतजयन्ती वर्ष
२०३९

माधवप्रसाद घिमिरे
उपकुलपति
नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

## प्रवचन-क्रम

१. श्री ५ महेन्द्रको व्यक्तित्व र कृतित्व १

२. श्री ५ महेन्द्र र नेपालको असंलग्न परराष्ट्र–नीति २१

३. श्री ५ महेन्द्र–नेपालमा सामाजिक क्रान्ति ४०

४. नेपालमा कानूनको सुदृढीकरण तथा विकासको
सन्दर्भमा श्री ५ महेन्द्रको देन । ५३



स्व. श्री ५ महेन्द्र

# श्री ५ महेन्द्रको व्यक्तित्व र कृतित्व

—कृष्णबम मल्ल

श्री ५ महेन्द्र सबैका साझा राजा मात्र होइन तर एक महान् आत्मा, राजदर्शी तथा नेपाल र नेपालीको हित गर्न सदा चिन्तनशील रहिबक्सने व्यक्ति होइबक्सिन्थ्यो। मौसूफ सरकारलाई जनप्रिय मात्र होइन महान् पुरुष र निर्मल नेताको रूपमा नेपालीले पाएका थिए, र हामी प्रत्येक नेपालीको जीवन मौसूफ सरकारको आदर्शले प्रभावित भएको थियो। महान् पुरुषको लेखाजोखा गर्नु सजिलो छैन तापनि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको आग्रह टाल्न नसकी मौसूफ सरकारको सम्बन्धमा मैले आफ्नो भावना यस प्रतिष्ठित विद्वत्-समूहका समक्ष व्यक्त गर्ने प्रयत्न गरेको छु र यो मौका मलाई प्राप्त गराइएकोमा आफ्नो विनम्र आभार नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानप्रति व्यक्त गर्दछु।

श्री ५ महेन्द्रको दर्शन मैले सबभन्दा पहिले २०१२ साल माघ महीनामा चितौनमा पाएको थिएँ। त्यस समय चितौन-जिल्लामा रापती-दून बहुमुखी विकास योजनाको शुरूआत भएको थियो। मौसूफ सरकार स्वयंबाट ट्रेक्टरद्वारा बाँझो जमीन तोडी त्यस योजनाअन्तर्गतको नयाँ बसोबास कार्यको शुभारम्भ गरिबक्सेको

हो । पौराणिक कालमा नेपालको अर्को भागमा गरिएको राजा जनकको यज्ञको सम्झना गरी त्यस ठाउँको नामकरण यक्षपुरी हामीले गरचौं । यो गाउँ आज विकसित छ र यहाँ सरकारी फार्मको पनि स्थापना भएको छ जसमा फलहरू, सागपात र अनाजको वैज्ञानिक खेती गरिन्छ । यस कार्यको शुभारम्भ मौसूफ सरकारबाट देखाइबक्सेको प्रेमले गर्दा त्यहाँ काम गर्ने कर्मचारी र जनताले अत्यन्तै प्रभावित भएर मौसूफ सरकारको सदिच्छा पूरा गर्ने अठोट गरेका थिए । चितौननिवासीहरूले ता आफ्नो जिल्ला राजाको प्यारो जिल्ला हो भन्ने भावनाले आफूहरूलाई ओतप्रोत गरेको पाइएको थियो ।

त्यसपछि पनि श्री ५ महेन्द्रबाट त्यस बहुमुखी विकास-क्षेत्रको भ्रमण बराबर गरिबक्सेर प्रगतिको र विकास-कार्यमा परेका बाधाहरूको जानकारी लिइबक्सने गरिएको थियो । मौसूफ सरकारका यी भ्रमणहरूबाट विकास-कार्यमा ठूलो प्रोत्साहन मिलेको थियो । २०१६ आषाढ १२ यते यस योजनाअन्तर्गत बनेको हेटौंडा-नारायणघाट मार्गको उद्‌घाटन मौसूफ सरकारबाट भएको हो ।

श्री ५ महेन्द्रमा नेपालको विकासको अभिरुचि अत्यन्तै ऊँचो थियो । २०१२ साल आश्विन २२ गते श्री ५ महेन्द्रबाट नेपालको लागि प्रथम पंचवर्षीय योजनाको घोषणा गरिबक्सेको हो । जे जति उपलब्धि भए तापनि आवश्यकताको दाँजोमा कम पर्ने हुनाले अझ बढी उपलाब्धको लागि विकासको गतिलाई बढाउँदै लैजानुपर्छ भन्ने श्री ५ महेन्द्रको धारणा थियो । नेपाल र नेपालीको उत्थानको लागि कार्यान्वित गरिने योजनालाई लक्ष्य गरेर मौसूफ सरकारबाट हुकूम भएको थियो—"कुनै महान् कार्य सम्पन्न गर्नको लागि स्पष्ट तथ्य र तथ्यांकमा आधारित योजनाको आवश्यकता छँदै छ, तर योजनाको वास्तविक सफलताका निमित्त प्राणपणले योजना कार्यान्वित गर्ने व्रत पनि सो योजनाको अंग हो ।" हुन पनि देश र प्रजाको भलाइको लागि स्वास्थ्यको पनि परवाह नगरी मौसूफ सरकार सदा कार्यरत रहिबक्सेको पाइन्थ्यो । एक मन्त्रीले स्वास्थ्यको लागि केही आराम गरिबक्सन बिन्ती चढाउँदा सरकारबाट— मैले "के म मर्नको डरले काम नगरौं" भन्ने हुकूम भएको थियो । मौसूफ सरकारबाट मृत्युको डर मानिबक्सेको पाइएन । मौसूफ सरकारको अन्तिम दर्शन राजदरबारमा २०२८ साल पुस महीनामा पाएको थिएँ—यस दर्शन-भेटमा मौसूफ सरकारबाट देशको लागि गृहनीतिमा बढी ध्यान दिने आग्रह व्यक्त गरिबक्सेको थियो । यी तथ्यबाट देश-उन्नतिमा मौसूफ सरकारको लगनको बोध गर्न सकिन्छ । आज विकासको यो अभिभारा मौसूफ सरकारका सुयोग्य उत्तराधिकारी श्री ५ वीरेन्द्रबाट उठाइबक्सेको छ र विकासको लागि राजनीतिको सिद्धान्त अपनाएर देशको उत्थान र देशवासीको उन्नतिको लागि परिश्रम गरिबक्सँदै छ ।

नेपालको आर्थिक विकास र आधुनिकीकरण गर्न बाटोको निर्माण, उचित भूमिसम्बन्धी व्यवस्था, तथा उपयुक्त शैक्षिक तथा आर्थिक संस्थापनहरूको आवश्यकताको बोध श्री ५ महेन्द्रमा भएको थियो र यी आवश्यकताहरूको पूर्ति गर्न मौसूफ सरकारबाट प्रयत्न भएको हो ।

मार्ग-निर्माणमा नेपालको पूर्व-पश्चिम राजमार्गलाई श्री ५ महेन्द्रबाट प्राथमिकता बक्सेर यस मार्गको निर्माणलाई राष्ट्रिय आन्दोलनको रूप बक्सियो । २०१९ साल वैशाख १ गते गैंडाकोटमा आफ्नै बाहुलीद्वारा श्रमदान गरी मौसूफ सरकारले यस कार्यको प्रारम्भ गरिबक्सियो । आज यस मार्गले महेन्द्र-राजमार्गको नाममा एक ठूलो अभाव-पूर्ति गरी राष्ट्रलाई आफ्नो सेवा प्रदान गर्न थालेको छ । यस मार्गको महत्त्व नेपालको विकासमा स्वसिद्ध छ यसैले नेपालका विभिन्न भागलाई सामाजिक र आर्थिक सम्पर्कमा निकट ल्याएको छ तथा देशभित्रको कच्चा सामान, अनाज र औद्योगिक उत्पादनको संग्रहण तथा बेच-बिखनलाई सहुलियत प्रदान गर्ने भएको छ ।

कृषि-उत्पादन बढाउन उचित भूमिव्यवस्थाको महत्त्व बुझी २०१२ साल भाद्र १७ गते नौं १३ सूत्रीय भूमिसम्बन्धी योजनाको घोषणा श्री ५ महेन्द्रबाट भएको थियो र २०२१ सालमा भूमिसुधार ऐन जारी भयो । भूमिसुधारबाट सामाजिक न्यायको अभिवृद्धि हुनाका साथै कृषि-उत्पादन बढाउन प्रोत्साहन हुने अवस्थाको सृजना भएको छ । यस भूमिसुधार कार्यलाई कार्यान्वित हुनबाट रोक्न भित्रभित्रै प्रयत्न गर्ने शक्तिशाली विरोध खडा भएको थियो र यस विरोधलाई पनि श्री ५ महेन्द्रबाट धेरै सुनिबक्सनुपर्दथ्यो । यस विरोधलाई मौसूफ सरकारबाट—"भूमिसुधार समयको माग हो—देशको उन्नतिको लागि यसको आवश्यकता छ—आज भूमिसुधार नभए भोलि हुन्छ किन हामी पछि पर्ने" भन्ने जवाफ बक्सेको थाहा हुन्छ । यसरी भूमिसुधार-विरोधीले पनि श्री ५ महेन्द्रबाट भूमिसुधार गराउने दृढ सङ्कल्प गरिबक्सेको अनुभव गरेका र मौसूफ सरकारको व्याख्याद्वारा भूमिसुधार कार्यको महत्त्व सम्झन सकेका थिए ।

जसरी शैक्षिक र बौद्धिक विकासको लागि श्री ५ महेन्द्रबाट त्रिभुवन विश्वविद्यालय, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, नेपाल ललितकला संस्था आदिको स्थापना गरिबक्सेको थियो त्यस्तै नेपालको अर्थतन्त्रको आधुनिकीकरणको लागि राष्ट्र ब्याङ्क, राष्ट्रिय बीमा-संस्थान जस्ता संस्थानहरूको पनि स्थापना गरिबक्सियो । यी संस्थानहरूको देशमा नितान्त आवश्यकता थियो—बौद्धिक, शैक्षिक र आर्थिक कुशलताको अभिवृद्धिका निमित्त आज यी संस्थानहरूले देशको विकासको गतिविधिमा महत्त्वपूर्ण भाग आफ्ना आफ्ना क्षेत्रमा लिएको पाइन्छ ।

देशको आर्थिक उन्नतिको लागि न्यायको शासन र न्यायमा समानताको पनि आवश्यकता रहन्छ । समान आधारमा सबैलाई न्याय संभव गराउन र न्यायको शासनलाई दरिलो बनाउन पुराना कानूनहरूको सुधारमा श्री ५ महेन्द्रबाट सामयिक र तीव्र ध्यान दिइबक्सेको थियो । श्री ५ सुरेन्द्रका राज्यकालमा १९१० सालमा बनेका मुलुकी ऐनहरू नेपालको बदलिएको परिस्थितिमा नसुहाउने भए तापनि २०२० सालसम्म लागू थिए । यी ऐनहरूलाई परिवर्तन भएको समयअनुकूल बनाउन पुराना भए पनि समाजमा भएका असल मान्यताहरू कायम राखी आधुनिक आवश्यकता-हरूको पनि पूर्ति गर्नु थियो जो श्री ५ महेन्द्रबाट गरिबक्सियो । यो मुलुकी ऐन नयाँ परिवर्तित रूपमा २०२० साल आश्विन २० गते लागू भयो । यो नयाँ मुलुकी ऐनबाट जातिपातिको भेदभाव र छूआछूत जस्ता सामाजिक कुरीतिको अन्त्य भयो–सबै जातिको अधिकार तथा दण्ड-सजायमा समानता आयो । यसले बाल-विवाह र बहु-विवाहको पनि अन्त्य गऱ्यो । यसबाट अमानुषिक किसिमका सजाय जस्ता चारपाटे मुड्ने र अभक्ष्य खुवाउने आदि हराउन गए । नयाँ मुलुकी ऐनले ल्याएका परिवर्तनहरू क्रान्तिकारी थिए—यसले कानूनको शासनलाई दरिलोपन दिएको छ—न्यायमा समानता ल्याएको छ र नागरिकलाई उन्नतिमा लाग्न प्रोत्साहन गरेको छ ।

देशको विकासको लागि श्री ५ महेन्द्रको अर्को देन गाउँ फर्क राष्ट्रिय अभि-यान हुन आएको छ जसले हाम्रो राजनीति-प्रक्रियालाई मात्र होइन, आर्थिक कार्यकलापलाई पनि अगाडि बढाउँदै छ । २०२४ सालमा यो अभियान राष्ट्रलाई श्री ५ महेन्द्रबाट बक्सेको हो र यसरी हामीले मौसूफ सरकारबाट संविधान मात्र होइन गाउँ फर्क राष्ट्रिय अभियानको रूपमा कार्यक्रम पाएका छौं । यस अभियानले हाम्रो राष्ट्रियता, व्यवस्था, परराष्ट्र-नीति र आर्थिक उन्नतिलाई मजबूत बनाउन योग दिएको छ । गाउँ फर्क राष्ट्रिय अभियानका स्रष्टाको रूपमा श्री ५ महेन्द्रलाई अतुलनीय राजमर्मज्ञ हामी पाउँछौं ।

राष्ट्रलाई दूरदर्शी एवं राजदर्शी श्री ५ महेन्द्रको सबभन्दा ठूलो देन पञ्चा-यती व्यवस्था हो । यो व्यवस्था प्रजातान्त्रिक छ । यस व्यवस्थामा राजा, राष्ट्रिय पञ्चायत, मन्त्री, मन्त्रिपरिषद्, न्यायपालिका र नागरिक सबैले आफ्नो कर्तव्य पालन गर्नुपर्छ । तर यस व्यवस्थाबारे चर्चा गर्नुभन्दा अघि चुनाव गर्ने तरीका, निर्दलीयता-को आवश्यकता र राजाको कर्तव्यमा केही भन्नु अनुचित हुनेछैन ।

नेपालमा पञ्चायत-व्यवस्था दलविहीन छ र यस व्यवस्थामा आमचुनाव ग्राम तथा नगर-पंचायतको स्तरमा भई त्यसभन्दा माथिको चुनाव तल्लो स्तरमा चुनिएर आएका प्रतिनिधिहरूद्वारा गरिन्छ । राष्ट्रिय पञ्चायतमा सदस्य हुन पहिले तल्लो स्तर-को चुनाव जित्दै जानुपर्दछ । साथै मन्त्री हुन राष्ट्रिय पंचायतको सदस्य पनि हुनुपर्दछ ।

यो हाम्रो पंचायती व्यवस्थाको तरीका हो, तर विभिन्न देशमा चुनाव गर्ने विभिन्न तरीका छन् । कुन तरीका बढी प्रजातान्त्रिक हो, कुन कम, सो जान्ने कुनै निश्चित मापदण्ड तयार हुन सक्तैन । आम चुनावमा देशभरको कुल मतदानमा ४० प्रतिशत मतदान पाउने दलको एक उम्मेदवार पनि विजयी हुन नसकेको दृष्टान्त पनि छन् । कुनै देशमा यसरी ४० प्रतिशत मतदान पाउने राजनीतिक दलले ४० प्रतिशत सीट नै विधान-सभामा प्राप्त गर्दछन् । यी दुई प्रथामा कुन ठीक हो सम्बन्धित देशकै नियमले तय गर्दछ । त्यस्तै दुईभन्दा बढी उम्मेदवार भए कुल मतदानको आधाभन्दा कम भोट पाउने उम्मेदवार पनि बिजयी घोषित हुन्छ । यो पनि सम्बन्धित देशको नियमले नै तय गर्दछ किनकि कुनै देशमा यस्तो परिस्थितिमा नियममुताबिक फेरि चुनाव हुन्छ ।

यी सबै कुराहरू निहालेर हेर्दा हाम्रो व्यवस्थामा चुनावको लागि आफ्नो देशलाई उपयुक्त हुने नियम बनेको छ । हाम्रो तरीका कम खर्चिलो मात्र होइन, यसले मतदाताको लागि उम्मेदवारको निकटतम परिचय पनि संभव गराउँछ ।

प्रजातान्त्रिक प्रणालीमा राजनीतिक दलहरूको आवश्यकता छ वा छैन भन्ने-तर्फ विचार गर्दा पनि दलीय व्यवस्थाको अनुभव नभएका विकासशील देशहरूमा यो अफाप सिद्ध भएको पाइन्छ । धेरै वर्षको संघर्षले संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका जस्ता देशहरूमा दलहरू जनजीवनको अंग भएका छन् । ती दलहरूको जरा मजबूत छ—उनीहरूको परम्परा पुरानो छ । ती देशहरू विकसित र धनी छन् । यी सबै कुरा हुँदा हुँदै पनि शक्ति र दलीय स्वार्थको लागि काम हुँदा ती देशहरूमा अव्यवस्था हुन गएको हालैको इतिहासबाट देखा पर्दछ । विकासशील देश-हरूका केही नेताहरूले पनि दलगत स्वार्थी कार्य-परम्पराबाट संतुष्टि प्राप्त गर्न नसकी निर्दलीय व्यवस्थाको माग गरिरहेको हामी पाउँछौं । २०१७ सालअघि धेरै दलहरूको निर्माण र ती दलहरूको कार्यले गर्दा भोग्नुपरेको अव्यवस्था नेपालले भुल्न सक्तैन । यी सबै कुरावाट स्पष्ट हुन्छ—नेपालको लागि उपयुक्त व्यवस्था श्री ५ महेन्द्रबाट बक्सनुपर्‍यो । यस सम्बन्धामा डा० तुलसी गिरीको राय जान्नु उचित हुनेछ । उहाँले भन्नुभएको छ— "२०१७ साल पौष १ गते श्री ५ महेन्द्रबाट चालिबक्सेको कदम ऐतिहासिक थियो– कारण २०१३ सालदेखि नै एकदलीय, सर्वदलीय र निर्दलीय सर-कार मात्र होइन तर आम चुनावमा निर्वाचित प्रतिनिधिहरूलाई पनि देशको सत्ता सुम्पेर श्री ५ महेन्द्रबाट सबैका कार्यको विश्लेषण गरिबक्सियो, देशको परिस्थिति अझ बिग्रँदै थियो, दुःखी जनताको करुण क्रन्दन बढ्दै थियो जसले गर्दा मौसूफ सर-कारबाट विकल्प सोच्नु जरूरी पर्‍यो ।" डाक्टर गिरीको विचारमा त्यो विकल्प निर्द-लीय पंचायती व्यवस्था थियो ।

२०१७ साल पौष १ गते श्री ५ महेन्द्रबाट देशहित र जन-आकांक्षाअनुकूल देशलाई प्रत्यक्ष नेतृत्व बक्सियो । पौष १२ गते आफ्नै अध्यक्षतामा निर्दलीय राष्ट्रिय सरकारको गठन गरी पौष २२ गते मौसूफ सरकारबाट नेपाललाई उपयुक्त हुने प्रजा-तान्त्रिक पंचायती व्यवस्था लागू गर्ने जनताका नाममा सन्देश बक्सियो जसको फल-स्वरूप २०१९ साल पौष १ गते नेपालको संविधान प्राप्त भयो ।

संविधान प्रजातान्त्रिक भए पनि सरकारको व्यवहार अप्रजातान्त्रिक हुन सक्तछ तर नेपालमा राजा र प्रजा सबैको लागि जीवन पद्धति नै प्रजातान्त्रिक छ । नेपालीको यो राष्ट्रिय व्यवहार हो । भाइचारा, आपसी सहयोग, समानता, न्याय, सहिष्णुता, सक्रियता, सजगता, ईमानदारी र अनुशासन प्रजातन्त्रका लक्षण हुन् जुन नेपाली समाजमा विद्यमान छन् । त्यसैले हाम्रो संविधान र व्यवस्था मात्र होइनन् संविधानको कार्यान्वयन पनि प्रजातान्त्रिक छ । संसदीय व्यवस्था भएका कैयौं पूर्वी र पश्चिमी देशका विद्वान्हरू आफ्ना देशहरूमा अव्यवस्था भएको समयमा अधिकार भए तापनि उनीहरूका राष्ट्राध्यक्षहरूबाट त्यसलाई रोक्ने कारवाही भएन भनी पिरोलिएका पाइएको छ । नेपाली जनताको माग पनि यही थियो--देशमा अव्यवस्था फैलिन लाग्यो र देशको स्वतन्त्रतामा आँच आउन लाग्यो, राजाले आँखा चिम्लन हुन्न । जनताको यही इच्छा र आकांक्षाको बोध गरी श्री ५ महेन्द्रबाट हुकूम भएको पाइन्छ—"मेरा पनि कर्तव्यहरू छन् । ती हुन् देशको सार्वभौमिकता, राष्ट्रियता र देशको तथा जनहितजस्ता कार्यहरूको संरक्षण गर्नु ।" राजाका यी कर्तव्यहरूलाई पनि हामी हाम्रो प्रजातन्त्रको मूल आधार मान्दछौं ।

कसैले प्रश्न गर्न सक्तछ— श्री ५ महेन्द्रबाट बक्सेको पंचायती व्यवस्थाको सिद्धान्त के हो ? यस प्रश्नको उत्तर पाउन केही विद्वान्हरू पनि अलमलिएको भेटिन्छ' श्री ५ महेन्द्रबाट बक्सेको भाषण र लेखिबक्सेका कविताहरू पढेमा थाहा हुन्छ—मौसूफ सरकारको लागि पंचायत र प्रजातन्त्र पर्यायवाची शब्द थिए । मौसूफ सरकारबाट पंचायती पद्धति र संसदीय व्यवस्थालाई विरोधार्थक मानिबक्सेको देखिन्छ । वास्त-वमा यी दुवै विचार सही छन् त्यसले पञ्चायती व्यवस्था प्रजातान्त्रिक व्यवस्था हो तर संसदीय व्यवस्था होइन । प्रजातन्त्र जुन सिद्धान्तमा आधारित छ त्यही सिद्धा-न्तमा पञ्चायती व्यवस्था पनि आधारित छ । त्यसैले पञ्चायती व्यवस्थाको लागि सिद्धान्तको खोजी गर्नु निरर्थक छ । हामीले प्रजातान्त्रिक सिद्धान्तकै आधारमा राजाको नेतृत्व, राष्ट्रियता, चुनावको परिपाटी, निर्दलीयता आदि अपनाएका छौं । पञ्चायती व्यवस्थामा जनताद्वारा छानिएका प्रतिनिधिहरूको सरकारले बहुजनहिताय बहुजनसुखाय शासन गर्दछ । यस व्यवस्थामा मन्त्रीहरूको कार्य सतर्कताका साथ हेर्ने र ऐनहरू बनाउन व्यवस्थापिका रहेको छ र स्वतन्त्र न्याय-पालिकाको स्थापना पनि

भएको छ । राजाका पनि आफ्ना कर्तव्य छन् । यी सबै राज्यका आवश्यक संस्थापनहरू छन् र यिनीहरूको सफल कर्तव्यपालन नै प्रजातन्त्रको सफल कार्यान्वयनमा संभव रहन्छ । यसैबाट पंचायती व्यवस्थाको सिद्धान्त र प्रजातन्त्रको सिद्धान्त एकै हुन् भन्ने बोध गर्न सकिन्छ । श्री ५ महेन्द्रबाट नेपालको हित र आफ्नो भलाइको लागि प्रजातन्त्रलाई कार्यरूपमा सफलतापूर्वक परिणत जनताले गर्न सकून् भन्ने उद्देश्यले नेपाली योग्यता, नेपाली परम्परा, नेपाली वातावरणको अनुकूल नेपाली भूमिमा फाप हुन सक्ने पञ्चायत-पद्धति हामीलाई बक्सेको हो । नेपालको लागि श्री ५ महेन्द्रको यो मौलिक र महत्त्वपूर्ण देन हो । मौसूफ सरकारको यस देनले गर्दा आज यस देशका कुना-कुनासम्म प्रत्येक गाउँमा ठूलो परिवर्तन दृष्टिगोचर हुन्छ । स्थानीय जनताको जीवनमा स्पन्दन, उत्साह र उमंग भेटिन्छ किनकि पहिले जुन कार्यहरू गराउनको लागि उनीहरूलाई जिल्लाका अड्डा र अदालतमा जानुपर्दथ्यो आज ती सबै कार्यहरू आफ्नै गाउँमा आफू जस्तै आफूले छानेका प्रतिनिधिद्वारा भएको उनीहरूले पाउँछन् ।

प्रजातन्त्रबारे २०१८ साल मंसीर ३ गते पोखराको पार्थी-बाँधको उद्घाटन समारोहमा श्री ५ महेन्द्रबाट हुकूम भएको थियो — "म सदैव त्यही प्रजातन्त्र चाहन्छु जसलाई हामीले ठीक तरीकाले अपनाउन सक्छौं, जसबाट देशको रक्षा होस्, बहुजन सुखी र समृद्धिशाली बनून्, ठीक प्रजातन्त्र त्यही हो, यस्तै प्रजातन्त्रको लागि म सधैं तत्पर र इच्छुक छु एवं रहनेछु र यस्तै सच्चा प्रजातन्त्रका निमित्त सधैंको झैं देशप्रेमी नेपाली मात्रको सहयोगले जे गर्नुपरे पनि हिचकिचाउँदिनँ, यसमा कोही भ्रममा नपरून् ।

"देशको शासन-संचालन लोक-सम्मतिको आधारमा होस् तथा जनतालाई शासन-व्यवस्थामा सर्वाधिक मात्रामा सम्मिलित गराएर प्रजातन्त्रको बास्तविक लक्ष्य पूरा गर्न सकियोस्—" भन्ने मौसूफ सरकारको उद्देश्य पूर्ति गर्न र "देशको माटोमा जरो हालेको र देशको हावा-पानीमा हुर्किन र बढ्न सक्ने व्यवस्थाद्वारा मात्र संभव छ भन्ने देशले अनुभव गरेकोले" नेपालको संविधान प्रदान गर्दै २०१९ साल पौष १ गते श्री ५ महेन्द्रबाट हुकूम भएको थियो—"पञ्चायती व्यवस्थाबाट शासनको प्रत्येक स्तरमा जनतालाई सम्मिलित गराएर तह-तहमा अधिकारको प्रत्यायोजन गरी एउटा विकेन्द्रित शासन-पद्धति स्थापना हुनेछ । 'यसअन्तर्गत देश-निर्माणको महान् अभिभारा पार्टी वा दल विशेषमाथि नभई जन–साधारणमाथि पर्न जानेछ । फलस्वरूप, देशमा जागरूक-चेतनायुक्त र आफ्नो उत्तरदायित्वको अनुभव गर्ने समाजको स्थापना हुनेछ र नेपाली-

हरूको दृढ एकता तथा सर्वोत्तम हित र सर्वतोमुखी प्रगतिको एक बलियो आधार बन्न जानेछ भन्ने हाम्रो अटल विश्वास छ।''

नेपालको लागि निर्दलीय पञ्चायती व्यवस्था विकल्परहित व्यवस्था हो भनी राष्ट्रिय पञ्चायतद्वारा पारित भएको छ, र यसको विरुद्ध काम गर्ने अधिकार कुनै नागरिकलाई प्राप्त नहुनु स्वाभाविक ठहर्दछ किनकि संविधानमा आस्था र यसका मूल सिद्धान्तहरूको संरक्षण जुनसुकै व्यवस्थामा पनि आवश्यक मानिन्छ।

संक्षिप्तमा भए पनि पञ्चायती व्यवस्था र यससम्बन्धी केही मूलभूत तात्वहरूमा केही आवश्यक देखेका कुराहरू भन्ने प्रयत्नमा मैले बढी समय लिएँ। कारण श्री ५ महेन्द्रवाट बिग्रँदो परिस्थितिबाट देशलाई बचाउन निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना गरेर जो आफ्नो देशप्रेम, राष्ट्रियता, लगनशीलता, धैर्य, साहस र बुद्धिमत्ताको परिचय बक्स्यो त्यो उच्चकोटिको थियो। निर्दलीय पञ्चायत व्यवस्थाको स्थापना एक क्रान्तिकारी कार्य मानिएको छ। यसको स्थापना श्री ५ महेन्द्रको कुशल राजनीति र दूरदर्शिताको अनुपम उदाहरण हो। 'आज निर्दलीय पञ्चायती व्यवस्था नेपाली जनजीवनको अंग बनेको छ र यसैको रंगमा हाम्रो प्रजातान्त्रिक व्यवहार भिजेको छ। यसैमा देशको सर्वोपरि हित निहित छ र यही निर्दलीय पञ्चायती व्यवस्थाको परिचालनमा देशको भविष्य उज्ज्वल रहनेछ भन्ने राय डा० तुलसी गिरी र अन्य धेरै पञ्चहरूले व्यक्त गरेका छन्।

परराष्ट्र-नीतिको सफल कार्यान्वयनको लागि उन्नतिशील गृहनीतिको सफल कार्यान्वयन आवश्यक रहन्छ। श्री ५ महेन्द्रबाट निर्दलीय पंचायती व्यवस्थाको स्थापनाद्वारा देशको स्थिरता र विकास सम्भव गराइबक्सिनुका साथै परराष्ट्रसम्बन्धको विकासमा पनि प्रयत्नशील रहिबक्सियो। २००७ सालमा भारत, चीन र अंग्रेजहरूसँग सम्पर्क भएको नेपालले अरू देशहरूको सम्पर्कबाट सकेसम्म आफूलाई र जनसाधारणलाई अलग्ग राख्ने नीति लिएको पाइन्छ। २००७ सालपछि पनि देशभित्रका विकट समस्याहरूको समाधानमा लाग्नुपरेकोले यसतर्फ बढी ध्यान दिने समय पाउनुअगाडि नै श्री ५ त्रिभुवनको असामयिक स्वर्गारोहण भयो। २०११ सालमा श्री ५ महेन्द्रको राज्यारोहण भएपछि परराष्ट्रसम्बन्धी नीतिको विकासले बढी ध्यान पाउन लाग्यो।

श्री ५ महेन्द्रबाट विभिन्न राष्ट्रहरूसँग सम्पर्क र सम्बन्धमा अभिवृद्धि मात्र गरिबक्सेको होइन देशलाई उपयुक्त हुने परराष्ट्रसम्बन्धको निर्माणलाई नीति र आधार पनि बक्सियो जो अति नै मूल्यवान्, सही र सार्थक मानिएका छन्।

एशियाका दुई विशाल देशहरू भारत र चीनका बीचमा नेपाल रहेको रो यसका अन्य छिमेकीहरूमा बंगलादेश, बर्मा, श्रीलङ्का, पाकिस्तान तथा अफगानिस्तानकन

नाम हामी लिन सक्छौं । यी सबै देशहरूसँग नेपालको नजीकको सम्पर्क रहेको छ । तर भारत र चीनसँगको सम्पर्क सदियौं पुरानो र अझ अरू नजीकको छ । यी दुई छिमेकीहरूसँगको सम्बन्ध बढी सम्पर्कबाट मात्र होइन आर्थिक दृष्टिबाट पनि महत्त्वपूर्ण छ । तसर्थ यी दुवै देशहरूसँगको नेपालको सम्बन्धलाई परिवर्तित समय र परिस्थितिको अनुकूल पारस्परिक हितको लागि बढी लाभदायी बनाउनेपट्टि श्री ५ महेन्द्रबाट विशेष अभिरुचिका साथ आफूलाई संलग्न राखिबक्सियो र अरू छिमेकी राष्ट्रहरूसँगको सम्बन्धलाई पनि सुदृढ गर्ने र बढी मैत्रीपूर्ण बनाउने प्रयत्न गरिबक्सेको थियो । एशियाका अरू देशहरूसँग पनि सम्बन्ध कायम गर्ने र उनीहरूसँगको सम्बन्धलाई सहयोगपूर्ण तथा सुमधुर राख्ने मौसूफ सरकारको प्रयास रह्यो । यही प्रक्रियाले क्रमशः एशिया, यूरोप, अफ्रिका र संसारका अन्य भागका धेरै देशहरूसँग नेपालको सम्बन्ध श्री ५ महेन्द्रबाट आफ्नो शासनकालको केही समयभित्रै बढाइबक्सियो । यसरी सयौं वर्षअघिदेखि अन्य देशहरूको सम्पर्कबाट आफूलाई अलग राखेको नेपाललाई विश्वको प्रकाशमा ल्याउन श्री ५ महेन्द्र सफल होइबक्सियो । नेपाल जानकारीमा आएपछि यससँग सम्पर्क र सम्बन्ध राख्न विश्वका विभिन्न देशहरू उत्सुकतापूर्वक लालायित भएका थिए । यो प्रक्रिया अझै चालू छ र आजसम्म नेपालसँग औपचारिक दौत्य सम्बन्ध भएका राष्ट्रहरूको संख्या करीब ७० पुगेको छ साथै संयुक्त राष्ट्रसंघको सदस्य-राष्ट्रको हैसियतले नेपालको मैत्रीपूर्ण सम्पर्क १५० सदस्य राष्ट्रहरूसँग कायम छ ।

यसरी विश्वमा बढेको नेपालको सम्बन्धलाई सुदृढ पार्न श्री ५ महेन्द्रबाट विभिन्न देशहरूको औपचारिक र अनौपचारिक भ्रमण गरिबक्सिन्थ्यो । भ्रमण गरिबक्सेका देशहरूको संख्या ५० को लगभग पाइन्छ । यी भ्रमणहरूमा मौसूफ सरकारबाट नेपालको परिचय दिने, अन्य मित्रराष्ट्रको इच्छा र आकांक्षा बुझ्ने, पारस्परिक सहयोगको लागि सम्भव क्षेत्र खोज्ने तथा आपसको मैत्री र समझदारीलाई संसारको बदलिंदो परिस्थितिअनुकूल नवीकरण गर्ने प्रयास हुन्थ्यो । मौसूफ सरकारको व्यक्तित्व र मौसूफ सरकारको कुशल नीतिले गर्दा ती भ्रमणहरू अति नै लाभदायी सिद्ध भएका थिए । मित्रराष्ट्रहरूका धेरै राष्ट्राध्यक्षहरू र अन्य विशिष्ट नेताहरूले पनि मौसूफ सरकारको अतिथिको रूपमा नेपाल आउने गरेका थिए । यी सम्पर्कहरू मैत्री, सहयोग र नेपालको प्रतिष्ठा विश्वमा बढाउन सहायक भएका थिए ।

नेपालको परराष्ट्र-नीतिमा श्री ५ महेन्द्रको व्यक्तित्व हामी पाउँछौं । तर श्री ५ महेन्द्रको त्यो व्यक्तित्व इतिहास, जनआकांक्षा र नेपाली समाजको मान्यताहरूलाई आत्मसात् गरेको व्यक्तित्व थियो । त्यसैले मौसूफ सरकारबाट नेपालको

परराष्ट्रनीतिलाई राष्ट्रियताको जगमा राखिबक्सेको थियो। यो राष्ट्रियताले नेपालको हित सर्वोपरि राख्ने भए तापनि अरूको हितको बेवास्ता गरी थिचोमिचो गर्दैनथ्यो, यो न्यायपूर्ण व्यवहारमा विश्वास गर्दथ्यो। नेपाल विकासशील र तुलनात्मक दृष्टिकोणबाट सानो देश भएकाले विश्वको कुनै पनि बल-नीतिबाट आफूलाई जोगाउनु, संयुक्त राष्ट्र-संघलाई यसको उद्‌देश्यपूर्ति गर्न सबल बनाउनु, विश्वमा शान्तिको अभिवृद्धि गर्नु, रोग, अशिक्षा र दरिद्रतालाई हटाउनु आदि नेपालीका आकांक्षा थिए—यी आकांक्षा पूर्ति गर्ने परराष्ट्नीति श्री ५ महेन्द्रबाट अपनाइबक्सिएको थियो।

नेपालको परराष्ट्नीतिको विकासमा श्री ५ महेन्द्रको योगदानबारे चर्चा गर्दै श्री कीर्तिनिधि बिष्टले भन्नुभएको छ—"श्री ५ महाराजाधिराज सरकारबाट बक्सेका वक्तव्यहरू अन्तर्राष्ट्रिय तनाउ घटाउन र अन्ततोगत्वा मानव जातिले सामना गर्नुपरेका समस्याहरूको ठोस समाधान हासिल गर्ने कुरामा आपसको योगदान गर्ने नेपालको सच्चा इच्छाका प्रमाणस्वरूप छन् र हाम्रो परराष्ट्नीतिको विकासका मार्गदर्शक छन्। सबै रूप र प्रकारका साम्राज्यवाद-उपनिवेशवादको नेपालद्वारा कठोर विरोध र पृथ्वीबाट उपनिवेशवाद र साम्राज्यवादका सबै चिह्नहरूको पूर्णतः समाप्ति भएको हेर्न चाहने नेपालको दृढ विचारका ती स्पष्ट प्रमाण छन्।"

परराष्ट्नीति सफलतापूर्वक कार्यान्वित गर्न धैर्य र लगनशीलताको आवश्यकता रहन्छ जो मौसूफ सरकारमा विद्यमान थिए। भारतसँगको सम्बन्ध सुदृढ़ गर्न सैनिक सम्पर्क अधिकृत र सीमाचौकी जस्ता समस्याहरू श्री ५ महेन्द्रबाट सुल्झाइबक्सियो। २०१७ साल पौष १ गते उठाइएको शाही कदमले गर्दा भारतमा बेसमझदारीको सृजना भयो जसले गर्दा नेपाल र भारतको सम्बन्धमा धक्का लाग्यो। तर यस समस्यालाई सच्चा राष्ट्रियताको आधारमा धैर्यपूर्वक दृढ़ताका साथ श्री ५ महेन्द्रबाट सामना गरिबक्सेर नेपाल-भारत सम्बन्धमा सुधार गरिबक्सियो। मौसूफ सरकारबाट चीनसँगको सम्बन्धलाई अझ मैत्रीपूर्ण बनाउन सीमासन्धि पनि सुसम्पन्न भयो। बंगलादेशले सामयिक मान्यता प्राप्त गऱ्यो। छिमेकी मित्रराष्ट्रहरू र विकसित मित्रराष्ट्रहरूबाट आर्थिक तथा प्राविधिक सहायता प्राप्त गरी विकसित कार्यमा शीघ्रता ल्याउने प्रक्रियालाई पनि श्री ५ महेन्द्रबाट प्रोत्साहन बक्सियो। तर विदेशी सहायताको उपयोग गर्दा नेपाली मान्यता तथा देशको हितमा घात पर्न नपाओस् भनी मौसूफ सरकार सदा सतर्क रहिबक्सिएको हाम्रो अनुभव थियो।

श्री ५ महेन्द्रको नीति संयुक्त राष्ट्रसंघको सिद्धान्त र उद्‌देश्यले प्रेरित थियो। मौसूफ सरकार संयुक्त राष्ट्रसंघका आदर्शहरूमा विश्वास गरिबक्सिन्थ्यो र

यसलाई मानव जातिको भविष्यको लागि सर्वोच्च आशाको प्रतिनिधित्व गर्ने संस्था मानिबक्सेको पाइन्थ्यो । साना र निर्बल राष्ट्रहरूको लागि प्रबल आधार शान्तिको प्रहरी संयुक्त राष्ट्रसंघ बन्नुपर्दछ भन्ने मौसूफ सरकारको धारणा थियो । संयुक्त राष्ट्रसंघलाई विश्वशान्तिको लागि, आर्थिक सामाजिक र सांस्कृतिक उत्थानको लागि र पीडितहरूका परित्राणको लागि अझ महत्त्वपूर्ण काम गर्न सक्षम बनाउनुपर्दछ भन्ने मौसूफ सरकारको विचार भएको देखिन्छ । संयुक्त राष्ट्रसंघमा सबै अन्तर्राष्ट्रिय समस्यामा असंलग्नताको आधारमा विनाकसैको डरमा न्याय, विश्वकल्याण र समृद्धिको लागि नेपालले विचार गर्नेछ भनी श्री ५ महेन्द्रबाट हुकूम भएको थियो । यसरी असंलग्नता नेपालको परराष्ट्रनीतिको मजबूत आधार बन्न गयो । श्री ५ महेन्द्रको दृढ़ नेतृत्वमा विश्वकल्याण र समृद्धिको लागि, संयुक्त राष्ट्रसंघमा आएका प्रश्नहरूमा न्यायको पक्ष नेपालले लिएको पाइन्छ । यसरी न्यायको पक्षमा नेपालको निर्णय पाउँदा समय-समयमा शक्तिशाली राष्ट्रहरू र छिमेकी मित्रहरू नेपालदेखि बेखुश भएका छन्—तर यी निर्णयहरू आफ्नो स्वतन्त्र विचार र कसैको डर नमानी दिएको हुनाले नेपालको अडानको उद्देश्य कालान्तरमा सबैलाई स्पष्ट भएको छ । नेपालको यो आचरणको विश्वमा प्रशंसा भएको र यसले नेपालको प्रतिष्ठा बढाउन योग दिएको छ ।

भौगोलिक परिस्थितिले गर्दा नेपालको लागि असंलग्नतामा आधारित व्यवहारको महत्त्व बोध श्री ५ पृथ्वीनारायण शाहमा नै भएको थियो । तर बीसौं शताब्दीको मध्यमा विश्वको बदलिंदो परिस्थितिले एक नयाँ रूप लियो । अमेरिका र रूसजस्ता शक्तिशाली देशहरूको दुई ध्रुवी व्यवस्थाको सृजना भएर शीत-युद्धको प्रारम्भ मात्र भएको होइन कुनै समय पनि गरम युद्ध दन्केर विश्वलाई खाक पार्ने संभावना थियो । अर्कोतर्फ धेरै साना र ठूला देशहरू स्वतंत्रता प्राप्त गरी संयुक्त राष्ट्रसंघको सदस्यराष्ट्र बन्दै थिए । यसरी स्वतन्त्रता प्राप्त गर्ने राष्ट्रहरू कुनै गूटभित्र नपरी आफ्नै नीतिमा चल्न चाहन्थे । यस परिस्थितिको सामना गरी विश्वशान्ति र सहयोगलाई सुदृढ़ पार्न बल-नीतिको गूटबाट अलग रहने र विश्व-शान्ति र सहयोगमा विश्वास राख्ने राष्ट्रहरूको २०१८ सालमा बेलग्रेडमा सम्मेलन भयो जसमा नेपाली प्रतिनिधि-मंडलको नेतृत्व श्री ५ महेन्द्रबाट गरिबक्सेको थियो । त्यसपछि असंलग्न राष्ट्रहरूको दोस्रो सम्मेलन २०२१ सालमा काहिरो, तेस्रो सम्मेलन २०२४ सालमा लुसाकामा भए । यी सम्मेलनहरूमा पनि नेपाली प्रतिनिधि-मंडलको नेतृत्व श्री ५ महेन्द्रबाटै भएको थियो । मौसूफ सरकारको स्वर्गारोहण भएपछि अल्जियर्स र कोलम्बोमा भएका असंलग्न राष्ट्रहरूको चारौं र पाँचौं सम्मेलनमा नेपालको प्रतिनिधि-मंडलको नेतृत्व श्री ५ वीरेन्द्रबाट भएको थियो । यी असंलग्न

सम्मेलनहरूमा आजसम्म नेपाली प्रतिनिधि मंडलको नेतृत्व मौसूफ सरकारहरूबाट भएकाले यिनीहरूमा मौसूफ सरकारबाट बक्सेका भाषणहरू विश्वमा नेपालको परराष्ट्र-नीतिको स्रोत मानिन्छन् । धेरै देशहरूमा यी भाषणहरूको विश्लेषण गरिन्छ र यी भाषणहरूका साथै श्री ५ महेन्द्रबाट संयुक्त राष्ट्रसंघ साधारण सभालाई २०२४ सालमा बक्सेको संबोधन पनि समावेश गरिन्छ ।

असंलग्न राष्ट्रहरूको सम्मेलनप्रति श्री ५ महेन्द्रबाट महत्त्वपूर्ण ध्यान बक्सेको थियो किनकि यो सम्मेलन मौसूफ सरकारको विचारमा शान्तिको लागि एक अभियान थियो र शक्तिशाली बाहिरी तात्वहरूबाट आफ्नो स्त्रतन्त्रतालाई सुरक्षित राख्न चाहने देशहरूको आकांक्षाको उपज थियो । मौसूफ सरकारका विचारमा असंलग्न राष्ट्रहरूको विश्वास शान्तिपूर्ण सहअस्तित्वमा आधारित थियो ।

शान्तिपूर्ण सहअस्तित्वबारे श्री ५ महेन्द्रबाट हुकूम भएको छ—"नेपाल शान्तिप्रिय देश हो। शान्ति र मित्रता हाम्रो ऐतिहासिक तथा परम्परागत सिद्धान्त भएकोले शान्तिमा संलग्न हुने दृढ निश्चय गर्दै हामीले शान्तिपूर्ण सहअस्तित्व र पंचशीलका पाँच सिद्धान्तलाई स्वाभाविकतासाथ स्वीकार गरेका छौं ।" यी पाँच सिद्धान्त हुन्—एकबाट अर्कोको सार्वभौमिकताको सम्मान, एकको अर्कोमाथि अनाक्रमण, एकको आन्तरिक मामलामा अर्कोबाट अहस्तक्षेप, पारस्परिक समानता तथा पारस्परिक सहयोग । श्री ५ महेन्द्रबाट बक्सेको नेतृत्वमा यी पाँच सिद्धान्त नेपालको परराष्ट्रनीतिका अंग भएका छन् ।

परराष्ट्र-नीतिमा श्री ५ महेन्द्रबाट भएको देनको विश्लेषण गर्दै परराष्ट्र-सम्बन्धका जानिफकार श्री यदुनाथ खनालले छिमेकी राष्ट्रहरूसँगको सम्बन्ध व्यावहारिकता र परस्पर हितको आधारमा खँदिल्याउन र विश्वको रंगमंचमा नेपालको परिचय दिलाउन श्री ५ महेन्द्रबाट अथक परिश्रम भएको हो भन्ने चर्चा गर्नुभएको पाइन्छ। उहाँको रायमा नेपालको परराष्ट्र-नीतिको स्थिरता, स्पष्टता र उत्तरदायित्वले गर्दा नेपालले सुरक्षापरिषद्मा स्थान प्राप्त गरेको थियो—नेपालको यो अन्तर्राष्ट्रिय व्यक्तित्व बनाउनमा श्री ५ महेन्द्रको नमेटिने योगदान थियो । श्री पद्मबहादुर खत्रीले पनि नेपालको परराष्ट्रनीतिमा एकरूपता तथा एकनिष्ठता देखिएकोले र सदा निष्पक्ष र शान्तिप्रिय रहेकोले त्यसको कदरस्वरूप अत्यधिक बहुमतबाट नेपाल सुरक्षा-परिषद्को सदस्यमा छानिएको हो भन्ने आफ्नो धारणा जनाउनुभएको पाइन्छ ।

यसरी श्री ५ महेन्द्रको नेतृत्वमा नेपाल निश्चित र परिपक्व परराष्ट्रनीति प्राप्त गर्न सफल भयो र पारस्परिक आदर र विश्वासमा छिमेकी राष्ट्रहरूसँग मात्र होइन, संयुक्त राज्य अमेरिका, रूस, संयुक्त अधिराज्य, फ्रान्स, जापान, पश्चिम जर्मनी

र अरू पचासौं देशहरूसँग नेपालको सम्बन्ध कायम रह्यो । आपसी सहयोग र समझदारीको वृद्धि भयो ।

श्री ५ महेन्द्र राजा र कुशल राजनीतिज्ञ हुनाका साथै कवि पनि होइबक्सिन्थ्यो । मौसूफ सरकारलाई हामी कविको रूपमा एम० वी० वी० शाहको नामले जान्दछौं । एम० वी० वी० शाहका दुई कविता-संग्रहहरू 'उसैको लागि' र 'फेरि उसैको लागि'' पुस्तकको रूपमा र अन्य कैयन् फुटकर कविताहरू नेपाली पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् । यी कविताहरूमध्ये केही नेवारी, संस्कृत, हिन्दी, अंग्रेजी, हिब्रू आदिमा अनुवाद भई प्रकाशमा आएका छन् ।

समालोचकहरूले एम० वी० वी० शाहका कविताहरूलाई चार भागमा विभाजित गरेका छन्—राष्ट्रवादी कविताहरू, प्राकृतिक सौन्दर्यसम्बन्धी कविताहरू, प्रेमसम्बन्धी कविताहरू र भक्तिरससम्बन्धी कविताहरू । राष्ट्रवादी कविताहरू र प्राकृतिक सौन्दर्यसम्बन्धी कविताहरूमा देशप्रेमको प्राधान्य पाइन्छ भने प्रेम-सम्बन्धी कविताहरू र भक्तिसम्बन्धी कविताहरूमा प्रेयसी र ईश्वरको खोजको प्राधान्य रहेको छ ।

कविले उपयुक्त ठहर गरेको भाषामा आफ्नो अनुभूति अभिव्यञ्जन गर्ने कला कविता हो । कविको यो कला जब समाजको समक्ष प्रकाशमा आउँदछ, कविको मात्र सम्पत्ति नरही यो समाजको सम्पत्ति पनि बन्न जान्छ । समाजले यसको रस लिन्छ र यसबाट आनन्द र ज्ञान प्राप्त गर्दछ । वास्तवमा अन्य कला जस्तै कविता पनि समाजकै लागि सृष्टि गरिन्छ । विनासमाजको कलाको प्रयोजन के होला र त्यसैले समाजप्रति कविको उत्तरदायित्व छैन भन्नसकिदै न । कवि र समाजको बीचमा आपसी सम्बन्ध रहन्छ । कवि र समाजको बीचको यो सम्बन्धको गहिरो बोध कवि एम० वी० वी० शाहले गरेको बुझिन्छ । एम० वी० वी० शाहले समाजको कल्याणलाई आफ्नो कवितामा सर्वोपरि स्थान दिएको पाइन्छ । एम० वी० वी० शाहका कविता एक मुट्ठी शिक्षित वर्गलाई लेखिएका होइनन्—यी कविताहरू एक करोड नेपालीको शिक्षा र मनोरञ्जनको लागि लेखिएका हुन् । तसर्थ एम० वी० वी० शाहलाई जनकवि भन्न उचित हुन्छ । एम० वी० वी० शाहका झ्याउरे, गजल र अन्य गीतहरू सर्वसाधारणले मनोरञ्जनको लागि गाउन र उनीहरूको मस्तिष्कको विकासको लागि हुन् । उहाँले लेखेका राष्ट्रवादी कविताहरूले नेपालीमा देशको गौरव सम्झने शक्ति तथा देश-प्रेम र राष्ट्रियताको अभिवृद्धि गर्न योग दिएका छन् । उहाँका प्राकृतिक सौन्दर्यसम्बन्धी कविताहरूले आफ्नो देशको सौन्दर्य, आफ्नो देशका हिमाल, बादल, पाखा-पखेरा, डाँडा-खोंच, उकाली, ओराली, वन-पर्वत, नदी-नाला,

छहरा, पनेरा र यसका निवासीहरूसँग परिचय गराई आफ्नो देशलाई प्यारो गर्न हामीलाई वाध्य गर्दछन् ।

एम० वी० वी० शाहका केही कविताहरूले मातृभूमिका वीर सन्ततिलाई आवश्यक परेपछि नहट्न तर अगाडि बढी आफ्नो छाती थाप्न आह्वान गर्दछन् । देशमा धनी र गरीबको बीचको अन्तरमा नेपाल आमा रोएकी पनि हामीले उहाँको कविताबाट अनुभव गरेका छौं, उहाँका केही कविताहरूले नैतिकता, कर्तव्यनिष्ठा, आत्मविश्वास, सहयोग, धर्म र भक्तिको जानकारी हामीलाई गराउँदछन् ।

कवि एम० वी० वी०शाहका कविताको राम्रो जानकारी गर्न उहाँका किताबहरू पढ्नु जरूरी छ—तैपनि यहाँ केही कविताहरूको चर्चा गरी उहाँका कविताहरूको सानो भए पनि एक झलक दिनु म आवश्यक ठान्दछु ।

म पहिले कविको प्रेमसम्बन्धी एक कविता लिन्छु जसको शीर्षक छ 'चाँदनी दिलको थियो ।' उहाँका प्रेमसम्बन्धी कविताहरूमा हामी प्रेयसीसँगको मिलनका सम्झनाका आँसु र प्रेयसीसँग मिलनको अभिलाषा पाउँदछौं । अब 'चाँदनी दिलको थियो' शीर्षक कवितामा कविका भावनाहरू मैले बुझेजस्तो भन्न चाहन्छु ।

कविको हृदयमा चाँदनी थियो—चन्द्रमाको आनन्दमय प्रकाश—प्रेयसीको साथमा कविले अनुभव गरेको आनन्दको मधुर उज्यालो । कविको कोमल हृदयमा किन अँध्यारो पारी त्यो गयो उनी जान्दैनन् । साथै प्रेयसीसँगको मधुर र सुखद साथ अरूलाई सानो कुरा हुन सक्छ तर कविको ता त्यो नै सर्वस्व थियो ।

कविले प्रेयसीसँगको सुखमय साथलाई सपना भन्न सक्दैनन् किनकि त्यो ता कविले अनुभव गरेकै सत्य थियो । तर कविले त्यो सुखद साथलाई विपना पनि कसरी भन्ने किनकि अब ता त्यसको सम्झना मात्र बाँकी रहेको थियो ।

प्रेयसीसँग विछोड भई एकलै भएका कवि प्रेयसीसँगका मिलनका बितेका सुखहरू सम्झी व्याकुल छन् र 'हा !' ती सुख कसले लुटी लग्यो भनी बिलौना गर्दछन् । कवि आफ्नो प्रेयसीलाई जहाँ होलिन् सन्देश पठाउन कल्पिन्छन् । त्यो सन्देश थियो कविका विरहका आँसु कसै गरे पनि रोकिन्नन् र त्यही अविरल आँसुका धारले आफ्नो प्रेयसीको लागि आफ्नो प्रणयको अन्तिम तर्पण उनी गरिरहनेछन् ।

यस कवितामा प्रेयसीविना कविले अनुभव गरेको एकाकीपनको मार्मिक चित्रण पाइन्छ । बहुतै कम र उपयुक्त शब्दहरूको प्रयोगले भावमय भाषामा यो कविता बनेको छ । यस कविता र अरू कवितामा पनि कविले कवितालाई भावले

न कि शब्द थुपारेर सिंगार्न खोजेको पाइन्छ । यो कविता वास्तवमा आठ पंक्तिको यस प्रकार छ—

चाँदनी दिलको थियो, किन अन्धकार गरी गयो,
यदि विश्वको भए तुच्छ त्यो, यस दिलको सर्वस्व थियो ।

सपना भनूँ भने पनि, यस दिलको विपनै थियो,
विपना भनूँ भने कठै ! प्रतिबिम्ब मात्र भई गयो ।

सम्झी सधैं ती बितेका चैन साथै जो थिए,
हुन्छु व्याकुल एकलो आई लुटी कसैले लगे ।

बग्छ आँसु भन्दिए, सक्तैन रोक्न कसै गरे,
प्रेमले सोही म गर्छु, अन्त्य तर्पण भन्दिए ।

अब भक्ति रससम्बन्धी कविता हामी लिन सक्तछौं । जहाँसम्म धर्मको सम्बन्ध छ, कवि एम० वी० वी० शाह हामीजस्तै सनातन धर्ममा पालिएको र बढेको हुनुपर्दछ । त्यही भावना हामी उहाँका कवितामा पाउँदछौं । 'आधार' शीर्षक कविताको प्रथम दुई पंक्ति यस प्रकार छन् :—

भगवान, मेरो तेरो सिवा छैन सहारा,
आधार मेरो तेरो सिवा छैन पराया ।

यी दुई पंक्तिबाट कविको ईश्वरमा कति मजबूत आस्था थियो र कवि कति आस्तिक थिए भन्ने कुरा स्पष्ट हुन्छ । त्यसैले हामी कविलाई ईश्वरवादी र ईश्वरमा भरोसा राख्ने व्यक्ति पाउँदछौं । यस भावनालाई अझ दृढ देखाउँदै कविको तेस्रो र चौथो लाइनले कविमा भएको भक्ति-भावना यस प्रकार व्यक्त गर्दछ :

त्यो कुन वस्तु ल्याऊँ ल्याएँ भनी चढाऊँ
जो छ सबै छ तिम्रै के ल्याऊँ र चढाऊँ ।

यी दुई पंक्तिहरूबाट कविसँग जे छन् ती सबै ईश्वरकै हुन् र आफ्ना केही होइनन् भन्ने ज्ञान रहेको हामीलाई बोध हुन्छ । अनि कविको आफ्नै जीवन छ--त्यो पनि आफ्नो हो होइन भन्न उनलाई असजिलो परेको छ । तर उनी ईश्वरलाई नै आफ्नो सर्वस्व ठान्दछन्--ईश्वर के हुन् के होइनन् सबै हुन् भन्ने उनको धारणा पाइन्छ । त्यसैले अन्तिम दुई पंक्ति छन् :

मै हुँ, हो वा होइन, मेरै छ के ठेगाना,
सर्वस्व हौ तिमी नै के हौ के होइनौ।

एम० वी० वी० शाहको अर्को भक्तिवादी कविता जसको शीर्षक छ 'शरणागतको पुकार' अझ बढी मार्मिक र गहिरो पाइन्छ। यसले ईश्वर र मनुष्यको सम्बन्धबारेमा पनि स्पष्ट गर्दछ। कवि शान्तिको लागि ईश्वरको शरणमा जान्छन्। आफ्नो भजन, बहँदो मन, नेत्रका आँसु, हृदयमा भएको भक्ति र ईश्वरबाट अलग भई आफ्नो देशमा रहेको आत्मा सिवाय अरू केही ईश्वरमा चढाउन कविसँग छैन, जे छ सो उनी ईश्वरलाई नै अर्पण गर्दछन्—शान्तिको लागि। यस कविताले हामीलाई भगवान् कृष्णले अर्जुनलाई दिएको अर्तीको स्मरण गराउँदछ—

तमेव शरणं गच्छ सर्वभावेन भारत,
तत्प्रसादात्परां शान्तिस्थानं प्राप्स्यसि साश्वतम् (१८।६२)

एम०. वी. वी. शाहको त्यस कविताको पाठ यस प्रकार छ—

मनले धाई आएँ प्रभू ! अब तिम्रै मन्दिर आएँ।
खाली हातले शान्ति आश ली गाई मन्दिर आएँ॥
अर्पणलाई जलपात्रसम्म नपाई
बहँदो मन गंगाजल साथ दुई नेत्र भरीकन ल्याएँ।

पूजालाई धूप, दीप फूलसम्म नपाई
हृदय-थालमा पुष्प ली, खाली हात म आएँ॥
भेटीलाई पनि द्रव्य केही नपाई।
तिम्रै धन यो साथ छुटेको जीवन भेटी चढाएँ॥

एम० वी० वी० शाहका कविताहरूमा व्यक्त भएका राष्ट्रवादी भावना र देशवासीप्रति भएको प्रेम र देशवासीप्रतिको विश्वासले हाम्रो हृदय द्रवित नगरी रहन सक्तैन। ती कविताहरूको विस्तृत चर्चा यहाँ सम्भव नभए तापनि केही उद्धृतांशहरू उदाहरणको लागि पेश गर्दछु—

हे वीर ! हिंड अघि सरी, नहटाई पाउ रती भरी,
यो मातृभूमि—नेपालको भई वीर पराक्रमी सन्तति।

× × ×

गर्छिन् पुकार आमा रोई कराई जोडले
होइन मेरो भन्छिन् सन्तान थरी थरीका।

\+ + +

भाषा, भाषी अनेक हामी,
जात भात जे भन्छ छँदै छ।
छौं, तर—नेपाली सब
चन्द्र-सूर्य ध्वजाकै मुन्तिर
आऊ बनाऔं साथ मिलेर
भोलिको यो हाम्रो नेपाल।

\+ \+ \+

मरयो ज्यूँदै त्यो, जसले बिर्स्यो देशको माटो
बाँच्यो सधैं त्यो, जसले सम्झ्यो देशको माटो

\+ \+ \+

सुखदुःख हाम्रो हामी नै
आपस-आपसमा बाडौंला।
जुन देशमा जन्म्यौं हामी
त्यसैको लागि मरौंला

× × ×

ज्यू, धनभन्दा स्वदेश प्यारो नेपाली ठान्दछौं।
सूर्य र चन्द्र अंकित झण्डा उचाली राख्नेछौं॥

त्यस्तै प्रकृति वर्णनसम्बन्धी कविताहरूका केही उद्धृतांश उदाहरणका लागि पेश गर्दछु, जसबाट स्वदेशको सौन्दर्य-गौरवको पनि हामीलाई अनुभव हुन्छ।

तितरी पंखी बादलमाथि, सुनौला साँझमा
बगेको खोला कल कल गरी, जुनेली रातमा
यता र उति हरियो डाँडा निर्मल झरना
रूपौला रंग टाकुरो उच्चा क्या राम्रो हिमालमा।

कहीं छ सेतो, कहीं छ रातो पोतेको घरैमा,
गाई र भैंसी बाँधेको बारी, हरियो पाहाडमा।

झकमक गोरेटो बाटो
हुन्छ जहाँ लालपात फुलेर
बग्छ खोलो, नदी र नाला
हृदय नै सङ्लो पारेर

अति मीठो हिमाली हावा घमाइलो बाटो छ पाखोमा
हरियो छ घारी र बारी, रमाइलो रसिलो माटोमा ।

एम० वी० वी० शाहका कविताहरू खास गरी गीतहरू पढ्दा शब्दहरूको चयन र लालित्यले हामीलाई आफ्नै लोक-गीत र नेपालीपनको झल्को दिन्छन् । यस्ता केही शब्दहरूको चयन यस प्रकार छ : आकाशका नौ लाख तारा, ए रानी चरी, जूनको छायाँ, बारुली कम्मर, गाजलु आँखा, नमरी बाँचे, हिमाली हावा, सुसाएको खोला, तितरी पंखी, घमाइलो बाटो, कलिलो माया, नौरंगी डाँफे इत्यादि ।

शब्दहरूको छनोट र बहुतै कम तर आवश्यक शब्दहरूको मात्र प्रयोग भएको हुनाले शैली संक्षिप्त, चुटकिलो र मार्मिक लाग्दछ, जस्तो—

निर्मल नीलो आकाश झैं
हाम्रो माया विशाल होस् ।
देशको लागि इमान्दारीपूर्वक
मरिमेट्ने निस्स्वार्थ साथीलाई
मिल्दो मौका पाए आज जीवनै दान हुन्थ्यो ।

× × ×

स्वदेशको फल तीतै पनि, मीठो मानेर चाख्दछौं ।
परदेशको सुखभन्दा ता, स्वदेशको दुःख सहनेछौं ॥
अनुशासन र देशभक्ति, इमानदारी र वीरता
यी नै हुन्, नेपाली गहना, न्याय, निष्पक्ष, एकता ।

एम० वी० वी० शाहका कविताहरूमा नेपाली समालोचकहरू र विदेशीहरूले पनि धेरै गम्भीर टीका-टिप्पणी गरिसकेका छन् । उहाँका कविताहरूमा एक उच्च-कोटिको कविता 'छोडेको वास' पाइन्छ । जसमा कविको पर्यवेक्षण र निरूपण गर्ने शक्तिको परिचय मात्र होइन कविको आफ्नो अनुभूतिलाई मार्मिक शैलीमा व्यक्त गर्ने क्षमता भएको हामी पाउँछौं । 'यौटा मशीन', 'रारा कि अप्सरा' पनि कविका उत्कृष्ट रचनाहरूमा पर्दछन् । कविका भजनहरू भक्तिभावले पूर्ण छन् भने प्रेमसम्बन्धी कविताहरू कोमल भावनाले ओतप्रोत छन् । कविका देशप्रेमसम्बन्धी र राष्ट्रवादी कविताहरूले हामीहरूको जीवनमा महत्त्वपूर्ण प्रभाव पारेका छन् र देशको लागि काम गर्न हामीलाई अग्रसर गर्दछन् ।

श्री ५ महेन्द्रबाट नेपालको लागि गरिबक्सेका केही महत्त्वपूर्ण कार्यहरूको संक्षिप्त चर्चा भयो । अब प्रश्न उठ्दछ श्री ५ महेन्द्रको व्यक्तित्वको ।

श्री ५ महेन्द्र दूरदर्शी र कुशल राजमर्मज्ञ होइबक्सिन्थ्यो भन्ने कुराको चर्चा पहिले नै भैसक्यो । यसको अतिरिक्त श्री ५ महेन्द्रलाई दृढ, परिश्रमी तथा कर्तव्य-परायण हामीले पाएका थियौं । देशप्रति मौसूफ सरकारको प्रेम र देशवासीमा विश्वास अगाध थियो । देश र देशवासीको भलाइ र भविष्यको लागि मौसूफ सरकार सदा चिन्तनशील होइबक्सिन्थ्यो । मौसूफ सरकारमा अरूका कुरा सुन्न सक्ने शक्ति थियो । देशको राजनीतिमा लागेका व्यक्तिहरूसँग मौसूफ सरकारको अति नै निकटतम सम्बन्ध रहेको र मौसूफमा उनीहरूको विश्वास रहेको पाइन्थ्यो । मौसूफमा प्रशंसनीय साहस, धैर्य र लगनशीलता भएको हामीले अनुभव गरेका थियौं । मौसूफबाट काम गर्न खोज्नेलाई मौका बक्सिन्थ्यो । आफ्ना परिवारका सदस्यहरूप्रति मौसूफ सरकारको वात्सल्यको प्रशंसा पनि नगरी रहन सकिन्न । आफ्ना बालकहरूको पालन पोषण, शिक्षा, तालीम र अन्य आवश्यकताहरूको प्रबन्ध अति नै उत्तम तरीकाबाट गरिबक्सेको र समयमै व्रतबन्ध, विवाह आदि पनि सुसम्पन्न गराइबक्सिएको थियो ।

राणा-शासनको समयमा हुर्कि-बढिबक्सेको हुनाले श्री ५ महेन्द्रलाई औपचारिक रूपले शिक्षा प्राप्त गर्ने अवसर मिलेको थिएन । बुबाज्यू श्री ५ त्रिभुवन-बाट दरबारभित्रै श्री ५ महेन्द्रलाई नेपाली, अंग्रेजी र संस्कृत भाषाहरूको ज्ञान गराइबक्सेको हो । तर सिक्ने र संसारलाई जान्ने तीव्र जिज्ञासा श्री ५ महेन्द्रमा विद्यमान थियो । तसर्थ पुस्तकहरू प्राप्त गरी संसारलाई जान्ने व्यक्तिगत प्रयास मौसूफबाट भयो । यसरी आफ्नै प्रयत्न परिश्रमले श्री ५ महेन्द्रबाट शिक्षा प्राप्त गरिबक्सेको हो । श्री ५ महेन्द्रको हृदय बचपनदेखि नै कोमल थियो र कोमल भावहरूले भरिएको थाहा हुन्छ । त्यसैले मौसूफमा गीत गाउने र आफ्ना भावहरू कवितामा राख्ने इच्छा भएको पाइन्छ र आफ्नै परिश्रमले संगीतको ज्ञान र कविता-हरू रचना गर्ने प्रयास गरिबक्सियो । गीत गाउन र कविताको रचनामा पनि कुनै व्यवस्थित मार्ग-दर्शन अरूबाट मौसूफ सरकारले पाइबक्सेको थिएन, यी दुवै विषयमा मौसूफ सरकारबाट प्राप्त गरिबक्सेका सफलताले मौसूफ सरकारमा विद्यमान दृढता र लगनशीलताको हामी बोध गर्न सक्छौं ।

श्री ५ महेन्द्र निर्मल राष्ट्रवादी होइबक्सिन्थ्यो र अरू राष्ट्रहरू र नेपालको पनि आफ्नै अधिकार र कर्तव्य छन्, आफ्नै खूबी, परम्परा छन् र आफ्ना मान्यता छन् भन्ने कुरामा विश्वास राखिबक्सिन्थ्यो ।

मलाई थाहा भएअनुसार श्री ५ महेन्द्रबाट गरिबक्सेका केही कार्यहरूमा चित्त नबुझी केही पंचहरूले मौसूफ सरकारको दर्शन-भेट माग्दथे र दर्शन-भेटपछि मौसूफबाट

गरिबक्सेका कार्यको समर्थक बन्दथे। यो सबै मौसूफको सहृदयता र देश-हितका प्रेरणाले भएका कार्यहरू भएकाले सम्भव हुन्थ्यो। मौसूफमा "आज हामी सबै मिली आफ्नो देश बनाऔं" भन्ने आग्रह थियो र देशहितको कार्यमा मौसूफ आफूलाई संलग्न राखिबक्सिन्थ्यो। वास्तवमा श्री ५ महेन्द्रले आफ्नो जीवन देशको लागि हो भनी ठानिबक्सेको थियो। "म नबाँचे पनि देश बाँचोस्" भन्ने भावनाले प्रेरित होइबक्सिन्थ्यो।

## केही मुख्य सहायक पुस्तक र लेखहरू

१. श्री कीर्तिनिधि बिष्ट—नेपालको परराष्ट्र-नीतिको विकासमा श्री ५ महेन्द्रको योगदान–अर्पण, जेष्ठ ३०/२०२६ प्रकाशक: श्री ५ को सरकार, सूचना विभाग

२. श्री यदुनाथ खनाल—परराष्ट्र-नीति र निर्णय–नेपाल, वर्ष १, अङ्क १ प्रकाशक—श्री ५ को सरकार, सूचना विभाग

३. डॉ० तुलसी गिरी—स्वर्गीय श्री ५ महेन्द्र—एक प्रतिभाशाली राजा महेन्द्र-स्मृति ग्रन्थ
प्रकाशक:—नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

४. श्री यदुनाथ खनाल—स्व० श्री ५ महेन्द्रको परराष्ट्रनीतिमा राष्ट्रियता, महेन्द्र-स्मृति ग्रन्थ ( ने० रा० प्र० प्र० )

५. रथी श्री पद्मबहादुर खत्री—श्री ५ महेन्द्र र नेपालको अन्तर्राष्ट्रिय व्यक्तित्व महेन्द्र-स्मृति ग्रन्थ ( ने० रा० प्र० प्र० )

६. सरदार श्री भूपालसिंह प्रधान—मेरा आँखाका सामुन्ने श्री ५ महेन्द्र महेन्द्र-स्मृति ग्रन्थ ( ने० रा० प्र० प्र० )

७. श्री एम० वी० वी० शाह—उसैको लागि ( साझा प्रकाशन )

८. श्री एम० वी० वी० शाह—फेरि उसैको लागि ( साझा प्रकाशन )

९. श्री एम० वी० वी० शाह—छोडेको वास। कविता, वर्ष २ अङ्क ३ ने० रा० प्र० प्र०

१०. श्री एम० वी० वी० शाह—रारा कि अप्सरा—साझा (त्रैमासिक) वर्ष २ अङ्क ५, ६, ७,

११. श्री शरद्कुमार भट्टराई—'उसैको लागि' र "फेरि उसैको लागि" को एक अध्ययन

१२. श्री ५ महाराजाधिराज —( श्री ५ महेन्द्र ) बाट बक्सेका घोषणा, भाषण सन्देशहरू—श्री ५ को सरकार सूचना विभाग

( प्रवचन मिति : २०३४।९।२९।६ )

# श्री ५ महेन्द्र र नेपालको असंलग्न परराष्ट्र-नीति

—सरदार भीमबहादुर पाण्डे

## १. नेपालको परराष्ट्र नीतिको पृष्ठभूमि

नेपालको असंलग्न परराष्ट्र नीतिका निर्माता स्वर्गीय श्री ५ महेन्द्र हुन् भन्ने कुरा निर्विवाद छ। मौसूफले के कसरी नेपालको परराष्ट्र नीतिलाई असंलग्न पारिबक्सियो भन्ने कुराको यहाँ चर्चा गर्नुअघि नेपालले आदिकालदेखि कस्तो परराष्ट्र नीति अपनाउँदै आएको छ भन्ने र मौसूफको राज्यारोहण लगत्तै अघि नेपालको परराष्ट्र नीतिको कुन हाल थियो भन्ने कुराको अति छोटकरीमा उल्लेख गर्नु नीतिसंगत होला जस्तो लाग्दछ।

सन् ६०० देखि चल्दै आएको नेपाली परराष्ट्र नीतिलाई निम्न तीन कुराले विशेष प्रभाव पारेको देखिन्छ :—

(१) आदिकालदेखि नेपालीहरूको नसा-नसामा घुसेको शान्तिपूर्ण सहअस्तित्वको विचार

(२) नेपालीले आफ्नो मातृभूमिलाई मध्यस्थल ( इन्टरमिडिएट रिजन ) भनेको अर्थात् सन् ६४० देखि नेपालीहरूले दक्षिण र मध्य एशियाको बीचमा व्यवस्थित नेपालले आफूलाई उत्तर दक्षिणको धर्म, संस्कृति, व्यापारको भण्डार, संरक्षक र प्रसारक ठान्दै आएकोले, नेपालमा उत्तर दक्षिणका छिमेक-लाई आफ्नो पानी पँधेरो सम्झने परम्परा बसेको र

(३) प्राचीन कालदेखि आफ्ना उत्तर-दक्षिणका छिमेकी राष्ट्रसँग नेपाल मिली-जुली बसेको ऐतिहासिक सत्यता ।

सन् ६४० अघि प्रायः दक्षिण र त्यसपछि १७६८ सम्म उत्तर दक्षिणका दुवै छिमेकीसँग नेपालको परराष्ट्र सम्बन्ध मैत्रीपूर्ण भएको कुरामा इतिहास साक्षी छ । सन् १७६८–१७७४ मा श्री ५ पृथ्वीनारायण शाहले नेपालको असंलग्न पर-राष्ट्र नीतिको सूत्रपात मात्र गरेनन्, नेपालका निमित्त त्यो सिवाय अरू विकल्प नै छैन भनी आफ्नो दिव्य उपदेशमा ठम्याएर छाडे । त्यसपछि सन् १८४६ सम्मका नेपाली नेताले भिन्न काल र परिस्थितिमा नेपालको परराष्ट्र नीतिमा थोरबहुत थपघट गरे तापनि नेपालको अस्तित्व जोगाउन उत्तर दक्षिणका छिमेकीसँग समान चोचोमोचो मिलाउन छाडेनन् ।

सन् १८४६ देखि १९४५ सम्म राणा सरकारले परिस्थितिवश अपनाएको आफ्नो परराष्ट्र नीतिलाई भारतको अंग्रेज सरकारसँग संलग्न गरेको जस्तो देखिए तापनि, उनीहरूले सन् १९१२ सम्म चीनमा सौगात पठाउन र चीनका प्रतिनिधि-हरूको नेपालमा वेला-बखतमा स्वागत गर्दै रहे ।

सन् १९१२ देखि १९४५ सम्म भारतको अंग्रेज सरकारले तिब्बतमा आफ्नो प्रभाव जमाएकोले नेपाल जानी नजानी, मन परी नपरी भारतको प्रभाव क्षेत्रभित्र जकडिएर बस्नुपर्ने अवस्थामा पऱ्यो ।

सन् १९४५–१९५० मा नेपालको परराष्ट्रनीतिले विस्तारवादी रूप लियो । अंग्रेजी साम्राज्य अस्ताउन लागेको देखी नेपालीहरूले संयुक्त राष्ट्र अमेरिकासँग नयाँ सम्पर्क जोड्नुको साथै राष्ट्रवादी चीनसँग पुरानो सम्बन्ध जगाउने प्रयास गरेर निकै ढिलाएर राष्ट्रसंघको सदस्यतालाई आवेदन हाले । अर्थात् राणाशासनको अन्त्यकाल-तिर नेपालले भित्रभन्दा बाहिरपट्टि धेरै हेर्न थाल्यो । तर यस बीचमा घटेका विश्व-लाई नै कँपाउने खालका तीन घटना भारतको स्वतन्त्रता, चीनमा जनवादी गणतन्त्र चीन सरकारको गठन र संयुक्त राष्ट्रसंघको जन्मलाई नेपालले आवश्यक मात्रामा ध्यान दिएन । सन् १९४५ मा सनफ्रान्सिस्कोमा भएको प्रथम संयुक्त राष्ट्रसंघमा

एक स्वतन्त्र राष्ट्रको हैसियतले नेपालले भाग नलिनु र जनवादी गणतन्त्र चीनसँग सन् १९४९ मा दौत्य सम्बन्ध नजोड्नु त भारी भूल थियो ।

सन् १९४५--५० सम्म राणा सरकारले देशभित्रभन्दा बाहिर बढी हेऱ्यो भने सन् १९५१—५५ सम्म श्री ५ त्रिभुवनकालमा नेपाल बाहिरभन्दा भित्र बढी फर्क्यो । ती पाँच वर्षभरि नेपालको अधिक समय भारतसँग, चोचोमोचो मिलाउँदैमा बित्यो भने पनि हुन्छ । सन् १९५० तिर भारतले दर्शाएको "मध्य मार्ग" मा हिंडेको नेपालले सन् १९४९ पछि तिब्बतमा भारतको प्रभाव हराएको, जनवादी गणतन्त्र चीनसँग नेपालको सिमाना जोडिएको, भारतले प्रत्यक्ष र अप्रत्यक्ष तवरबाट जनवादी गणतन्त्र चीनसँग, दिन दोब्बर रात चौबर, सम्बन्ध जोड्दै लगेको, चीनले तिब्बतलाई जस्तै भारतले नेपाललाई आफ्नो प्रभावक्षेत्रभित्रको देश भन्ने ठानेको र राणाशासनको अन्त्यकालमा भन्दा बढी नेपालको कूटनीतिक सम्बन्ध बढ्न नसकेको, तथ्यको ख्याल गर्न सकेन ।

दुर्भाग्यवश नेपालले सदस्यताका निम्ति संयुक्त राष्ट्रसंघमा सन् १९४९ मा हालेको आवेदन पत्र बढ्दो शीत युद्धको कारण अस्वीकृत भयो । एक शताब्दीपछि वाक्स्वतन्त्रता पाएका नेपालीले यो नयाँ स्वतन्त्र भारतको कुरा काट्नमा प्रयोग गर्न लागे । भारतबाट नेपालीको सद्भावना–भ्रमणमा आएको संसदीय प्रतिनिधिमण्डलको विरोधमा काठमाडौंमा प्रदर्शन भयो। नेपालका कांग्रेसी नेता डा० के. आई. सिंह भागेर चीन पसे र नेपालीहरूले "भारत विरोध दिन" मनाए। नेपालको अस्तित्व जोगाउन कटिबद्ध, भारतका अन्तर्राष्ट्रियवादी नेता पण्डित जवाहरलाल नेहरू नेपालको यो ताल देखी खिन्न भए ।

नेपालभित्र राजनीतिक अस्थिरता बढ्दै गयो । रूस, अमेरिका, अँग्रेज, फ्रांस सबैले नेपाललाई भारतको प्रभावक्षेत्रभित्र परेको देश भनी अलि परबाट हेर्न थाले । सन् १९५५ सम्म चीन-भारतको बीच भाइभाइको रिस्तेदारी जोडिएकोले र नेपालको सिमाना जनवादी गणतन्त्र चीनसँग जोडिए पनि दौत्य सम्बन्ध नजोडिएकोले नेपाल पूरै भारतको प्रभावक्षेत्रभित्र परी विशेष सम्बन्धमा जकडियो । यस्तो नाजुक थियो–नेपालको परराष्ट्र सम्बन्ध श्री ५ महेन्द्रको सन् १९५५ को मार्च १३ तारीख राज्यारोहण हुँदा ।

## २. नेपालको परराष्ट्र नीतिमा नयाँ मोड

२०११ चैत्र ३० गते श्री ५ महेन्द्रको राज्यारोहण भयो । त्यसको लगत्तै अफ्रो-एशियाली राष्ट्रले बाङ्डुङ्मा तर्जुमा गरेको सम्मेलनमा भाग लिन नेपाली

प्रतिनिधिमण्डल जान पाउनु नै नेपालका निमित्त ढुंगा खोज्दा देवता मिले जस्तो भयो भने हुन्छ । त्यहाँ नेपाली प्रतिनिधिहरूले जनवादी गणतन्त्र चीनका प्रधानमन्त्री श्री चाउएनलाईसँग भेट्ने र उनीसँग विचार विमर्श गर्ने मौका पाए । यही सम्पर्कको फलस्वरूप २०१२ साल श्रावण १७ गते नेपाल-चीनको दौत्य सम्बन्ध जोडियो जुन सम्बन्ध जोडिराख्न सन् ६४० देखि नेपालको निरन्तर कोशिश जारी रहेको थियो।

त्यही साल कार्तिक ३० गते श्री ५ महेन्द्रले ३६ दिन लगाएर अधिकांश भारत भ्रमण गर्दा भारतका राष्ट्रपति, प्रधानमन्त्रीदेखि लिएर त्यहाँ साना ठूला सबैसँग विचार-विमर्श गर्न र भारतको वास्तविक अवस्थालाई नियालेर हेर्ने मौका मिल्यो । श्री ५ महेन्द्रको यो २०१२ सालको भारत भ्रमण एक किसिमले श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको १८००सालको काशी यात्रासँग सहजै तुलना गर्न सकिन्छ । दुवै महापुरुषले आफू राजा हुनासाथ भारतको वास्तविक अवस्था स्वयम् भारत गई नियालेर अध्ययन गरी, तदनुसार नेपालको परराष्ट्र नीतिको तर्जुमा गरे—पृथ्वीनारायण शाहले नेपालको दुवै छिमेकीसँग हेलमेल गरे र राजा महेन्द्रले विश्वभरिका राष्ट्रसँग पञ्चशीलको आधारमा सौहार्द्रपूर्ण सम्बन्ध राखे ।

२०१२ साल मार्ग ३० गते नेपाल राष्ट्रसंघको सदस्य भयो, जुन संगठनको सदस्य हुनलाई २००५ सालदेखि नेपाल पर्खेर बसेको थियो । २०१२ सालमा नै सम्पन्न जनवादी गणतन्त्र चीनसँगको दौत्य सम्बन्ध र राष्ट्रसंघको सदस्यताले नेपालको असंलग्न नीति अपनाउने मौकालाई ढोका खुल्यो भने हुन्छ ।

१०१२ साल मार्ग १२ गते श्री टंकप्रसादको प्रधानमन्त्रित्वमा गठन भएको मन्त्रिमण्डल नै मौसूफको जनवादी गणतन्त्र चीनसंग संबन्ध बढाउने पहिलो साधन बन्यो । २०१३ साल वैशाख २० गते सम्पन्न भएको श्री ५ महेन्द्रको राज्याभिषेकले मौसूफको नेपालको परराष्ट्र मामलाको दायरा फराकिलो गर्ने उद्देश्य पूर्ति गर्‍यो ।

नेपालको लामो इतिहासमा कहिले पनि त्यतिका राष्ट्राध्यक्ष, प्रधानमंत्री, मन्त्री र गण्यमान्य व्यक्ति काठमाडौंमा भेला भएका थिएनन् जत्तिको त्यस शुभ-राज्याभिषेकमा भए । साँच्चै भन्ने हो भने विदेशीहरूलाई नेपालको ढोका खुलेको दिन त्यही हो ।

त्यसले नेपाललाई विश्वका ३०।४० राष्ट्रका वरिष्ठ प्रतिनिधिहरूसँग विचार आदान प्रदान गर्ने मौका प्रदान गर्‍यो। विशेष गरेर चीनका उप-प्रधान मन्त्री उलानफूद्वारा, चीनको नेपालप्रतिको सही धारणा बुझ्ने सुनौला अवसर नेपालले त्यस बखत पायो ।

यही अद्वितीय मौका छोपेर श्री ५ महेन्द्रबाट आफ्नो शुभ-राज्याभिषेकको दिन प्रजालाई बक्सेको सम्बोधन भाषणमा, "परराष्ट्र विषयमा हामीले दृढतापूर्वक आफ्नो परम्पराअनुसार सबै राष्ट्रहरूसँग मित्रताको नीति अपनाएका छौं। हामी विश्वभर शान्ति र मित्रता चाहन्छौं। यसै नीतिलाई आफ्नो पथ प्रदर्शक मानेर हामी चलिरहेका छौं र भविष्यमा पनि हामीसँग सम्बन्ध भएका देशहरूसँगको मित्रता र सद्भावनालाई बलियो बनाउनेछौं। अरू शान्तिप्रिय देशहरूसँग पनि हाम्रो मित्रता बढाउने प्रयत्न हुनेछ। हामीलाई विश्वास छ, राष्ट्रसंघमा हाम्रो सदस्यताले विश्व-शान्तिको समर्थन र वृद्धि गर्ने मौका हामीलाई दिनेछ" भन्ने हुकूम हुँदै नेपालको परराष्ट्रनीतिको पूर्व रंग देखाइबक्सियो।

२०१३ सालको भाद्रमा, तिब्बतको विषयलाई लिएर, नेपाल र चीनका प्रतिनिधिहरूको बीच काठमाडौंमा भएको बैठकमा, ई. १८४९ र १९१३ सालका नेपाल चीन र नेपाल तिब्बतका सन्धिहरू खारिज गरी, पञ्चशीलको आधारमा नयाँ सन्धिमा हस्ताक्षर भयो। नयाँ सन्धिमा दुवै सरकारले उत्तिकै संख्यामा वाणिज्य दूत एकले अर्काका मुलुकमा राख्ने कुरा गरे तापनि नेपालले तिब्बतमा एक जना महा-वाणिज्य दूत, चार जना वाणिज्यदूत राख्ने र चीनले हाल नेपालमा कुनै नराख्ने कुरामा चित्त बुझाएर आफ्नो महत्ताको पहिलो प्रदर्शन गऱ्यो। १८४९ र १९१३ का सन्धि खारिज भए तापनि नेपाल-तिब्बत व्यापार चलाउने र नेपाल-चीन बीच रहिआएको पुरानो मित्रता कायय राख्ने भावना मरेन, यथास्थितै रह्यो।

यस सन्धिले चीन नेपाल दुवै खुशी भए, चीन खुशी भयो, जगतभर चर्चा चलेको सीमा समस्या समाधानमा एक छिमेकीले आफूलाई सहयोग गरेकोमा, नेपाल खुशी भयो तिब्बतमा आफ्नो परंपरागत वाणिज्य स्वार्थमा चोट नलागी चीन जस्तो महान् छिमेकी राष्ट्रसँग मित्रताको गाँठो झन् कसिएकोले। २०१३ को असौज (१९५६ सेप्टेम्बर २५ तारीख) मा नेपालका प्रधानमन्त्री, श्री टंकप्रसाद आचार्यले चीनको प्रथम औपचारिक भ्रमण गरे भारतलाई नाघेर। यस भ्रमणमा चीनले नेपालप्रति अगाध सद्भावना देखाउनुको साथै रु. ६ करोडको आर्थिक सहायता विनाशर्त प्रदान गऱ्यो र नेपालले कसैसँग डराउनुपर्दैन भन्ने ढाढस दियो। यसै वेला श्री टंकप्रसाद आचार्यले जापानको पनि अनौपचारिक भ्रमण गरे। अमेरिकाले चीनलाई छि: छि: दूर दूर गरेको, रूसले हिक्न थालेको, भारतसँग मनोमालिन्य शुरू भएको र विश्वका धेरै राष्ट्रले चीनसँग हात मिलाउन हच्केको वेलामा नेपालका प्रधानमन्त्रीले चीनको औपचारिक भ्रमण गरेकोमा चीनले अति गुण मान्नुपर्ने कारण थियो, नेपाल चीनलाई देखाउन चाहन्थ्यो, आफू भारतको प्रभाव क्षेत्रभित्र परेको छैन र पर्न पनि चाहन्न भन्ने कुरा। त्यो एक प्रकारले पुग्यो पनि।

यो थियो विश्वभर नै तनाव, रूस र चीनको बीच काटाकाट र रूस भारतको बीच साँठ-गाँठ शुरू भएको अवस्था। यसै ताका हङ्गेरी र स्वेज संकट परे। नेपालले यता जनवादी गणतन्त्र चीनसँग रोजिन्दा संपर्क बढाउनुको साथै हङ्गेरिय संकटमा रूसको र स्वेजको संकटमा ब्रिटेन, फ्रांसको विरुद्ध संयुक्त राष्ट्र-संघको मीटिङ्गमा भोट दियो। नेपालले भारतको पछि नलागेर स्वतन्त्र रूपमा आफ्नो इच्छाअनुरूप राष्ट्रसंघमा भोट खसालेको यो पहिलो अवसर थियो।

यसरी नेपालले स्वतन्त्र किसिमले आफ्नो परराष्ट्र नीति संचालन गरेको र चीनसँग संपर्क जोडी अघि बढ्न लागेको देखी २०१३ साल कार्तिकमा भारतका राष्ट्रपति श्री राजेन्द्र प्रसादले नेपालको राजकीय भ्रमणमा आउँदा 'भारतको मित्र नेपालको मित्र' भने।

२०१२ सालको वैशाखमा चीनबाट रित्तो हात फर्केका डा० के. आई. सिंहले २०१३ सालमा भारतको निजी भ्रमणमा जाँदा, त्यहाँका प्रधानमन्त्री, मन्त्रीहरू भेटी, नेपालका प्रधानमन्त्रीको चीन भ्रमण, चीनियाँ आर्थिक सहायता र नेपालको परराष्ट्र नीतिको कटु आलोचना दिल्लीमा गरे। नेपालले भारत सिवाय अरू कुनै राष्ट्रसँग बढी सम्पर्क मिलाउनु पर्ने आवश्यकता छैन भन्ने डा० के आई० सिंहको मुख्य भनाइ थियो। डा० के. आई. सिंहको निराधार आलोचना मेट्न प्रधानमन्त्री टंकप्रसाद २०१३ पौषमा औपचारिक भ्रमणमा भारत गए।

श्री ५ महेन्द्रको असंलग्न परराष्ट्र नीतिको मूल सिद्धान्त सर्वप्रथम नेपालका दुवै छिमेकीसँग सकभर राम्रो सम्बन्ध राख्ने थियो, नकि भारतलाई चिढाएर चीनलाई खुशी तुल्याउने। नेपाल चीन सम्बन्धको मात्रा बढी भयो कि भन्ने शंका गरी, २०१४ असारमा डा० के. आई. सिंह नेपालको प्रधानमन्त्री बनाइए। श्री ५ महेन्द्रले डा० के. आई सिंहलाई २०१४ मा प्रधानमन्त्री बनाउनुको एकमात्र कारण थियो नेपाल चीनको प्रभाव क्षेत्रभित्र परेको छैन भन्ने कुरा भारतलाई देखाउन। तर तीन महीना नेपालको प्रधानमन्त्री हुँदा, आवश्यकभन्दा बढी उनले भारतको गुण गाए।

चीन भारतको राम्रो मन पेट पाएका र दुवै राष्ट्रलाई नेपाल कसैको प्रभावभित्र बस्न चाहन्न र दुवै छिमेकीलाई बराबर सद्भावनाले हेर्दछ भन्ने कुरा बोध गराउन सफल भएका श्री ५ महेन्द्र २०१४ को जेष्ठ २५ गते सोभियत रूसको राजकीय भ्रमण, यूरोपका १० राष्ट्र र केनिया, पाकिस्तान र भारतको अनौपचारिक भ्रमण गरी नेपाल फर्किबक्सियो। अनि नेपालमा अमेरिका र रूसका आवासीय राजदूतावास खुले। एक देशको बाहिर जतिसुकै नाम चले पनि त्यो भित्र खँदिलो भएन भने

त्यसको अस्तित्व बचाउन असंभव हुन्छ भन्ने तथ्य बुझेका श्री ५ महेन्द्रले अब नेपाल बाहिर भित्र दुवैतर्फ हेर्न लागे । नेपालमा आमचुनाव र नेपाली कांग्रेस पार्टीको नयाँ मन्त्रिमण्डल गठन भयो ।

२०१६ श्रावण ९ गते नयाँ संसदलाई संबोधन गर्दै श्री ५ महेन्द्रबाट हुकूम-भयो, "अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो मित्रताको संबन्ध बढ्दै गएको छ । यसलाई अझ बलियो गर्न र बढाउँदै लाने मेरो सरकारको कोशिश रहनेछ ।"

"कुनै गुटबन्दीमा नलागी तटस्थ परराष्ट्रनीति मेरो सरकारले अपनाइ-आएको छ । यही नीतिको अनुसरण गरी सबै राष्ट्रहरूसँग दोस्ती र सद्भावना कायम गर्न र शान्ति एवं मित्रताको क्षेत्रलाई बढाउँदै लाने मेरो सरकारको नीति हो । मित्रता बढ़ाउने नीतिअनुसार विभिन्न राष्ट्रहरूसँग दौत्य संबन्ध कायम गर्ने र दूतावास खोल्दै लाने पनि मेरो सरकारको इरादा छ । छिमेकी राष्ट्रहरूको मैत्री सम्बन्धलाई अझै सुदृढ गर्ने प्रयास हुनेछ । राष्ट्रसंघमा पनि यही नीतिबमोजिम हाम्रो प्रतिनिधिले काम गर्नेछ ।"

२०१६ साल श्रावणमा नेपालको औपचारिक भ्रमणमा आएका भारतका प्रधानमन्त्री श्री नेहरूले भारत चीनको बीच बढ्दो वैमनस्यको कारण पञ्चशीलमै शंका व्यक्त गर्दै टुँडिखेलको आमसभालाई संबोधन गरे । नेपाल भारतका २ प्रधान-मन्त्रीको संयुक्त विज्ञप्तिमा दुवै राष्ट्रको आन्तरिक र संघको महासभालाई संबोधन गर्दै नेपालका प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाले जनवादी गणतन्त्र चीनलाई राष्ट्रसंघको सदस्य यथाशीघ्र बनाउनुपर्दछ भन्ने कुरामा जोड दिए ।

२०१७ वैशाख ६ गते जापानमा भएको राजकीय भ्रमणमा श्री ५ महेन्द्रबाट हुकूम भयो—"वर्तमान युगमा हाम्रो आफ्नै संस्थाहरूको माध्यमबाट मुलुकलाई अघि बढाउने र जनजीवन स्तरलाई माथि उचाल्ने हाम्रो ध्येय र लक्ष्य छ । हामी कुनै देशमाथि जोरजुलूम गर्न चाहन्नौं, न त हामी कसैको थिचोमिचोमा बस्न पनि जान्दछौं । हामी सबै देशसित र खास गरेर एशियाका देशहरूसँग समानताको आधा-रमा मैत्रीपूर्ण सम्मानको साथ संबन्ध जोड्ने र बलियो गर्ने हाम्रो नीति छ । यसको विपरीत कुनै देश आफ्नो बलले उन्मत्त भएर अरूको स्वतन्त्रता र सार्वभौमिकता-माथि दबाव गर्न चाहन्छन् वा झगडा फसादमा अलमलिन खोज्दछन् भने त्यो मूर्खता र स्वार्थान्धता बाहेक अरू केही हुनेछैन भन्ने कुरामा हामी विश्वास गर्दछौं । दुई देशको सम्बन्ध दुवै देशको स्वेच्छाले र सहयोगले मात्र बलियो हुन सक्तछ । विनाआधारको एकतर्फी बकवासले मित्रताको सम्बन्धलाई बलियो पार्नको सट्टा कमजोर बनाउनेछ, यस्तो गर्ने हाम्रो नीति छैन ।"

त्यही साल वैशाख १६ गते अमेरिकी संसद्को संयुक्त सभामा श्री ५ महाराजाधिराजबाट बक्सेको संबोधन भाषणमा "हामी स्वतन्त्रताका पूजारी छौं, देशको गौरव र स्वतन्त्रता हामीलाई ज्यादै प्यारो छ। कुनै देशको डरभर नमानी हरेक अन्तर्राष्ट्रिय विषयमा कसैसित नअल्झी कुनै शक्तिविशेषको पछि नलागि, प्रत्येक कुरामा आफ्नै विचारधाराबमोजिम स्वतन्त्र तवरबाट निर्णय गर्ने हाम्रो नीति छ। संयुक्त राष्ट्रसंघमा हाम्रो रेकर्डले यस नीतिको पुष्टि गर्दछ" हुकूम भयो।

त्यही दिन नेशनल प्रेस क्लब वाशिङ्गटनमा श्री ५ बाट बक्सेको भाषणमा—"परराष्ट्र नीतिसम्बन्धी मामिलामा हामी सबैसँग मैत्री सम्बन्ध कायम गर्ने पक्षमा विश्वास राख्दछौं। हाम्रो गृहनीति प्रजातान्त्रिक तथा संवैधानिक तवरले शान्तिपूर्वक देशविकास तथा प्रगतिलाई बढ्ता टेवा दिने खालको छ। यस निमित्त हाम्रा आन्तरिक स्रोतमा मात्र भर परेको खण्डमा हाम्रो विकासको गति सुस्त हुने सम्भावना छ भन्ने हामीलाई लागेको छ। यसै कारणले मैत्रीपूर्ण देशहरूबाट आएको शर्तरहित मद्दतहरूलाई हामीले सदा स्वागत गरेका छौं" भन्ने कुरा परे।

श्री ५ महेन्द्रको अमेरिकाको राजकीय भ्रमणमा प्रकाशित भएको संयुक्त विज्ञप्तिमा अमेरिकाका राष्ट्रपतिले नेपालका राजाको सबल नेतृत्वको विशेष सराहना गरे। २०१७ सालमा नेपालको २४ राष्ट्रसँग दौत्य सम्बन्ध जोडियो। ब्रिटेन, फ्रांस, रसिया, अमेरिका, चीन र भारतको गरी पाँच आवासीय राजदूतावास नेपालमा खुले। श्री ५ महाराजाधिराजबाट ब्रिटेन, अमेरिका, रूस, भारत र जापानको राजकीय भ्रमण गरिबक्सियो। भारत, रूस, ब्रिटेनका राष्ट्राध्यक्ष तथा चीन र भारतका प्रधानमन्त्रीले नेपालको राजकीय भ्रमण गरे।

२०१७ को पौषमा भारतका प्रधानमन्त्रीले लोकसभामा नेपालउपरको आक्रमणलाई भारतले आफैंमाथिको आक्रमण सम्झन्छ भनी दिएको वक्तव्यमा नेपालका प्रधानमन्त्रीले आपत्ति जनाएकोले भारतका प्रधानमन्त्रीले त्यो आफ्नो भनाइको तुरुन्त संशोधन गरे र २०१७ को पौषमा नेपालका प्रधानमन्त्रीले भारतको औपचारिक भ्रमण गर्दा चण्डीगढमा भएको पत्रकार सम्मेलनमा नेपाल भारतबीच सैनिक सम्झौता गर्नु फजूल छ, र अब नेपाल-भारतको बीच सममैत्रीको आधारमा काम हुन्छ भने र २०१७ भाद्रमा नेपाल-भारतबीच सम्पन्न भएको, शान्ति, मैत्री, वाणिज्य र परिवहन सन्धि साबिकभन्दा धेरै बढी नेपाललाई हितकर शर्तमा संपन्न भयो।

२०१७ को शरद्ऋतुमा चीनको भ्रमण गर्न गएका नेपालका प्रधानमन्त्रीले पेकिङ्मा बोल्दा एशियामा एक राष्ट्रले अर्काको एक इन्ची जमीन दखल गरे पनि शान्ति भंग हुन्छ भन्ने नेपालको धारणा छ, भने। यो थियो नेपालको दरिलो हुँदै

आएको परराष्ट्रनीतिको सूचक स्थिति । चीनले नेपालको परराष्ट्र नीतिको समर्थन गऱ्यो । २०१७ कार्तिकमा संयुक्त अधिराज्यको राजकीय भ्रमणको सन्दर्भमा श्री ५ महेन्द्रबाट ब्रिटेनको फरेन प्रेस एसोसिएशनलाई बक्सेको भाषणमा, सबै राष्ट्रसँग समान रूपमा मित्रता कायम गर्ने हाम्रो नीति छ । हामी विश्वशान्तिको पक्षपाती छौं र अन्तर्राष्ट्रिय रूपमा देखा परेका गुटबन्दीबाट अलग रहन चाहन्छौं । हाम्रो देश सानो छ, तैपनि विश्वमा शान्ति स्थापना गर्ने काममा भरमगदूर योगदान दिने हामी नेपालीको लक्ष्य महान् छ" हुकूम भयो ।

(१) श्री ५ महेन्द्रको राज्यारोहण भएको ६ वर्षभित्रैमा ( २०११ साल चैत्र ३० गतेदेखि २०१७ पौष १ गते तक ) नेपालको परराष्ट्र मामलामा जे जति घटना घटे—बाङडुङमा भएको एशियन अफ्रिकन सम्मेलन, ३६ दिन लगाएर श्री ५ महेन्द्रको भारतमा राजकीय भ्रमण, चीन-पाकिस्तान इजराइल र रूस लगायत २४ राष्ट्रसँग नेपालको दौत्य सम्बन्ध, अमेरिका, फ्रान्स, रूस, चीनको काठमाडौंमा दूतावासको स्थापना, भारत, जापान, अमेरिका, रूस र श्रीलंकामा राष्ट्रिय र अरू धेरै देशमा श्री ५ को अनौपचारिक भ्रमण, भारत र रूसका राष्ट्राध्यक्ष, चीन-भारतका प्रधानमन्त्रीको नेपालको औपचारिक भ्रमण, विश्वबौद्ध र धेरै राष्ट्रका समाजवादी दलहरूको काठमाडौंमा सम्मेलन, नेपालका प्रधानमन्त्रीहरूको चीन, जापान, भारत, इजरायल र अमेरिकाको औपचारिक भ्रमण, श्री ५ महाराजाधिराजको शुभराज्याभिषेकमा विश्वका विशिष्ट व्यक्तिको काठमाडौंमा भेला, विभिन्न विकसित राष्ट्रबाट नेपालको पंचवर्षीय योजनामा निःशर्त आर्थिक सहायता, त्यस पाँच वर्षभित्रमा भएको अन्तर्राष्ट्रिय घटना—चीन-रूसको काटाकाट, भारत-चीनको भनाभन, अमेरिकाको चीनलाई घेर्ने नीति, भारत-पाकिस्तानको बढ्दो तनाव, यूरोपमा जोडदार शीत-युद्धमा नेपालले आफ्नो दुनो सोझ्याएको र श्री ५ महेन्द्रको आँट, दूरदर्शिता, लगनशीलता र, नेपाललाई भारतको प्रभाव क्षेत्रबाट मुक्त गर्ने पवित्र विचार—यी सब श्री ५ महेन्द्रको दरिलो परराष्ट्र नीतिका फल हुन् ।

### ३. नेपालको असंलग्न परराष्ट्र नीति फलीभूत

२०१७ साल पौष १ गतेको काण्डपछि, नेपालको परराष्ट्र नीतिले पूरै असंलग्नताको बाटो लियो, जुन बाटो हिंड्न नेपाल धेरै कालदेखि जमजमाइरहेको थियो । यसका पथप्रदर्शक स्व० श्री ५ महेन्द्रले यस बाटोमा लाग्दा बीच-बीचमा के कस्ता विघ्न-बाधाहरूको सामना गर्नुपऱ्यो र तिनीहरूलाई मौसूफले के कसरी एक एक गरी मुकाबिला गरिबक्सियो, ती सब नेपालको इतिहासमा एक उल्लेखनीय विषय-वस्तु नै बनेका छन् ।

२०१७ पौष एक गतेपछि नेपालमा सञ्चालन गरिएको परराष्ट्र नीति नेपाल जस्तै अड्चनमा पर्न आएका अरू २०।२४ राष्ट्रले पनि अपनाउन थालेका थिए। श्री विल्डन विलकीको 'एक विश्व" र एटलान्टिक चार्टरको उदारताले प्रभावित, आफ्नो अखण्ड सार्वभौमिकता राष्ट्रिय स्वार्थका हिमायती, सैनिक गुटबन्दीबाट अलग रहन इच्छुक, विश्वमा शान्तिपूर्ण सह-अस्तित्वका प्रदर्शक संसारमा जोडसँग चलेको शीतयुद्धबाट सशंकित र साम्राज्यवादका कट्टर विरोधी सर्वश्री राष्ट्रपति डा० सुकार्नो, प्रधानमन्त्री पं० जवाहरलाल नेहरू, श्री राष्ट्रपति नासीर, एन्क्रुमा र जोसेफ् टिटोहरू असंलग्न परराष्ट्रनीतिका जन्मदाता हुन्। ती क्रान्तिकारी नेताहरूले त्यस बखत विश्वमा चलिरहेको तनावबाट र गुटबन्दीबाट आफ्ना देशलाई अलग्याउन जुन नीति अपनाए, श्री ५ महेन्द्रबाट पनि नेपालमा धेरथोर त्यही नीति अवलंबन भयो।

नेपाललाई भारतको प्रभाव क्षेत्रबाट उतारेर, तटस्थ परराष्ट्र नीतिमा ढाल्ने श्री ५ महेन्द्रको इच्छा पुरानै हो भन्ने कुरा २०१२ सालदेखिन् चल्दै आएको नेपालको परराष्ट्र नीति साक्षी छ। २०१७ साल पौष २२ गते श्री ५ महेन्द्रले राष्ट्रको नाममा बक्सेको शाही सन्देशमा हुकूम भयो—"सबै मित्रराष्ट्रहरूसँग मैत्रीपूर्ण संबन्ध कायम राखी, विश्व-शान्तिको निमित्त र अन्तर्राष्ट्रिय आर्थिक सहयोगको निमित्त प्रयास गर्नु हाम्रो परराष्ट्र नीतिको लक्ष्य हुनेछ, हाम्रो परराष्ट्र नीति संयुक्त राष्ट्रसंघका चार्टरका सिद्धान्त र उद्देश्यद्वारा प्रेरित हुनेछ र कुनै अन्तर्राष्ट्रिय सामयिक गुट विशेषसँग संलग्न नभई तटस्थताको हुनेछ।" मौसूफले कस्तो ढाँचाको परराष्ट्र नीति नेपालमा अपनाउने निर्णय गरिबक्सेको रहेछ भन्ने कुरा यस सम्बोधनबाट छर्लङ्ग हुन्छ।

नेपालमा पौष १ गते संसदीय व्यवस्थाको अन्त्य भएकोमा भारत नाराज भयो। नेपाली कांग्रेसका केही नेताहरूले फेरि नेपालमा संसदीय प्रणाली लागू गरिएन भने यसो गर्दछौं र उसो गर्दछौं भन्ने धम्कीपूर्ण प्रस्ताव भारतको रक्सौलमा पारित गरे। त्यसपछि नेपालका परराष्ट्रमन्त्री २०१७ माघमा नेपालको दृष्टिकोण दर्शाउन दिल्ली र २०१८ सालको असारमा सर्वोदय नेता जयप्रकाश नारायण भारतको विचार व्यक्त गर्न नेपाल आए। दुई देशको बीच कुरा मिल्नुको बदला फाट्दै गयो—नेपालको विरुद्ध नेपालीले भारत भूमिबाट आन्दोलन मच्चाएको कारणले।

२०१८ साल भाद्र १७ गते बेलग्रेडमा भएको तटस्थ राष्ट्र शिखर सम्मेलनले श्री ५ महेन्द्रलाई नेपालले संचालन गर्न लागेकी असंलग्न परराष्ट्र नीतिको विश्वव्यापी प्रसार गर्न एक ठूलो मौका प्रदान गर्‍यो। त्यस सम्मेलनलाई श्री ५ महेन्द्रबाट संबोधन गर्दै हुकूम भयो—'मैले अहिले भर्खरै ज्यादै छोटकरीमा महत्त्वपूर्ण कुरा

केही अन्तर्राष्ट्रिय समस्याबारे नेपालको अनुभव र विचारधारा व्यक्त गरें' .....
'हामीलाई लाग्दछ, सम्मेलनको सफलता हामीले प्रयोग गरेको शब्दमा हैन हामीले गरेको काममा भर पर्दछ। हामी अझै विश्वास गर्दछौं यो सम्मेलन संपन्न भएपछि यसले धेरै लाभदायक काम गरेको सिद्ध हुनेछ। अहिलेलाई जुन उद्देश्य प्राप्तिको लागि यहाँ भेला भएका छौं शान्तिको लागि अरू सरह आवाज उठाउन चाहन्छु। शान्ति त्यस वेला मात्र संभव छ, जब एक राष्ट्रले अर्का राष्ट्रमाथि हस्तक्षेप नगर्ने सिद्धान्तलाई शब्दले मात्र हैन कि व्यवहारमा पनि प्रयोग गर्दछ। बेलग्रेड सम्मेलनमा नेपाललाई शरीक गराउनुको मौसूफको मूल ध्येय नै एक देशले अर्को देशको आन्तरिक मामलामा हस्तक्षेप गर्न हुन्न भन्ने कुरामा विश्वको ध्यान आकर्षण गर्नु थियो। त्यस उद्देश्यको पूर्ति भयो।

यसै सम्मेलनमा श्री ५ महाराजाधिराजबाट हुकूम भयो—"चीनको उचित प्रतिनिधित्वबारेको प्रश्न पनि राष्ट्रसंघको अगाडि एउटा तगारो भएको छ। हाम्रो सधैं यो राय रहेको छ कि गणतन्त्र चीनलाई राष्ट्रसंघीय सदस्यताबाट अलग राखेर राष्ट्रसंघले आफ्नो धेरै प्रभावकारिता गुमाएको छ, राष्ट्रसंघभित्र होस् वा बाहिर चीन त विश्व शक्ति नै हो। यस शक्तिलाई विश्व संस्थाबाट बाहिर राख्नु विश्व संस्थाको लागि नै हानिकारक छ र चीनको लागि रोषजनक छ।"

त्यत्रो बृहत् सम्मेलनमा चीनको समर्थक बनी, श्री ५ महेन्द्रले, एकै ढुङ्गाले दुइटा चरा मारिबक्सियो भने पनि हुन्छ—चीनलाई हात लिने र भारतलाई चेतावनी दिने। त्यस सम्मेलनमा श्री ५ महेन्द्रबाट चीनको कट्टर समर्थक बन्नाको अर्को कारण छ, त्यहीं उपस्थित भारतका प्रधानमन्त्रीलाई नेपालको लागि पनि विकल्प छ भनेर बोध गराउनु पनि हो।

२०१७ साल भाद्र १५ गते बेलग्रेडबाट सोझै श्री ५ महेन्द्र पाकिस्तानको राजकीय भ्रमणमा सवारी भयो र पाकिस्तानका राष्ट्रपतिले दिएको रात्री-भोजमा हुकूम भयो, हामी न त कसैको कुभलो चाहन्छौं, न कसैले हामीमाथि चिताएको कुभलो सहन नै गर्दछौं। सबै छिमेकी मुलुकहरूका बीच परस्परमा अनाक्रमण, क्षेत्रिय सार्वभौमिकता तथा स्वतन्त्रता, भित्री मामलामा बेदखली मैत्री तथा सहयोगका भावना, आपसको सुसम्बन्धका लागि पर्याप्त ठान्दछौं। सिद्धान्त र व्यवहारमा एकै भावना र श्रद्धा राख्नु नै आजको संसारमा विश्वशान्तिको कदम हुनेछ।" बेल्लग्रेड र रावलपिण्डीका यी दुई भाषणबाट श्री ५ महेन्द्रले असंलग्न परराष्ट्र नीति अपनाउन मसक्क आँटिबक्सेको कुरा पूर्ण साबीत हुन्छ।

बेलग्रेडबाट फर्केपछि श्री ५ महेन्द्रको ध्यान पूरै चीनतर्फ आकर्षित भयो। नेपाल चीन दुवैले सकभर चाँडो तय गर्न खोजेको सीमा सम्झौतामा हस्ताक्षर र

राजकीय भ्रमण गर्न २०१८ साल आश्विन १३ गते श्री ५ महेन्द्र पेकिङ पुगी, चीनका राष्ट्रपति भी. लु. साउचीले दिनुभएको रात्री भोजमा हुकूम भयो—"सबै-सित मित्रता, शान्ति र समानताको आधारमा सम्बन्ध कायम गर्ने र यसलाई मजबूत बनाउने नेपालको लक्ष्य छ। यस काममा ठूलो छिमेकी राष्ट्रहरूको सहयोगलाई नेपाल दिलैदेखि स्वागत गर्दछ। नेपाल कसैसित झै-झगडा र मनोमालिन्य चाहँदैन। नेपालले विश्वशान्तिका निमित्त सकेको योगदान दिँदै आएको कुरा पनि सबैलाई थाहा भएकै कुरा हो। कुनै देश वा शक्ति-गुटविशेषको पछुवा भई हिँड्ने हाम्रो इरादा छैन। हरएक सानो राष्ट्रले यही नीतिको अनुसरणबाट मात्र अन्तर्राष्ट्रिय मामलामा आफ्नो योगदान दिन सक्तछ भन्ने हाम्रो धारणा छ।"

त्यस राजकीय भ्रमणमा नेपाल-चीनबीच सीमासन्धिमा मात्र हस्ताक्षर भएन, नेपाल-चीन जोड्ने मोटर-सडकले हिमालय पार गरी नेपाल आउने सम्झौता पनि भयो। यस सम्झौताबाट नेपाल चीन दुवै खुशी हुनुपर्ने विशेष कारण थियो—नेपाल खुशी भयो, आफ्नो उत्तरको महान् छिमेकीसँग साँठोगाँठो पार्ने मौका पाए-कोले र चीन खुशी भयो, जस्तै नेपालसँग आफ्ना सबै छिमेकीसँग शान्तिपूर्ण ढङ्गबाट सीमा सम्झौता गर्न चीन तयार छ भन्ने कुरा विश्व-प्रसारण गर्ने सुनौला मौका पाएकोले। भारत र चीनको बीच सीमा विषयलाई लिएर हद खिचातानी भएको वेलामा—नेपाल-चीन बीच सीमा सम्बन्धी र सडक सम्झौता भएकोमा भारतमा ठूलो चर्चा चल्यो। फलतः भारतको भूमिबाट नेपाली कांग्रेसको नेपालमाथिको हस्तक्षेप तराई भर बढ्न थाल्यो र गर्दा गर्दा, २०१८ साल माघ ९ गते जनकपुर बम काण्ड घट्यो।

छिमेकीसँग यथाशक्य राम्रो सम्बन्ध कायम राख्नु नै असंलग्न परराष्ट्र-नीतिको पहिलो पाठ भएकोले नेपालको दक्षिणको छिमेकी विभिण्डिदै गएमा नेपाललाई अनेक विघ्न बाधा पर्न सक्ने हुँदा यथार्थवादी श्री ५ महेन्द्रले २०१९ वैशाख ५ गते, भारतको राजकीय भ्रमण गरिबक्सियो। यस अवसरमा दिल्लीको विश्वसम्बन्ध परिषद्लाई संबोधन गर्दै हुकूम भयो—"मेरो देश नेपालले भारत र अरू शान्तिप्रिय उपनिवेशवादविरोधी शक्तिहरूको उपनिवेशवादलाई संसारबाटै निर्मूल गर्ने संकल्पमय प्रयासलाई सधैं समर्थन गरेको छ ............ तटस्थताको नीति कुनै अर्को विचारधारामा आधारित छैन। वास्तवमा यस दर्शनले दुई विरोधी विचारधाराहरूको बीच सुनौला साँघुको काम गर्दछ। साम्राज्यवादी र प्रजातन्त्र देश दुई शक्ति गुटका आपसी व्यवहारमा शिष्टता कायम गर्नपट्टि हामी अवश्य बाचाबद्ध छौं र जहाँसम्म मेरो सवाल छ तपाईंका नेता श्री नेहरूको यस युक्तिको पक्षमा म छु।' जहाँ स्वतन्त्रता खतरामा पर्दछ, वा अन्यायको संभावना देखिन्छ त्यस अवस्थामा हामी न निष्पक्ष रहन सक्नेछौं, नरहने नै छौं।" नेपाल दुई महान् देशबीच अवस्थित

छ, उत्तरपट्टि चीन, दक्षिणपट्टि भारत, पहाडै पहाडको हिमाली प्रदेशको विशाल श्रृङ्खलाले गर्दा उत्तरपट्टि आवागमन बहुत कठिन छ जबकि दक्षिणपट्टि नेपाल-भारत सीमाना स्वतन्त्र र सुगम छ। नेपालको चीनसँग पनि दौत्य सम्बन्ध छ र दुइ देशमा प्रचलित राजनीतिक संस्थाहरूको असादृश्यले मात्रै नेपाल चीन सम्बन्ध मैत्रीपूर्ण र हार्दिक हुनुपर्दैन भन्ने कुनै कारण छैन। भारतसँग जस्तै नेपालको चीनसँग सम्बन्ध धेरै अघिदेखिन् अविच्छिन्न रहिआएको छ र चीनसँगको मैत्री पञ्चशीलका सिद्धान्त-हरूमा आधारित छ। नेपालको चीनसँगको सम्बन्धको हकमा कहिले चीनलाई उचाली भारतलाई पछार्ने, कहिले भारतलाई उचाली चीनलाई पछार्ने किसिमको नीति नेपालको कहिल्यै रहेको छैन।

"नेपालको र भारतको भिन्नतालाई आवश्यकताभन्दा बढाएर वा घटाएर कुरा गर्नु सजिलो छ, तर नेपाल र भारतलाई जस्ता तस्तै दृष्टिगत राख्नु धेरै गाह्रो छ किनभने त्यस्तो गर्नको लागि सहानुभूति, समवेदना, र सहिष्णुता जति सजिलो पाइन्छ, त्योभन्दा बढी परिणाममा चाहिन्छ। इतिहास साक्षी छ कि नेपाल र भारत बीच आधारभूत आध्यात्मिक मान्यताहरू आदान प्रदान भई नै रहोस् भन्नाको लागि ती दुवै स्वच्छन्दरूपले बाहिरी दबावविना विकास हुनु आवश्यक छ।"

योभन्दा प्रष्ट शब्दमा नेपालको असंलग्न परराष्ट्र नीति भारतको राजधानीमा कुनै नेपालीले पनि अघि उल्लेख गरेको थिएन न त गर्ला। नेपाल आखिर के चाहन्छ भन्ने कुरा भारतको बुद्धिजीवीमा त्यस बखत राम्रो बोध गराइयो। यसै दिल्ली यात्रामा नेपालको दृष्टिकोण प्रष्ट व्यक्त भएका पुस्तिकाहरू दिल्लीमा वितरित भए।

यति प्रष्ट रूपबाट भन्दा भन्दै पनि त्यस राजकीय भ्रमणबाट नेपाल भारतको सम्बन्ध आशा गरेजति सुध्रेन। नसुध्रनाको कारण थियो अघि २००७ सालमा श्री ३ मोहनशमशेर र नेपाली कांग्रेसको बीच खिचातानी हुँदा भारत मध्यस्थ बनी लड्डु-लडाइँमा झिल्ली झारेझैं अब पनि झार्न भारतको नीति (अर्थात् दुवै थरीलाई मिलाई आफू भाले बन्ने खालको २००७ सालको नीति २०१९ सालमा पनि भारतले अपनाउन खोजेकोले)। श्री ५ महेन्द्र दिल्लीबाट नेपाल फर्केपछि, भारत-स्थित नेपाली कांग्रेसका नेताको नेपाल सीमानामा ध्वंसात्मक कार्य घटेन। भारतसँग कुरा मिलाउन दिल्ली गएका नेपालका परराष्ट्रमन्त्री श्री हृषीकेश शाहले दिल्ली-बाट ल्याएको भारतको सुझावदेखि असन्तुष्ट श्री ५ महेन्द्रले आफ्ना परराष्ट्रमन्त्री-लाई नै बरु बदले तर भारतप्रतिको आफ्नो नीति बदलेनन्। त्यसपछि भारतका वामपन्थी नेताहरूले सीमानामा आर्थिक नाकाबन्दी गरे।

भारतले नेपाललाई यसरी पेल्न थालेको बखत २०१९ साल आश्विन १३ गते चीनका विदेशमन्त्रीले भारतले नेपालमाथि हस्तक्षेप नगरोस् भन्ने चेतावनी दिए। त्यसको केही हप्तापछि चीन भारतको सीमा-युद्ध शुरू भयो। भारतका प्रधानमन्त्रीले त्यस युद्धमा चीनको अर्घेलो देखाउँदै, नेपालसमेत राष्ट्रसंघका ११४ सदस्यलाई चिट्ठी पठाए। अरूबाट सहायता र सहानुभूति भारतलाई आयो, तर नेपाल तटस्थ र मौन रह्यो—२००७ सालको नेपाल भारत सन्धि र भारतको हालको गुहार याचनाको बावजूद पनि, यो थियो नेपालको असंलग्न परराष्ट्र नीतिको अग्नि-परीक्षा। यसमा नेपाल उत्तीर्ण भयो। साथै त्यस युद्धपछि, भारतस्थित नेपाली कांग्रेसले आफ्नो आन्दोलन बन्द गर्‍यो, नेपाल सीमानामा भारतीय आर्थिक नाकाबन्दी झिकियो र भारतका गृहमन्त्री श्री लालबहादुर शास्त्री, भारतका भूतपूर्व राजदूत श्री भगवान सहाय र डॉ० कर्णसिंहहरू नेपाल-भारत कुरा मिलाउनलाई नेपाल आए। श्री लालबहादुर शास्त्रीको औपचारिक नेपाल भ्रमणपछि, दुई देशको बीचको सम्बन्ध सन्तोषजनक भएको कुरा स्वयम् श्री ५ बाट महसूस गरिबक्सियो।

२०१७ सालदेखि उठेको नेपाल-भारत बीचको खटपट ३ वर्षपछि निकै सन्तोषजनक ढंगबाट सुध्रिएकोले, २०२० साल वैशाख ५ गते राष्ट्रिय पञ्चायतको पहिलो अधिवेशनमा श्री ५ महेन्द्रबाट बक्सेको सम्बोधन भाषणमा हुकूम भयो, "मेरो सरकारको परराष्ट्र नीतिको मुख्य ध्येय देशको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय एकता कायम राखी देशको सर्वतोमुखी विकास संसारका सबै राष्ट्रहरूको सहयोग र सद्भावना प्राप्त गरी सबै राष्ट्रहरूसँग मैत्री भाव बढाउनु छ। दुवैको (भारत-नेपाल) प्रयत्नले यस सम्बन्धमा हाल सन्तोषजनक सुधार हुँदै आएको छ। यो सम्बन्ध अझ दिगो र दरिलो होला भन्ने उमेद गरेका छौं। भूपरिवेष्ठित नेपालको लागि युगको मागअनुसार आर्थिक र व्यापारिक सम्झौतामा पनि अन्तर्राष्ट्रिय सम्झौता बढाउनु आवश्यक भएकोले हाम्रो छिमेकी राष्ट्र पाकिस्तानसित हवाइ यातायात स्थापित गर्नुको साथै व्यापार तथा पारवहन सन्धि पनि सम्पन्न गरिएको छ। यसै गरी चीनसँग व्यापार बढाउनका निमित्त काठमाडौं कोदारी राजमार्ग बन्ने भएको छ। नेपालजस्तो भूपरिवेष्ठित र विकासोन्मुख राष्ट्रका निमित्त हामीले लिएको असंलग्न नीतिका सिद्धान्तहरू आवश्यक र जनभावनाअनुकूल छन् भन्ने कुरा विगत समयले पनि देखिएको छ।" नेपालको असंलग्न परराष्ट्र नीतिको उपलब्धिबाट श्री ५ महेन्द्र पूर्ण सन्तोष भएको कुरा यही संबोधनले साबीत गर्दछ।

२०२० साल वैशाख २९ गते श्री ५ बाट भारतको राजकीय भ्रमणमा 'हाम्रो दुई मुलुकको बीच हुनुपर्ने आपसी सहयोग र सद्भावना भएको खण्डमा हाम्रा दुई मुलुकका बीच उठ्ने विभिन्न वादविवाद र समस्या सुगम तथा शान्तिपूर्ण

तरीकाले सुल्झाउन कठिनाइ पर्नेछैन। यसैले संभावित कटुतालाई पन्छाउन दुवै मुलुकका बीच विचारको आदान-प्रदान स्वच्छन्द भावनाले हुनुपर्छ भनी नेपालले धेरै अघिदेखि जोड दिई आएको कुरा पनि हो।" हुकूम भयो। र त्यस्तै उद्‌गार २०२० साल वैशाख २४ गते इजरायलको राजकीय भ्रमणमा दोहऱ्याइबक्सियो। २०२० साल कार्तिक १८ गते नेपालको औपचारिक भ्रमणमा आएका भारतका राष्ट्रपति श्री सर्वपल्ली राधाकृष्णन्‌ले नेपाल-भारत बीच अब कुनै झैं-झगडाले वास पाउनेछैन भन्ने कुरामा जोड दिए।

२०२१ साल आश्विन २३ गते कायरोमा भएको दोस्रो असंलग्न राष्ट्रका सदस्यहरूलाई संबोधन गर्दै श्री ५ महेन्द्रबाट हुकूम भयो—"हाम्रो विचारमा वस्तुतः असंलग्नता, शक्तिशाली बाहिरी शक्तिबाट आफ्नो स्वतन्त्रतालाई सुरक्षित राख्ने सम्बन्धित देशको आकांक्षाको उपज हो र उसमा अरूहरूको मामलामा हस्तक्षेप नगर्ने सारभूत सिद्धान्तमा आधारित छ। ठूला शक्तिहरूले साना मुलुकहरूको आन्तरिक मामलामा अनेक प्रत्यक्ष अथवा अप्रत्यक्ष तरीकाले हस्तक्षेप गर्न छाड्न नसकेकोले विश्वशान्ति सदा खतरामा छ। वर्तमान सम्मेलनले असंलग्न राष्ट्रहरू र ठूला शक्तिहरूको बीच होइन आफू-आफूमध्येकै सम्बन्धहरूलाई परिचालन गर्नेबारे समेत शान्तिपूर्ण सहअस्तित्वका सबै सारभूत सिद्धान्तहरूसमेत भएको एक व्यावहारिक आचार पद्धति अपनाउन सकेमा यसले शान्ति र शान्तिपूर्ण सहअस्तित्वको लागि एउटा साँच्चै नै उपयोगी र ठोस कार्य गर्नेछ भन्ने साहस गर्दछ।" यस सम्मेलनमा पनि चीनलाई राष्ट्रसंघको सदस्य अविलम्ब बनाउनुपर्दछ भन्ने कुरा नेपालले दोहऱ्यायो जुन कुरा २०१८ सालमा भएको बेलग्रेड सम्मेलनमा उठाइएको थियो।

२०२१ सालमा भएको असंलग्न राष्ट्रहरूको सम्मेलनमा श्री ५ महेन्द्रले व्यक्त गरेको असंलग्नसम्बन्धी परराष्ट्र नीतिको रौसरंग नै फरक देखिन्छ। राष्ट्र-राष्ट्र बीच परिचालन गर्ने नीति व्यावहारिक पार्न एक ठोस आचार पद्धति अपनाउने सुझाव नेपालले त्यस सम्मेलनमा पेश गऱ्यो। यो थियो नेपालको बढ्दो आत्मविश्वास र असंलग्न परराष्ट्र नीतिबाट नेपाल लाभान्वित भएको सूचक परिणाम।

२०२० सालपछि सप्रन थालेको नेपाल-भारत सम्बन्ध पण्डित जवाहरलालको अन्त्यकालतिर निकै सप्रिसकेको थियो। भारतका प्रधानमन्त्री भएको केही महीना नबित्दै श्री लालबहादुर शास्त्रीले नेपालको औपचारिक भ्रमण गरे। भारतकी प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धीको २०२३ साल आश्विनको औपचारिक नेपाल भ्रमणमा नेपाललाई रु. ४० करोडको आर्थिक सहायता दिनुको साथै नेपाल स्वतन्त्र राष्ट्र हो, नेपाल र ल्हासाबीच बन्न लागेको सडकमा भारतले हस्तक्षेप गर्न सम्भव

छैन, चीन नेपालको छिमेकी हो र स्वभावतः नेपाल चीनसित मैत्रीपूर्ण सम्बन्ध राख्न चाहन्छ भन्ने कुरा नेपालबाट फर्केपछि भारतीय लोक-सभामा व्यक्त गर्नुभयो। २०२५ सालमा नेपाल भ्रमणमा आएका भारतका राष्ट्रपति श्री जाकिर हुसेनले नेपालप्रति ठूलो विश्वास व्यक्त गर्दै नेपालको राष्ट्रिय स्वार्थमा घात हुने कुनै काम नगर्न भारत कटिबद्ध छ र भारतको अहित हुने काम नेपालबाट अवश्य हुन्न भन्ने कुरामा पनि भारत विश्वस्त छ भने।

२०२७ सालमा नेपालको औपचारिक भ्रमणमा आएका भारतका परराष्ट्र मन्त्रीले बेकार पुरानो घाउ 'नेपाल-भारतको विशेष सम्बन्ध' कोट्टयाएकाले नेपालका प्रधानमन्त्री श्री कीर्तिनिधि बिष्टले उनलाई भित्तो पुग्ने गरी २०२८ साल जेठमा जवाफ दिएको कारणले नेपालबाट मिलिटरी मिशन र चेक पोष्टका जवानहरू सदाको लागि भारत फर्के। साथै नेपाल-भारत बीचको एक मुख्य खिचातानीको बीउ पनि अब मासियो।

२०२८ साल भाद्र २३ गते लुसाकामा भएको तेस्रो असंलग्न राष्ट्रको सम्मेलनमा भाग लिन जाँदा र फर्कंदा श्री ५ महेन्द्रको दिल्लीमा भारतको प्रधान मन्त्री श्रीमती इन्दिरा गान्धीसँगको सौहार्दपूर्ण वार्तालापको फलस्वरूप २०२८ मा नेपाल-भारत वाणिज्य औ पारवहन सन्धिमा हस्ताक्षर भयो। २०२८ सालमा भारत 'पाकिस्तानबीच भएको युद्धमा नेपाल तटस्थै रह्यो। चीन र अमेरिकाले पूर्णतया समर्थन गरेको पाकिस्तानको सरकारको बङ्गलादेशलाई मान्यता दिने राष्ट्रसँग पाकिस्तानले सम्बन्ध विच्छेद गर्नेछ—भन्ने धम्कीको बावजूद पनि बंगलादेशलाई मान्यता दिनेहरूमा नेपाल भयो। त्यसपछि नेपालको असंलग्न परराष्ट्र नीतिमा भारतको शंका मेटियो। २०२७ सालको पुसमा नेपालको औपचारिक भ्रमणमा आएका अमेरिकाका उपराष्ट्रपति मी. सिप्राएग्नु नेपालको असंलग्न परराष्ट्रनीतिसँग उत्तिकै प्रभावित भए।

असंलग्न परराष्ट्र नीतिको साथै नेपालको वाणिज्य नीतिमा पनि निकै विविधीकरण आयो। २०२१, २३ र २४ सालमा नेपालको चीनसँग वाणिज्य सन्धि सम्पन्न भयो, व्यक्तिगतभन्दा संस्थागत स्तरमा व्यापार बढाउने उद्देश्यले। त्यही विचारले काठमाडौं कोदारी राजमार्ग खुल्यो। परम्परादेखि भारतबाट जंगी खजाना पैठारी गर्दै आएको नेपालले २०२० सालमा अमेरिका र ब्रिटेनबाट पनि सानातिना हतियारहरू पैठारी गर्ने समझौता गऱ्यो।

२०१९ र २०२० मा नेपाल-पाकिस्तान वाणिज्य सन्धि सम्पन्न भई, नेपाल-ढाकाबीच हवाइ सेवा चल्यो। रूस र पूर्व यूरोपका अनेक राष्ट्रसँग व्यापार सन्धि भए,

काठमाडौ-बैंकक हवाइ सर्भिस खुल्यो। नेपालको असंलग्न परराष्ट्रनीतिको फल-स्वरूप नेपालको ध्यान अब विभिन्न राष्ट्रसँग आर्थिक सम्बन्ध बढ़ाउने दिशातर्फ मोडिएको ज्वलन्त दृष्टान्त श्री ५ महेन्द्रबाट २०२८ साल भाद्र २३ गते लुसाकामा भएको असंलग्न राष्ट्रलाई बक्सिएको निम्न सम्बोधनले प्रस्तुत गर्दछ—

"समृद्ध तथा गरीब राष्ट्रहरूको बीच बढ्दो आर्थिक अन्तर साँघुरिदै जानु अनिवार्य छ। यस प्रकारको आर्थिक अन्तरलाई हटाउने संघर्ष अवश्य पनि गाह्रो कुरा छ। यस सन्दर्भमा हामी सबैले एक जुट भईकन काम गर्नुपर्दछ। विकासोन्मुख राष्ट्रहरूमा पनि समानता र एकरूपता छैन। त्यसकारण यी राष्ट्रहरूको बीच समझदारी तथा सहयोगको भावनामा आधारित, न्याययुक्त सम्बन्ध विकसित हुनु जरूरी छ। भूपरिवेष्ठित राष्ट्रहरूलाई त झन् आफ्नो विकासमा अरू झन्झटको सामना गर्नुपरेको छ र विकासोन्मुख राष्ट्रहरूले आफूबाट दिइने पारवहन सुविधामा परि-आएका कठिनाइ कम गरी निर्बाध तथा अनियन्त्रित पारवहन सुविधा सुलभ गराउनामा गाह्रो मान्न हुन्न। विकासोन्मुख राष्ट्रहरूमा पनि यस्ता राष्ट्रहरू जो अल्प विकसित छन् तिनीहरूप्रति विकसित राष्ट्रहरूबाट उदार एवं सुविधाजनक व्यापार नीतिहरू अपनाउनु वाञ्छनीय देखिन्छ।"

यस प्रकार स्वर्गीय श्री ५ महेन्द्रले सत्र वर्षसम्म सञ्चालन गरिबक्सेको नेपा-लको परराष्ट्र नीतिलाई तीन चरणमा विभाजन गर्न सकिन्छ।

सन् १९५५—५७ सम्म नेपालको उत्तर दक्षिण छिमेकीसँग सम-सम्बन्ध जोडी नेपाललाई चीन र भारतको बीच एक भरपर्दो साँघु बनाउनमा श्री ५ महेन्द्र सफल भइबक्सियो।

सन् १९५७—६० भित्र नेपालको कूटनीतिक दायरा विस्तार गर्नुका साथै, नेपालले भारत र चीन दुवै छिमेकीलाई फटकेर रूस, अमेरिकासँग बलियो आर्थिक कूटनीतिक सम्बन्ध स्थापना गर्‍यो। चीन, रूस, अमेरिकाले नेपालमा आवासीय राजदूतावास खोले, इजरायल, पाकिस्तान लगायत ३४ राष्ट्रसँग नेपालको कूटनीतिक सम्बन्ध जोडियो। विभिन्न राष्ट्राध्यक्ष, प्रधानमन्त्री र परराष्ट्रमन्त्रीहरूले नेपालको औपचारिक भ्रमण गरेर श्री ५ महाराजाधिराज र नेपालका प्रधानमन्त्रीहरूबाट देश-देशावरको राजकीय र औपचारिक भ्रमण भए। चारैतिरबाट नेपालमा आर्थिक र प्राविधिक सहायताको ओइरो लाग्न थाल्यो।

सन् १९६०—७१ मा नेपालले आफ्नो परराष्ट्रनीति खँदिलो पार्न बेलग्रेड, कायरो, लुसाका कन्फरेन्समा भाग मात्र लिएन त्यहाँ आफ्नो तटस्थ नीतिको निर्ध-क्कसँग प्रर्दशन पनि गर्‍यो। विश्वमा घटेका साना ठूला घटनालाई नेपालले एक

असंलग्न राष्ट्रको हैसियतले हेरी, जाँची बुझी नेपालको राष्ट्रिय स्वार्थ र औचित्यको आधारमा निर्णय गरेका अनेक दृष्टान्त पाइन्छन् ।

जनवादी गणतन्त्र चीनसँग नेपालको जतिसुकै घनिष्ठ सम्बन्ध भए पनि, मुस्ताङ्ग काण्ड, सगरमाथाको विवाद र माउत्से तुङ्गको लाल पुस्तक नेपालमा वितरण काण्डमा नेपालले चीनको विरोध गर्‍यो । चीन-भारत सीमा विवाद र झगडामा नेपाल तटस्थ बस्यो, भारतको वास्ता नगरेर काठमाडौं-ल्हासा राजमार्ग बनायो, पाकिस्तानसँग व्यापार र पारवहन सन्धि गर्‍यो, हङ्गेरी काण्डमा रूसको विपरीत र स्वेज काण्डमा ब्रिटेनको विपरीत संयुक्त राष्ट्रसंघको बैठकमा भोट दियो । अरबहरूको ज्यानी दुश्मन इजराइललाई काठमाडौंमा दूतावास खोल्ने स्वीकृति दियो र पाकिस्तानले जतिसुकै नचाहे पनि बङ्गलादेशलाई तुरुन्तै मान्यता दियो । नेपालको यस्तो पवित्र असंलग्न परराष्ट्र नीतिको कारण नै सन् १९६८ मा अधिकतम बहुमतले नेपाल राष्ट्रसंघको सुरक्षा परिषदमा सदस्य छानिएको हो भन्ने कुरा निर्विवाद छ ।

नेपालले स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्रको पालामा अपनाएको असंलग्न परराष्ट्र नीतिबाट उठाएका अनेक उपलब्धिमध्ये निम्न कुरा उल्लेखनीय छन्—

(१) आपसी अथवा अन्तर्राष्ट्रिय मामलामा एकै ठाउँमा बसेर कुरासम्म गर्न नचाहने, नमान्ने कति राष्ट्रहरूले नेपालमा आफ्ना कट्टर विरोधी राष्ट्रका प्रतिनिधिसँग मिली नेपालको विकासमा सहमत भएका अनेक दृष्टान्त छन् ।

(२) विभिन्न राष्ट्र र अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त निम्न आर्थिक सहायताले नेपालको सफल असंलग्न परराष्ट्र नीति प्रमाणित गर्दछ :

| **सं० २०२७।२८** | | **रु० हजारमा** |
|---|---|---|
| १. | भारत | १५०,१९२ |
| २. | चीन | ६५,३०० |
| ३. | अमेरिका | ६७,२०० |
| ४. | ब्रिटेन | १७,००० |
| ५. | रूस | ३,५०० |
| ५. | जर्मनी | ५,००० |
| ७. | विश्व बैंक कोष | २४,८०४ |
| ८. | अरू स्रोत | ३,५०० |

(३) यही सच्चा असंलग्न परराष्ट्र नीति अपनाएको कारणले नै विश्वका शिखर शक्तिदेखि लिएर अनेक वरिष्ठ राष्ट्रहरू भरपर्दो मित्र भनी नेपालसँग सम्बन्ध बढाउन इच्छुक भएका हुन् र हुनेछन् ।

स्वर्गीय श्री ५ महेन्द्रबाट यसरी अपनाइबक्सेको नेपालको असंलग्न परराष्ट्र नीतिलाई जमाई राख्न नेपालले अति चनाखो भई विश्वको बदलिंदो परराष्ट्र नीतिको लेखा-जोखा गर्नुको साथै जुन काम कुरा गर्नाले अरू राष्ट्र र खास गरेर छिमेकी राष्ट्रले आफूसँग मैत्रीपूर्ण व्यवहार राख्दछन् त्यसतर्फ नेपालको विशेष ध्यान आकर्षित हुनु नितान्त आवश्यक छ ।

जुनसुकै पनि परराष्ट्र नीतिको मेरुदण्ड हो—राष्ट्रको वेला-बखत सुहाउँदो आर्थिक विकास र आन्तरिक स्थिरता । यही रहस्य बुझिबक्सेर राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट नेपाललाई शान्ति-क्षेत्र घोषित गरियोस् भनी विश्वलाई र विकासको लागि राजनीति गर भनी नेपालीहरूलाई आह्वान गरिबक्सेको हो । भोलिसम्म नेपालको असंलग्न परराष्ट्रनीति टिकाइराख्ने हो भने यो भावना बाँचिरहनुपर्दछ भन्ने कुरामा दुई मत हुन सक्तैन ।

( प्रवचन मिति : २०३५।११।११।६ )

# श्री ५ महेन्द्र—नेपालमा सामाजिक क्रान्ति

—सूर्यविक्रम ज्ञवाली

श्री ५ महेन्द्रको जन्म ज्येष्ठ ३०, १९७७ तदनुसार ११ जून १९२० का दिन भएको हो । प्रथम विश्वमहायुद्धको शेष भएपछि जन्म ग्रहण गर्ने श्री ५ महेन्द्र-का शाह राजपरिवारमा चलेका प्रथाबमोजिम दरबारमा नै शिक्षाको प्रबन्ध भएको थियो । राणाशासन पूर्ण शक्तिमा भएका समयमा उनीहरूले नै शिक्षा दिन रोजेका शिक्षकहरूबाट ज्ञानवर्धक शिक्षा वा प्रजातांत्रिक विचार पुष्ट पार्ने शिक्षा प्राप्त गर्नु प्रायः असम्भव थियो । यताबाट कुन प्रकारको शिक्षा श्री ५ महेन्द्रलाई प्राप्त भयो होला तथा त्यसको कस्तो प्रभाव मौसूफका हृदयमा पर्ला भन्ने आशा गरिएको हुँदो हो सो कुराको अनुमान गर्नु गाह्रो छैन । तर यसको विपरीत श्री ५ महेन्द्रको राणा शासनसित विरोध गर्ने चरित्र विकसित भएको हामी देख्छौं । ठूलो प्रलोभनद्वारा पनि यो विरोध समर्थनमा परिवर्तन हुन नसकेको कुरा हामीलाई थाहा छ । प्रजा-परिषद्को आन्दोलनपछि राष्ट्रपिता श्री ५ त्रिभुवन त्यसमा सम्मिलित भएको शङ्का गरी राष्ट्रपितालाई शासनबाट पन्छाउने यौटा उपायको राणा-शासनद्वारा विचार गरिएको थियो । मौसूफका पुत्र श्री ५ युवराजाधिराज महेन्द्रलाई नेपालको अधि-पतिको आसनमा विराजमान गराउने त्यो षड्यन्त्रको अभिप्राय थियो । त्यो वेलाको राणाशासनले श्री ५ महेन्द्र यस्तो प्रलोभनमा भुल्ने जो विचार गऱ्यो त्यसले त्यो

शासन थोत्रो भएर मक्किइसकेको कुरा प्रमाणित हुन्छ। आधुनिक संचार तथा त्यसका गतिविधिको आफ्नै परिश्रमले परिचय प्राप्त गर्ने श्री ५ महेन्द्रले त्यो प्रस्तावलाई ठाडै अस्वीकार गरेका कुराको मर्म बुझी सोहीअनुसार राणाशासनले आफ्नो विचार तथा कार्यको समुचित संशोधन गर्दै जानुपर्ने थियो तर त्यो शासन मैले माथि भने झैं यस्ता स्थितिमा गर्नुपर्ने विचार गर्न नसक्ने अवस्थामा पुगिसकेको हुनाले श्री ५ तथा प्रधान मन्त्रीका सम्बन्धको हावा कुन दिशातिर बगिरहेको थियो वा श्री ५ युवराजाधिराजका अस्वीकृतिले के इङ्गित गर्थ्यो त्यो बुझ्ने सामर्थ्य नभएको स्पष्ट बुझिन्छ।

यसका केहीपछि राणाशासनको निर्मम दमनको वास्ता नगरेर प्रजातान्त्रिक अधिकार प्राप्त गर्न अधिराज्यका विविध स्थानमा प्रजा छटपटाउन लागेको देखेर राष्ट्रपिता श्री ५ त्रिभुवनद्वारा त्यसलाई सोझै आफ्नो नेतृत्व प्रदान गर्ने मार्ग अवलम्बन नगरी आफ्ना सम्पूर्ण परिवारसहित काठमाडौंस्थित भारतीय राजदूतावासमा जो प्रवेश गरिबक्सियो त्यताबाट बुझ्नुपर्ने कुरा बुझी राणाशासन चतुर तथा स्वामीभक्त भएको भए त्यसले राष्ट्रपिताका सम्मुख आत्मसमर्पण गर्नुपर्ने थियो, तर त्यसो नगरी राणाशासन छलछाम गरी राष्ट्रपिताको नेपाल अधिराज्यलाई प्रजातान्त्रिक शासन प्रदान गर्ने इच्छाका विपरीत कार्य गरी त्यसलाई असफल पार्ने निरर्थक प्रयास गर्न लाग्यो। यसमा उ सफल हुन नसक्ने जो स्पष्ट कुरा थियो उही भयो र राणाशासन सदाका निम्ति नेपालमा अस्तायो।

राष्ट्रपिताले आफ्ना हातमा राष्ट्रको शासन ग्रहण गरी प्रजाका प्रतिनिधिहरूलाई त्यो सुम्पिबक्सियो र नेपालमा प्रजातान्त्रिक शासन स्थापित भयो। श्री ५ त्रिभुवनको स्वास्थ्य राम्रो नभएको हुनाले मौसूफले लामो समयसम्म शासन चलाउने अवसर पाइबक्सिएन। आफ्ना हातमा शासन लिएका ५ वर्षमा नै मौसूफको स्वर्गवास भयो तथा यो समयमा पनि एक वर्ष जति ता मौसूफको स्वास्थ्य बिग्री चिकित्साका निम्ति मौसूफले विदेश जानुपऱ्यो। लामो समयदेखि स्वार्थपूर्ण शासनले थिचिराखेको देशमा यस्तो हुनुपर्छ उस्तो हुनुपर्छ भन्ने सिद्धान्त स्थिर गरेर तजबीज गर्दा गर्दै मौसूफको समय गयो तथा यस्ता स्थितिमा गर्नुपर्ने काम प्रभावकारी रीतिले हुन नसक्नु स्वाभाविक छ। राष्ट्रपिताको असामयिक स्वर्गारोहणपछि १४ मार्च १९५५ का दिन श्री ५ महेन्द्रले शासनभार ग्रहण गरिबक्सियो। यो समयमा श्री ५ महेन्द्रको उमेर ३५ वर्षको थियो। त्यो बेलादेखि २१ जनवरी १९७२ मा मौसूफको स्वर्गारोहण नभएसम्म नेपाल राष्ट्रलाई आधुनिक सभ्य राष्ट्रको रूप प्रदान गर्ने प्रयत्न मौसूफबाट निरन्तर भैरह्यो।

श्री ५ महेन्द्रले अधिराज्यको शासनभार ग्रहण गर्दा यसको सांस्कृतिक, शैक्षिक तथा जीवनका अरू क्षेत्रमा के स्थान थियो त्यसको अलिकता विचार गर्नु उचित

छ। आधुनिक संसारमा कुनै राष्ट्रको वास्तविक सांस्कृतिक स्थिति बुझ्न सबैभन्दा पहिले त्यो राष्ट्रको शैक्षिक स्थिति कस्तो छ त्यो जाँचिन्छ। यो कसी लाएर तिनताकको नेपाललाई हेर्दा हामी के चाल पाउँछौं भने श्री ५ महेन्द्रले अधिराज्यको उत्तरदायित्व आफूले वहन गरेका समयतिर नेपालमा साक्षरता जनसंख्याको सैकडा दुई थियो भन्ने अनुमान नेपालको वास्तविक स्थितिका ज्ञाता तथा शिक्षाक्षेत्रका अनुभवी विद्वान्हरूद्वारा गरिएको छ। मुख्यतः ब्राह्मणवर्गलाई प्रदान गरिने संस्कृत-शिक्षाको प्रचार पनि त्यो वर्गको माथिल्लो श्रेणीका अल्पसंख्यक मानिसमा मात्र भएको बुझिन्छ। आधुनिक शिक्षा प्रदान गर्ने त्रिभुवन विश्वविद्यालयको १९५९ ई० मा स्थापना नभएसम्म अधिराज्यभरिमा उच्च शिक्षा प्रदान गर्ने केवल यौटा कालेज थियो तथा यस्ता स्थितिमा उच्च आधुनिक शिक्षा प्राप्त गर्ने मानिसको कति संख्या हुँदो हो त्यसको सहजै अनुमान गर्न सकिन्छ।

शिक्षामा विकास गर्न नसक्ने राष्ट्र जीवनका अरू क्षेत्र अर्थात् आर्थिक, सामाजिक आदि क्षेत्रमा पनि तदनुरूप पछौटे हुनु स्वाभाविक छ। राज्यभरिमा केवल यौटा बैंक भएको कुराबाट राष्ट्रको बित्तीय स्थितिको सहजै कल्पना गर्न सकिन्छ। कल-कारखानाको ठूलो अभाव थियो तथा पुराना ढाँचाका पहिल्यैदेखि चलिआएका हातका भरमा आधारित उद्योग धन्धासम्म यो परिमित थियो। साहित्यका क्षेत्रमा दुई चार जना प्रतिभावान साहित्यकारका कृतिबाहेक जनताको प्रतिनिधित्व गर्ने लोकहितकारी साहित्यको नितान्त अभाव थियो। अविकसित साहित्य भएका राष्ट्रमा राष्ट्रियताको स्थिति निकै क्षीण हुनु स्वाभाविक छ। स्वनामधन्य पृथ्वीनारायण शाहद्वारा स्थापित तथा पछि केही कालसम्म विकसित गरिएको एकीकरणद्वारा प्रदत्त राष्ट्रियतालाई बलियो, सर्वव्यापी, दिगो पार्ने अरू अनेक साधनको नितान्त अभाव थियो। पुरानो मुलुकी ऐनले प्रदान गरेको एकीकरणलाई वर्ग-विशेषका विविध ऐनद्वारा धमिल्याइएको थियो औ त्यसले राष्ट्रियतालाई झन् बलियो हुन दिएको थिएन। नेपाल नाम नै काठमाडौं उपत्यकाका निम्ति विशेषतः प्रयोग गरिन्थ्यो तथा राज्यका विविध भागलाई बुझाउनुपर्दा तराई, पहाड, मगरात, लिंबुआन इत्यादि शब्दको प्रयोग हुन्थ्यो। राष्ट्रियतालाई बलियो पार्ने साधनहरूको नितान्त अभाव थियो। सबैभन्दा ठूलो कुरा यसको मूल आधार समानता नै थिएन भने पनि हुन्छ। सिद्धान्ततः केही समानता देखिए तापनि व्यवहारमा त्यसको नितान्त अभाव थियो। राष्ट्रलाई एक सूत्रमा बाँध्ने भाषा ता केही अंशमा थियो तर भाषारूपी सूत्रलाई बलियो पार्ने साहित्यको ठूलो अभाव थियो। लोक-साहित्य, लोक-नृत्य आदि राष्ट्रियतालाई बलियो पार्ने कुरा साना साना वर्गमा मात्र परिमित थियो। समस्त राष्ट्र वा राष्ट्रका सामन्त वर्गको तिनीसित वास्ता थिएन। सामन्तवर्गको अभिरुचि सबै

क्षेत्रमा विदेशी व्यवहारतिर ढल्केको थियो। यो वर्गले नेपाली भाषा साधारण गृहस्थीका व्यवहारमा प्रयोग गरे तापनि यो भाषाका सम्बन्धमा उसको विचार उपेक्षाको थियो। ज्ञानका निम्ति अंग्रेजी भाषाको ज्ञान उसका दृष्टिमा नितान्त आवश्यक थियो। नेपाली भाषाको उन्नति उसका दृष्टिमा आवश्यक थिएन किनभने नेपाली भाषाको उपयोग घरवास्ताका कामका निम्ति मात्र थियो।

आधुनिक दृष्टिले यस्तो अन्धकारनिमग्न देशको शासन-भार श्री ५ महेन्द्रका बलिया काँधमा १९५५ ई. मा राष्ट्रपिता श्री ५ त्रिभुवनको स्वर्गारोहणपछि पऱ्यो। यो कहालीलाग्दो स्थिति देख्दा अरू साधारण मान्छे भएका भए तर्सेर पछि सर्ने थिए। तर श्री ५ महेन्द्रको हृदय अत्यन्त बलियो हुनाले समस्याको जटिलता तथा गहनताले किञ्चित् विचलित नभै मौसूफले त्योसँग मुकाबिला गरिबक्सियो। जुन योग्यतापूर्वक यो काम मौसूफले गरिबक्सियो त्यसले गर्दा सम्पूर्ण सभ्य संसारमा मौसूफका कार्यको ठूलो प्रशंसा भयो। मौसूफका कार्यको नै परिणाम हो—आज हामी नेपाली पनि आधुनिक जीवन स्वतन्त्रतापूर्वक व्यतीत गर्न पाइरहेका छौं। त्यत्ति मात्र होइन नेपालको नाम संसारका मानचित्रमा स्पष्ट रूपले देखिने जो आजको स्थिति छ त्यो मौसूफका कार्यको नै परिणाम हो। मौसूफको राजनीतिक वा कूट-नीतिपूर्ण कार्यद्वारा यो सफलता प्राप्त भएको हो भन्ने विचार भएका मानिसलाई म के भन्छु भने राजनीतिक कार्यको सफलता सामाजिक कार्यको सफलतामा निर्भर गर्छ। जुन राष्ट्र स्वदेशभित्र जति विकासको कार्य गरी देशलाई विकसित गराउन सक्छ उति त्यो राष्ट्र आफ्ना बाह्य राजनीतिमा सफल हुन्छ। राष्ट्रको वास्तविक शक्ति नै विकसित राष्ट्रिय स्थितिमा निर्भर गर्छ।

सबैभन्दा पहिले पूर्व मेची तथा पश्चिम महाकाली सीमा भएको नेपाल अधि-राज्यका प्रजालाई उनीहरूको राष्ट्रका सबै क्षेत्रमा समान अधिकार भएको कुरामा विश्वस्त पार्नु आवश्यक थियो। त्यसका निम्ति श्री ५ महेन्द्रले पहिलेदेखि चलिआएको हाम्रो मुलुकी ऐनमा समानताका सिद्धान्तबमोजिम ठूलो संशोधन गरिबक्सियो। वर्ण, जात, लिङ्गका आधारमा समाजमा जो असमानता थियो त्यसलाई निर्मूल पारी सबै नेपालीको समान अधिकार भएको कुरा हाम्रो ऐनले स्वीकार गऱ्यो। यो स्वीकृतिले हाम्रो विवाह, अंश-बण्डा आदि अनेक व्यवहारमा जहाँ असमानताको प्राधान्य थियो त्यसको सट्टा समानताको सिद्धान्त स्वीकार गरियो। यो स्वीकृतिद्वारा अनेक प्रकारका सामाजिक सुधार सहजै स्वीकृत भए औ नेपाली राष्ट्रले संसारका अरू अनेक सभ्य राष्ट्रसित अनायास समानता प्राप्त गऱ्यो औ यसले राष्ट्रलाई निकै सुदृढ तुल्यायो।

शिक्षाको अभाव ता समसामयिक नेपालका प्रायः सबैले अनुभव गरेका थिए र समस्त देशमा प्राथमिक तथा माध्यमिक शिक्षा प्रदान गर्नका निम्ति समुचित रूपले

पाठशाला स्थापित गर्ने कुरामा प्रायः नेपाली जनता उत्सुक थियो। यसको परिणामस्वरूप मानिसले भिन्न-भिन्न प्रकारका पाठशाला आफ्ना-आफ्ना ठाउँमा स्थापित गर्न थाले। जनताले पाठशाला आफ्नै प्रयासले स्थापित गर्ने चलन केही अघिदेखि नै चलेको भए तापनि श्री ५ महेन्द्रबाट यसले यथेष्ट समर्थन पायो। देशका धेरै ठाउँमा पाठशालाहरू स्थापित गरिए। राष्ट्रपिता श्री ५ त्रिभुवनका स्मृतिमा मौसूफका नामबाट त्रिभुवन विश्वविद्यालय स्थापित गर्ने कुरामा श्री ५ महेन्द्रको स्वीकृति मात्र थिएन किन्तु मौसूफबाट त्यसको चांसलरको पद पनि ग्रहण गरिबक्सियो। स्थापित भएको समयदेखि त्यो विश्वविद्यालय प्रशंसनीय रीतिले उन्नति गर्दैछ औ आफ्नो कार्यक्षेत्र यथाशक्य विस्तार गर्दैछ। त्रिभुवन विश्वविद्यालयमा नेपाली साहित्य, इतिहास, संस्कृति इत्यादि विविध विषयमा जो कार्य भएको छ त्यो प्रशंसनीय छ। नेपाली भाषाद्वारा उच्च शिक्षा प्रदान गर्ने, नेपाली साहित्यको उच्चतम शिक्षा दिने तथा त्योसित सम्बद्ध अनुसन्धानात्मक कार्यको जो थालनी गरिएको छ त्यो विश्वविद्यालयका विविध विषयका स्नातकहरूद्वारा देशका निवासीहरूका निम्ति जो अनेक कल्याणकारी कार्य सम्पन्न हुँदैछन् तिनको विचार गर्दा यस सम्बन्धमा श्री ५ महेन्द्रले प्रदर्शित गरेको दूरदर्शिता तथा मौसूफको विद्याप्रेम अत्यन्त प्रशंसनीय भएको कुरा विदित हुन्छ। अधिराज्यका विभिन्न ठाउँमा स्थापित क्याम्पसद्वारा ज्ञानको आलोक नेपालका कुना कुनामा पुगेको देख्दा यी क्याम्पस स्थापनाअघिको अन्धकारपूर्ण स्थितिको सम्झना हुन्छ। प्राथमिक पाठशाला अधिकाधिक स्थापना गर्न जो नीति अवलम्बन गरिएको छ त्यसले गर्दा श्री ५ महेन्द्रले शासन आरम्भ गर्दाको सैकडा दुई साक्षरता क्रमशः निकै बढ्दै गएको कुरा चाल पाइएको छ। यसै गरी माध्यमिक शिक्षा पनि बढ्दै छ तथा यो शिक्षा प्राप्त गरेका हाम्रा नवयुवकहरू अनेक प्रकारका प्राविधिक कार्यमा शिक्षा प्राप्त गरी देशको उन्नति गर्ने कार्यमा लागेको कुरा बडो आशाजनक छ। यसरी जुन नेपालमा केही मानिसले प्राप्त संस्कृत शिक्षाबाहेक कुनै अरू प्रकारको शिक्षा दिने व्यवस्था थिएन आज सोही नेपालमा अनेक प्रकारका शिक्षा दिने जो व्यवस्था भएको छ त्यसको थालनी तथा केही अंशमा प्रसार श्री ५ महेन्द्रबाट भएको कुरा बडो गौरवपूर्ण छ।

उच्च शिक्षाप्राप्त तथा विविध वैज्ञानिक क्षेत्रमा विशेषज्ञको काम गर्न सक्ने व्यक्तिको आवश्यकता पूर्ति गर्न कोलम्बो योजनामा श्री ५ महेन्द्रले नेपाललाई प्रवेश गराइबक्सेको हुनाले आज हाम्रो देशमा उच्च तहका डाक्टर, इंजिनीयर इत्यादिको समूह पनि आशाप्रद रीतिले बढ्दै छ।

शिक्षालाई सुलभ तथा प्रभावकारी तुल्याउन मातृभाषाको माध्यमबाट शिक्षा दिने व्यवस्था हुनुपर्छ। त्यसका निम्ति विविध विषयका पाठ्यपुस्तकहरूको

आवश्यकता हुन्छ। यो आवश्यकताको पूर्तिका निमित्त प्राथमिक तथा माध्यमिक श्रेणीको लागि चाहिने पाठ्यपुस्तकको निर्माण अनुभवी शिक्षकहरूद्वारा गराइएको छ। यसै गरी उच्च शिक्षाका निमित्त चाहिने पाठ्यपुस्तकको निर्माण तथा प्रकाशन पनि आवश्यक प्रतीत भै तिनको लेखन तथा प्रकाशनको पनि समुचित प्रबन्ध गरिएको छ। पाठ्यपुस्तक ता प्रायः विविध तहका पाठशालामा मात्र उपयोग गरिने हुनाले सर्वसाधारणका निमित्त चाहिने ज्ञानवर्धक साहित्यको आवश्यकता तिनले पूर्ति गर्दैनन्। त्यो साहित्य जति विकसित तथा विविधताले युक्त भयो उति जन चेतनाको विकास हुन्छ। यो कुरा विचार गरी श्री ५ महेन्द्रले साहित्य, संगीत, कला, ज्ञान, विज्ञान इत्यादिको विकास तथा प्रचार गर्ने उद्देश्यले प्रज्ञा-प्रतिष्ठानको स्थापना १९५७ ई० मा गरिबक्सियो तथा यसलाई समुचित मार्गमा हिंडाउन केही कालसम्म स्वयं आफू यसको कुलपति भैबक्सियो। प्रज्ञा-प्रतिष्ठानले विविध विषयमा सैकडौं पुस्तक प्रकाशित गरेको छ तथा गर्दैछ। यसरी प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित पुस्तक-हरू उच्च कोटिको ज्ञानको विस्तारमा पनि यथेष्ट सहायता पुऱ्याउँदै छन्। श्री ५ महेन्द्रद्वारा गरिएको प्रज्ञा-प्रतिष्ठानको स्थापना अत्यन्त दूरदर्शितापूर्ण तथा राष्ट्रिय भावले परिपूर्ण कार्य भएको छ तथा समयमा यो कार्य अत्यन्त महत्त्वपूर्ण भएको कुरा प्रमाणित हुनेछ किनभने हाम्रो राष्ट्रको एकीकरण गर्ने कार्यमा भाषाको ठूलो स्थान छ। विकसित राष्ट्र-भाषा भएको राष्ट्र उन्नतिका शिखरमा चाँडै पुग्छ भन्ने कुरो स्वीकृत छ। यसैले राष्ट्र-भाषाको विकास राष्ट्रिय एकता औ विकासका निम्ति अत्यन्त आवश्यक कुरो प्रमाणित हुन्छ।

राष्ट्रियतालाई बलियो पार्न राष्ट्रको प्राचीन संस्कृतिको ज्ञान नितान्त आवश्यक छ। सो ज्ञान लोक-संस्कृतिका अध्ययनद्वारा सुलभ हुन्छ। यो वास्तविकता श्री ५ महेन्द्रबाट पूर्णतया बुझिबक्सेको हुनाले मौसूफबाट लोक संस्कृतिको विकासका निम्ति अध्ययन तथा यसको प्रचारलाई आफ्नो संरक्षकत्व प्रदान गर्नुभन्दा अघि हाम्रो संस्कृतिको ज्ञान वा त्यसप्रतिको प्रेम अत्यन्त दयनीय स्थितिमा पुगेको थियो। यो स्थिति अवगत गरी श्री ५ महेन्द्रले यसको विकास तथा पुनः स्थापनका निम्ति ठूलो चेष्टा गरिबक्सियो। मौसूफले लोक-संस्कृतिको अध्ययन, तथा लोक-गान तथा नृत्यको प्रचारका निम्ति आफ्नो अभिरुचि प्रकट गर्नुभन्दा अघि हाम्रो सम्भ्रान्त तथा शिक्षित वर्गको अभिरुचिलाई विदेशी संस्कृतिले व्याप्त पारेको कुरा हामीलाई थाहा छ। उर्दू भाषा तथा बोली, उर्दूका गाना तथा कत्थक-नाच नेपालीको अभि-रुचिका विषय भएका थिए तथा यिनैको अभिनय लोक-प्रिय भएको थियो। यसको यौटा परिणाम के भयो भने हाम्रा लोक-गान औ नृत्य-कला निम्न श्रेणीका विधा ठानिन लागिएका थिए। सम्भ्रान्त वर्गले यसलाई ग्रामीण कला ठानेको हुनाले उसका

संरक्षकत्वको अभावमा यसको तीव्र गतिले अवनति हुँदै थियो । श्री ५ महेन्द्रले यो स्थिति मन नपराई लोक-नृत्य तथा लोक-गानलाई नवीन जीवन प्रदान गर्ने अभिप्रायले यिनको गायन प्रदर्शन आदिको प्रचार गराइबक्सियो । ठूला ठूला उत्सवका समयमा चौधै अञ्चलका लोक-गान तथा लोक नृत्य झिकाई राजधानीमा तिनका गायन तथा प्रदर्शनको व्यवस्था मिलाई तिनलाई पुनर्जीवन प्रदान गर्ने काम गरिबक्सियो । आफ्ना वरिष्ठ उपस्थितिले पनि तिनलाई ठूलो मान तथा उत्साह प्रदान गरिबक्सियो । यो कार्य नियमित रूपले तथा चतुरतापूर्वक सम्पादन गरिएको हुनाले केही वर्षमा नै उर्दू गाना कत्थक-नाच इत्यादिको जो हावा नेपालीहरूमा बगेको थियो त्यो आफै बिलाएर गयो औ लोक-संस्कृतिको पुनः स्थापनद्वारा शहरिया मानिसका रुचिमा मात्र ठूलो परिवर्तन आएन किन्तु यसले हाम्रो पहाड तथा तराईलाई पनि शहरमा ल्याइदियो औ पहाड, तराई तथा शहरलाई एक सूत्रमा बाँध्ने काममा यसले ठूलो कार्य गऱ्यो । यसको यो सफलता नै हाम्रो राष्ट्रियताको सुदृढीकरण हो भन्ने कुरामा केही सन्देह छैन । यसरी लोक-संस्कृतिको प्रचारले सम्पूर्ण राष्ट्रलाई यसका अस्तित्वप्रति जागरूक मात्र तुल्याएन किन्तु रहँदा बस्ता राष्ट्रले यसलाई मन पराउने पनि भयो । यसले यसरी पाएको प्रोत्साहनद्वारा यसलाई खँदिलो, बलियो तथा लोकप्रिय तुल्याउन ठूलो सहायता प्राप्त भएको छ । यो परिणाम प्राप्त गर्न श्री ५ महेन्द्रबाट जुन नजानिंदो रीतिले यसले राजकीय संरक्षण प्राप्त गऱ्यो त्यसको ठूलो प्रभाव छ भन्ने कुरा स्पष्ट छ ।

श्री ५ महेन्द्रबाट गरिबक्सेको देश-भ्रमणका विषयमा हामी सबैलाई थाहा छ । देश-भ्रमणद्वारा प्रजासित सोझो सम्पर्क स्थापित हुने तथा प्रजाको अवस्था आफ्नै नेत्रले देखिने कुरा अत्यन्त मूल्यवान् छ । साथसाथै यी यात्रामा ठाउँ ठाउँका प्रजाले आफ्ना आँगनमा पदार्पण गर्ने भनेजस्ता आफ्ना प्यारा राजाका स्वागतमा गरेको व्यवस्थाअन्तर्गत लोक-गान तथा नृत्यले युक्त सांस्कृतिक कार्यक्रम उनीहरूले मौसूफलाई नजर गराउँथे औ मौसूफ पनि तिनलाई सुदामाको पत्रपुष्प ठानी प्रेमपूर्वक नजर गरिबक्सिन्थ्यो । यसले गर्दा उनीहरूका मनमा आफ्नो कला-प्रवीणता तथा आफ्नो कलामा विश्वास उत्पन्न भयो । यसैले गर्दा हाम्रो लोकगान तथा कलाले निकै विकास प्राप्त गरे औ तिनको प्रचार बढ्यो । आज यसैले गर्दा नेपाल तथा नेपालबाहिरका नेपालीले नेपाली संस्कृति फेरि पाए झैं भैरहेछ औ नेपाली संस्कृतिका नामले सिनेमाका गीतले प्रश्रय पाउन छोडेका छन् ।

नेपाली संस्कृति तथा राष्ट्रियतासँग जोडिएर रहेको हिन्दूराज्यको कुरो छ । अब त्यसको केही विचार गर्छु । पञ्चम शताब्दीअघिदेखि काठमाडौं उपत्यकामा

स्थापित भएको लिच्छवीहरूका राज्यमा हिन्दू तथा बौद्ध दुवै धर्मको प्रचार थियो। माध्यमिक कालमा पनि यो उपत्यकाको धार्मिक स्थिति प्राचीन कालको जस्तै थियो। माध्यमिक कालमा स्थापित भएका पश्चिमका अनेक राज्यमा पनि हिन्दू तथा बौद्ध दुवै धर्मको प्रचार थियो। पछि सोह्रौं शताब्दीमा गोरखामा शाहवंशको राज्य द्रव्य शाहका पराक्रमले स्थापित भयो। वहाँका विविध वर्गका निवासीहरूलाई आफूले परम्पराबाट मानी आएको धर्म तथा व्यवहार पालन गर्ने स्वतन्त्रता प्रदान उनले गरे। कालान्तरमा अठारौं शताब्दीमा यही वंशका पृथ्वीनारायण शाहले हिमालयका आश्रयमा बस्ने मिल्दो भाषा तथा व्यवहार भएका मानिसद्वारा निवास गरिएको तथा उनीहरूद्वारा शासित क्षेत्रका अनेक साना साना राज्यलाई एकीकरण गर्ने अभियान चलाए। उनका मृत्युपछि पनि यो अभियान चलिरह्यो र अठारौं शताब्दीमा नेपाल अधिराज्यको स्थापना भयो। उता भारतमा इस्लाम धर्मावलम्बीहरू आफ्नो शासन स्थापित गर्न समर्थ भए। सोह्रौं शताब्दीका प्रारम्भमा इस्लाम धर्म ग्रहण गर्ने मङ्गोल जसलाई मुगल भन्छन् भारतमा आफ्नो राज्य स्थापित गर्न समर्थ भए। मुगल साम्राज्यको अठारौं शताब्दीका आरम्भमा पतन भयो। यसका साथसाथै भारतका विविध स्थानमा हिन्दूहरूले टाउको उठाउन थाले। तर त्यो वेला अंग्रेजको आगमन यहाँ भयो तथा दुवै हिन्दू औ मुसलमानलाई पराजित गरी भारतमा अंग्रेजी शासन स्थापित भयो। अठारौं शताब्दीमा पृथ्वीनारायण शाहका दूरदर्शिताले गर्दा नेपालमा नेपालीहरूको एकमात्र स्वतन्त्र हिन्दू राज्य नडगी कायम नै रह्यो। यसअघि तराई तथा पहाडमा ठूलो राज्य कायम गर्ने सेन राजाहरूले आफ्ना समयमा आफू एकमात्र स्वतन्त्र हिन्दू राजा भएका कुरा बुझाउन हिन्दूपतिको उपाधि ग्रहण गरेका थिए।

पृथ्वीनारायण शाहद्वारा सेनको पहाड तथा तराईको राज्य एकीकरण गरियो औ सेन-राज्य समाप्त भयो। हिन्दूपतिको राज्य समाप्त भएपछि पृथ्वीनारायण शाहको नेपाल अधिराज्यको प्रादुर्भाव भयो। भारतमा अंग्रेजी राज्य स्थापित भएको औ वहाँ हिन्दूको स्वतन्त्र राज्य नरहेको कुरा पृथ्वीनारायण शाहले अनुभव गरेका थिए र उनले आफ्नो राज्यलाई 'असिल हिन्दुस्ताना' भनेको हो भन्ने अनुमान छ। त्यसको अर्थ विचार गरी हेर्दा हिन्दूराज्य नै भएको प्रतीत हुन्छ। नेपाल स्वतन्त्र हिन्दूराज्य भएको कुरा भारत स्वतन्त्र नभएसम्म भारतमा पनि हिन्दूहरूका विचारमा धेरै अंशमा विद्यमान थियो र भारतका हिन्दूहरू नेपाललाई गौरवका दृष्टिले हेर्थे। अद्यावधि त्यो भाव कुनै न कुनै रूपमा भारतका हिन्दूहरूमा विद्यमान छ। श्री ५ महेन्द्रलाई हिन्दूराज्यको विचारमाथि विश्वास थियो र मौसूफले १९६१ ई० मा प्रदान गरेको संविधानमा नेपाल हिन्दूराज्य हो भनी घोषित गरिबक्सियो। यो घोषणामा पछिल्तिर दुई तीन सय वर्षको हाम्रो इतिहास लुकेको हुनाले नेपालीहरूका हृदयमा यसले ठूलो गौरव प्राप्त गऱ्यो।

हाम्रो संविधानमा नेपाललाई हिन्दूराज्य घोषणा गरिएको हुनाले कसैं कसैले अज्ञानवश नेपालको धार्मिक नीति पक्षपातपूर्ण भयो भनेर भन्न सक्छ । तर परम्परा-देखि कुलमा चलिआएको धर्म प्रजालाई मान्न दिने शाहवंशका राजाहरूको नीति थियो औ हाम्रो संविधानको स्वीकृत नीति भएको छ । त्यसैले नेपालको धार्मिक नीति पक्षपातपूर्ण भो भन्ने विचार सर्वथा युक्तिसंगत छैन । यसरी श्री ५ महेन्द्रले बडो बुद्धिमानीपूर्वक हिन्दूराज्यको विचारसित धार्मिक स्वतन्त्रता प्रदान गरिबक्सियो । आफ्ना कुलमा चलिआएको धर्म मान्ने स्वतन्त्रता प्रदान गरिएको हुनाले हामीकहाँ हिन्दू शब्दको अर्थ प्रायः धार्मिक सङ्कोचरहित छ । हामी सबै नेपालीहरूलाई आफ्ना अर्थको विशिष्टताले गर्दा यो हामीलाई राष्ट्रियताको यौटै सूत्रमा बाँध्न समर्थ भएको छ । श्री ५ महेन्द्रको यो विचार तथा कार्यले मौसूफका दूरदर्शिताको परिचय मात्र पाइँदैन किन्तु आफ्ना यो कार्यले नेपालको आधुनिक इतिहासमा मौसूफको नाम अमर भएको छ । यसरी मौसूफले यौटा लामो औ गौरवपूर्ण इतिहासलाई नेपालका पर-म्परामा गाभिबक्सेको छ ।

कुनै राष्ट्र प्रजातान्त्रिक पथमा सफलतापूर्वक हिंड्न शिक्षा तथा आर्थिक उन्नतिको नितान्त आवश्यकता भएको कुरो सर्वस्वीकृत छ । त्यसैले श्री ५ महेन्द्रले शिक्षाका क्षेत्रमा यथेष्ट कार्य गरिबक्सेको हो । यसै गरी नेपालको आर्थिक स्थिति बलियो पार्न श्री ५ महेन्द्रबाट अनेक कार्य भएका छन् । नेपाल कृषिप्रधान देश भएको हुनाले नेपालको आर्थिक उन्नति कृषिको उन्नतिमा निर्भर गर्छ । त्यसैले श्री ५ महेन्द्रबाट भूमिसुधारका अनेक उपाय अवलम्बन गरिबक्सियो । सिंचाइको व्यवस्थाका साथसाथै उर्वरक वितरण इत्यादि अनेक व्यवस्था गरिए । जमीनमाथि केही अधिकार नभएको मोहीको जमीनको उब्जा बढाउने कुरामा विशेष चाख नहुने बुझेर मोहीलाई उनले जोतेको भूमिमाथि एक चौथाई अधिकार बक्सियो । यसले गर्दा जमीनको उन्नति-मा मोहीको अभिरुचि बढ्न गै उसले उब्जा बढाउने कार्यमा बढी अभिरुचि लिनु स्वाभाविक छ ।

त्रिभुवन राजपथबाहेक अर्को आधुनिक मार्ग नभएको हाम्रो देशमा एक ठाउँ-बाट अर्को ठाउँ जानुपर्दा विदेशबाट यात्रा गर्नुपर्ने जो बाध्यता थियो सो श्री ५ महेन्द्रको पूर्व-पश्चिम राजमार्गको विचार तथा मित्रराष्ट्रहरूका सहयोगले निर्माण भैसक्नलागेको त्यो राजमार्गद्वारा प्रायः निवारण हुन लागेको छ । पूर्व-पश्चिम राज-मार्ग बाहेक अरू पनि राजमार्गका निर्माणद्वारा देशका अनेक भाग जो यातायातका सुगम साधनका अभावले पिछडिएका अवस्थामा थिए ती शनैः शनैः अघि बढ्दैछन् औ यसले हाम्रो राष्ट्रिय पूर्णता प्राप्त गर्दैछ ।

राणाशासनले देशका झ्याल-ढोका थुनेर आफू भित्र बस्ने नीति अवलम्बन गरेको थियो । यो नीतिले कुनै दृष्टिले पनि देशको कल्याण हुन नदिएको हुनाले यहाँ प्रजातन्त्र स्थापना भएपछि देशका झ्याल-ढोका उघारिए र बाह्य संसारका ज्ञानको प्रकाश हाम्रो देशमा पर्न पायो । आधुनिक समयमा विदेशी यात्रीहरूद्वारा अनेक देशले ठूलो ज्ञान प्राप्त गरेको कुरा सर्वविदित छ । प्रकृतिले अत्यन्त चित्ताकर्षक सुन्दरता प्रदान गरेको हाम्रो देशमा विदेशीहरू हजारौंका संख्यामा आउने संभावना देखी विदेशी यात्रीहरूलाई यहाँ आउन आकर्षित गर्न अनेक प्रकारका उपाय अवलम्बन गर्नुपर्ने आवश्यकता थियो । यसका निम्ति ठूला ठूला होटलको निर्माण आवश्यक थियो । यो कार्यका निम्ति व्यापारीहरूलाई सरकारी बैंकद्वारा ऋण उपलब्ध गराउने प्रबन्ध गरियो औ अनेक आधुनिक विश्रामगृह ठाउँ-ठाउँमा निर्माण गरिए । बस्ने तथा अरू प्रकारका सुविस्ताको व्यवस्था भएपछि हजारौं विदेशी यात्री बर्सेनि नेपालमा आउन लागेका तथा तिनका आगमनले देशलाई ठूलो लाभ भएको छ । थरी थरीका उद्योगहरू विशेषतः कुटीर उद्योगले ठूलो प्रोत्साहन प्राप्त गरिरहेछन् ।

बैंकले होटल-भवन-निर्माणका निम्ति सुगम ब्याजमा ऋण दिने जो ऋण माथि भनियो त्यसको वर्तमान नेपालमा ठूलो स्थान भएको छ । विविध बैंक वा व्यापार तथा उद्योग-धन्धा प्रवर्धन गर्ने संस्थाले व्यापार वा उद्योग गर्न खोज्ने व्यक्तिलाई सुगमतापूर्वक ऋण प्रदान गर्ने व्यवस्था जो श्री ५ महेन्द्रद्वारा देशमा स्थापित गरिबक्सियो त्यसले गर्दा अनेक प्रकारका उद्योग, व्यापार कृषि इत्यादिलाई ठूलो सघाउ पुऱ्याएको छ तथा अनेक लाभदायक कार्य बिस्तार-बिस्तारै हुँदैछन् । यो उपायले व्यवसायको वृद्धिमा ठूलो सहायता पुऱ्याएको छ तथा भविष्यमा उद्योग-धन्धा, व्यापार, कृषिलाई आफ्नै खुट्टामा उभिने यसले गराउला भन्ने आशा छ । श्री ५ महेन्द्रको यस्तो उदार नीतिले गर्दा देशमा आर्थिक अभिवृद्धिका वातावरणको निर्माण हुँदैछ तथा केही कालमा यसले देशको आर्थिक अवस्थामा ठूलो परिवर्तन ल्याउला भन्ने विश्वास भएको छ ।

श्री ५ महेन्द्रले आफ्नै परिश्रमद्वारा आधुनिक संसारको ज्ञान प्राप्त गरेको हुनाले मौसूफको ज्ञान मार्मिक तथा उपयुक्त हुनु स्वाभाविक छ । मौसूफ अनेक कलामा निष्णात होइबक्सिन्थ्यो । मौसूफको संगीत आदि कलाको ज्ञान अत्यन्त गंभीर थियो । मौसूफका विचारमा उच्च प्रकारका संगीतका ज्ञानको हाम्रो समाजमा ठूलो अभाव थियो । त्यसैले नेपालीहरूले मध्यम प्रकारको संगीत अभ्यास गरे तथा त्यसमा योग्यता प्राप्त गरे पनि धेरै हुने थियो भन्ने मौसूफ ठानिबक्सिन्थ्यो । गीत तथा तालको राम्रो ज्ञान भएको हुनाले मौसूफ नृत्यको पनि मूल्याङ्कन गर्न समर्थ होइबक्सिन्थ्यो ।

श्री ५ महेन्द्रको साहित्यिक अभिरुचि बडो गम्भीर थियो। मौसूफ स्वयं नेपालीमा आधुनिक कविता लेखिबक्सिन्थ्यो। मौसूफको भाषा विशुद्ध नेपाली छ तथा अचेलका लेखकहरूले झैं मौसूफले संस्कृत शब्द बहुलतापूर्वक प्रयोग गर्न मन नपराएको स्पष्ट छ। मौसूफको भाषा तथा भाव नेपाली बान्कीका हुनाले मौसूफका कविताको अर्थ बुझ्न साधारण नेपाली पनि सक्छन्। नारीका सौन्दर्यको वर्णन गर्दा मौसूफ साधारण नेपाली समाजको शिष्टतापूर्ण दृष्टिकोण उपस्थित गरिबक्सिन्थ्यो। उदाहरणका निम्ति मौसूफले वर्णन गरिबक्सेको नारी सौन्दर्यका केही उदाहरणको विचार गरे मेरो भनाइ स्पष्ट हुनेछ। 'गाजलु आँखा' निधारको त्यो रातो टीका 'झल्केको नाकको फुली' छड्के परी बसेको 'पोते' 'बारुलीको छिनेको कम्मर' इत्यादि जो शब्द-चित्र यी वाक्यांशमा उपस्थित गर्छन् ती हाम्रो नेपाली जीवनका अभिन्न अङ्ग भएका हुनाले तिनलाई बुझ्न जस्तै नपढेको नेपाली पनि सहजै सक्छ। यसै गरी मौसूफले आफ्ना कविताहरूमा भएका वर्णनहरूको पृष्ठभूमि नेपाली पहाडी जीवनलाई तुल्याएको हुनाले सो बुझ्न पहाडको अनुभव हुने नेपालीलाई कत्ति पनि गाह्रो पर्दैन। सरल भाषा, नेपाली पृष्ठभूमि, भनाइको नेपाली रीति, नेपाली दृश्यको वर्णन आदिद्वारा मौसूफका कविताले सरलता, हृदयग्राहिता, प्रभावित पार्ने शक्ति इत्यादि अनेक गुण प्राप्त गरेका छन्। श्री ५ महेन्द्रका कवितामा देशभक्तिको धाराको जो प्रवाह छ तथा त्यो प्रवाहले वर्णन गरेका विषयसित जो एकात्मकता प्राप्त गरेको छ तिनले गर्दा श्री ५ महेन्द्रका हृदयमा देशभक्ति चुलीसम्म विद्यमान भएको कुरा अनुभव हुन्छ। प्रेमी तथा प्रेमिकाको भेट हुँदा पनेराका छेउमा हुन्छ, उनीहरू कपालमा गुन केसरी सिउरन्छन्, उनका छातीमा पोतेको लहर हुन्छ इत्यादि प्रत्येक वाक्यांशले उपस्थित गरेका चित्रको विचार गर्दा कवितालाई नेपाली नारी, नेपाली ढाँचा, नेपाली चाला बाहेक अरू थोक मन नपरेको बुझिन्छ।

श्री ५ महेन्द्रको हृदय देशभक्त नेपालीको हृदय थियो र मौसूफले लेखेका कविता अत्यन्त प्रभावशाली तथा आधुनिक विचारले युक्त छन्। ती प्रजातान्त्रिक विचार अर्थात् स्वतन्त्रता, समानता तथा भ्रातृत्वका भावले परिपूर्ण छन्। त्यसैले ती महत्त्वपूर्ण तथा प्रभावशाली भएका छन्। उदाहरणार्थ—

'ज्यू धनभन्दा स्वदेश प्यारो नेपाली ठान्दछौं।
सूर्य र चन्द्र अङ्कित झण्डा उचालि राख्नेछौं।'

देशभक्त नेपालीका निम्ति स्वदेशभन्दा बढी प्यारो वस्तु अर्को केही छैन किन भने यसको स्वतन्त्र अस्तित्वमा नै आफ्नो सर्वस्व तथा आफ्नो प्राण पनि त्याग गर्न सदा तत्पर भएर नेपाली बस्छ।

नेपाली हामी सबै एकै हौं भनेर समानताको शिक्षा दिने उद्देश्यले कविको–'लाशमा तासै परोस् वा खाँडीले के फरक भो', भन्ने उक्तिद्वारा मरेपछि सबै एकै भएपछि जिउँदोमा मात्र भेदभाव गर्नु बुद्धिमानी होइन भनी बडो चित्ताकर्षक रीतिले कविले आफ्नो विचार प्रकट गरेको छ—

'गर्छिन् पुकार आमा रोई कराई जोडले ।
होइन मेरो भन्छिन् सन्तान थरी थरीका ।।'

प्रथम श्लोक भएको कविता ती आफ्ना ध्वनिमा अद्वितीय छ। जस्तै उदार विचार भएको मान्छेलाई पनि यसले आफ्नो गम्भीर भित्री अर्थले सन्तोष प्रदान गर्छ ।

यसरी विचार गर्दा श्री ५ महेन्द्रका कविताहरू देशभक्तिपूर्ण, सरल भाषाले युक्त तथा अत्यन्त उच्चकोटिका विचारले पूर्ण देखिन्छन् तिनले देशप्रेमीलाई देशप्रेम, सरलता, मन पराउनेलाई सरल भाषा, तथा शृङ्गार मन पराउनेलाई विशुद्ध शृङ्गारका उदाहरण प्रस्तुत गर्छन् ।

श्री ५ महेन्द्रका कृतिहरूको अध्ययनबाट पनि मौसूफका हृदयमा विद्यमान जिउँदो, बल्दो राष्ट्रियताको परिचय प्राप्त हुन्छ। मौसूफको 'रारा कि अप्सरा" भन्ने यौटा कविता छ । त्यसमा राराका सुन्दरताद्वारा आफू प्रभावित भै मौसूफले राराका सुन्दरताको वर्णन गरिबक्सेको छ । यस्तो राम्रो वस्तुले स्वर्गबाट देवताको श्रापले झर्नु पऱ्यो होला भन्ने कवि विचार गर्छन् । तल झरे पनि यसले आफू बस्ने ठाउँ नेपाल अधिराज्य नै किन छान्यो त भन्दा कविको भनाइ छ—

'स्वर्ग नै ठान्यौ तिमीले झुक्केर,
आई अनि बस्यौ यस पृथ्वीमा
एशियाको धुकधुकीमा
रारामा, नेपालमा,
नेपालीको यो प्यारो देशमा ।'

श्री ५ महेन्द्रको हृदयमा भएको राष्ट्रियता कहिल्यै कुनै अवस्थामा पनि नेपाललाई स्वर्गभन्दा घटी कल्पना गर्न असमर्थ छ तथा नेपालमा स्थित राराको पनि सुन्दरता अद्वितीय छ। राष्ट्रियताले हामीलाई सिकाउने पाठ पनि यही हो। देशप्रेम, देशका वस्तुप्रति प्रेम, देशका मानिसप्रति प्रेम नै राष्ट्रिय विचारको आदर्श हो। त्यो कुरा श्री ५ महेन्द्रम ा,मौसूफका विचारमा तथा मौसूफका कृतिमा बडो सुन्दरता-

पूर्वक तथा चित्ताकर्षक रूपले विद्यमान छ। मौसूफले यसैले आफूले पाएको नेपालभन्दा धेरै विकसित नेपाल आफ्ना सुयोग्य पुत्र वर्तमान श्री ५ महाराजाधिराजलाई सुम्पेर स्वर्गारोहण गरिबक्सियो। श्री ५ महाराजाधिराज सरकारका विलक्षण नेतृत्वमा आज श्री ५ महेन्द्रले दृढतापूर्वक राखेका जगमा हामी सबै विशाल भवन निर्माण गर्ने कार्यमा लागेका छौं !

**सन्दर्भ ग्रन्थ—**


1. H. M. Mahendra Bir Bikram Shah Dev—
   The Citizen King of Nepal
   —Nepal Trading Corp. New Delhi.
2. Gurkha
   Sir Francis Tuker—1957, London

३. महेन्द्र स्मृति ग्रन्थ—ने० रा० प्र० प्र०।

४. श्री ५ त्रिभुवन स्मृति ग्रन्थ—

५. दस वर्षको सिंहावलोकन
   —सूर्यविक्रम ज्ञवाली : 'प्रज्ञा' वर्ष १, अंक ३।


( प्रवचन मिति : २०३७।८।२७।६ )

# नेपालमा कानूनको सुदृढीकरण तथा विकासको सन्दर्भमा श्री ५ महेन्द्रको देन

—श्री नैनबहादुर खत्री

●

आज यस नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको तत्त्वावधानमा प्राज्ञ महानुभावहरूको बीचमा बसी स्वर्गीय श्री ५ महेन्द्रबाट आफ्नो शासनकालमा कानून र न्यायको क्षेत्रमा बक्सेको योगदानको श्रद्धापूर्वक स्मरण गरी आफ्नो मन्तव्य व्यक्त गर्ने मौका पाएकोमा मलाई सारै खुशी लागेको छ। हिमवत्खण्डको कला संस्कृतिको विकास गरी देशको शिरताज उठाउने कार्यमा अग्रसर रहेको यस प्रतिष्ठानले विभिन्न रचनात्मक कार्यक्रमहरू संचालन गरी आफ्नो बहु-पक्षीय कार्यकलापबाट स्वनामधन्य साबीत गर्दै लगेको देख्न पाउँदा राष्ट्र-प्रेमी सबैलाई संतोष लाग्नु स्वाभाविक छ। 'महेन्द्र-स्मृति प्रवचन-माला', जस्तो गहकिलो कार्यक्रममा मलाई समेत भाग लिने अवसर दिनुभएकोमा राजकीय प्रज्ञा प्रतिष्ठानप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

स्व० श्री ५ महेन्द्र एउटा यस्तो महान् व्यक्तित्व होइबक्सिन्थ्यो जसको जीवन-गाथा नेपालीमात्रको लागि सदा नै प्रेरणाको अक्षय भण्डारको रूपमा

रहनेछ । त्यसैले राष्ट्रिय जन-जीवनका विभिन्न क्षेत्रका व्यक्तिहरूले आ-आफ्नो कार्यक्षेत्रको दृष्टिबाट स्व० श्री ५ महेन्द्रको व्यक्तित्व अध्ययन गर्न खोजेको पाइन्छ। उदाहरणार्थ साहित्यकारहरूले मौसूफलाई नेपाली जनताको हृदय र प्रकृतिको सौन्दर्यको जीवन्त गीत गाउने कविको रूपमा, राजनैतिक दर्शनवेत्ताहरूले नयाँ राजनैतिक दर्शनको प्रणेताको रूपमा, शासन विशेषज्ञहरूले कुशल शासकको रूपमा, समाजशास्त्रीहरूले एक आदर्शवादी समाज सुधारकको रूपमा हेरेको पाइन्छ। न्याय र कानूनको क्षेत्रका हामीहरूले श्री ५ महेन्द्रलाई कानूनी राजलाई संस्थागत रूप प्रदान गर्ने कानूनको मर्मज्ञको रूपमा हेर्दछौं। एकजना शासकको व्यक्तित्वमा यति धेरै विविध कौशलको सम्मिश्रणको उदाहण विरलै देख्न पाइन्छ। एउटा प्रवचनको परिधिभित्र श्री ५ महेन्द्रको सर्वांगीण व्यक्तित्वलाई अटाएर अध्ययन गर्न सक्छु भन्ने ठान्नु धृष्टता हुन जान्छ जस्तो मलाई लाग्छ। न्याय, कानून देशको सामाजिक, राजनैतिक, आर्थिक, ऐतिहासिक, सांस्कृतिक क्षेत्रको प्रगतिको टड्कारो दर्पण भएकोले न्याय कानूनको विषयगत क्षेत्रबाट हेर्दा श्री ५ महेन्द्रको व्यक्तित्वको पूर्णरूप प्रकाशमा आउँछ भन्ने मेरो धारणा छ, किनभने कुनै सरकारको वा शासन व्यवस्थाको उत्कृष्टताको परिचायक पनि उत्तम न्यायिक परिपाटी नै हो भनिएको छ।

सुसंगठित र सबल नेपालको निर्माण र सुदृढीकरणमा नेपाली राजमुकुटको विशेष देन रहेको कुरा नेपालको राजनैतिक इतिहास लगायतले निर्विवाद रूपमा प्रमाणित गरेको छ। शाहवंशका यशस्वी राजाहरूको ठूलो परिश्रम र पसीनाले आजको अवस्थामा नेपाली राष्ट्रियताको सम्वर्द्धन हुन सकेको कुरा इतिहास सम्मत सत्य हो। श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहबाट सानातिना राज्य रजौटामा छिन्न भिन्न भएको देशलाई एकीकरण गरी निर्माण गरिबक्सेको विशाल नेपालमा विभिन्न रूपमा लागू रहेका कानूनी व्यवस्थालाई बृहत् संहिताको रूपमा संहिताबद्ध गरी वि० सं० १९१० मा मुलुकी ऐन निर्माण गरी लागू गर्ने काम श्री ५ सुरेन्द्रबाट भयो भने स्व० श्री ५ त्रिभुवनबाट जनताको हक अधिकारको लागि आफ्नो गद्दीको समेत बाजी लगाई प्रजातन्त्रको प्रादुर्भाव गराइबक्स्यो। शाहवंशीय राजाहरूको यस्तो गरिमामय परम्परामा स्वर्गीय श्री ५ महेन्द्रबाट कानूनी राज र प्रजातान्त्रिक व्यवस्थाको सुदृढीकरणद्वारा देशको भाग्योन्नतिमा अर्को महत्त्वपूर्ण आयाम थपिबक्स्यो। जुनसुकै मुलुक पनि सही र यथार्थ रूपमा तब मात्र सबल सुदृढ प्रजातान्त्रिक हुन सक्दछ जब त्यस देशमा कानूनको शासन हुन्छ। कानूनको सर्वोपरिताको सर्वसम्मत मान्यताको अभावमा प्रजातन्त्रको कल्पनासम्म पनि गर्न सकिंदैन यस दृष्टिबाट हेर्दा नेपाली हृदयमा सदा वास गर्ने राजा त्रिभुवनबाट २००७ सालमा जनताको सहभागिताको आधारमा बीजारोपण गरिबक्सेको प्रजा-

तन्त्रलाई श्री ५ महेन्द्रले मल-जल गरी हुर्काउने अति कठिन र महत्त्वपूर्ण कार्य गरिबक्सेको हो भन्न सकिन्छ । लोक कल्याणकारी नीति-नियमअनुसार देशको शासन चलाउने राजवंशको परम्परा भएकोले नै हाम्रो मुलुकमा कानूनी राज, स्वतन्त्र न्यायपालिका, मौलिक हकका प्रत्याभूत जस्ता प्रजातन्त्रका आधारभूत विशेषताहरू रक्तपातपूर्ण संघर्षविना नै प्राप्त हुन सकेको हो भन्न सकिन्छ । अन्य कतिपय मुलुकको अनुभवसँग तुलनात्मक रूपले हेर्दा यो तथ्यलाई अत्यन्त महत्त्वपूर्ण उपलब्धि मान्न करै लाग्छ । अझ स्पष्ट शब्दमा भन्ने हो भने अन्य कतिपय मुलुकमा जनतालाई स्वतन्त्रता दिन, कानूनी राज्यको मूलभूत प्रक्रियाद्वारा शासित हुन वा स्वतन्त्र न्यायपालिकाको स्थापना आदि कार्यमा शासकहरू बाधक भएका पाइन्छन्, तर नेपाली राजाहरू यस्तो प्रजातन्त्रको आधार स्तम्भ कायम गर्ने कुरामा बाधक होइन, साधक भएका पाइन्छन् । राजा र प्रजाको आकांक्षा र हितको यस्तो समस्वरता नेपाल राष्ट्रको विशेषता हो ।

लामो राजतन्त्रात्मक इतिहास भएको हिन्दू अधिराज्य नेपालको कानूनी र न्यायिक प्रणालीको ऐतिहासिक पृष्ठभूमिको प्रसंग प्रस्तुत विषय-प्रवेशको लागि उपयोगी होला भन्ने सम्झेको छु । नेपालको कानूनी इतिहासलाई नियालेर हेर्दा किरात, लिच्छवी र मल्लकाल हुँदै शाहवंशीय राजाहरूबाट समेत अविच्छिन्न रूपमा कानूनी व्यवस्था कायम गर्ने ( स्थिति बाँध्ने ) र न्याय गर्ने कुरामा अग्रगामी भूमिकाको निर्वाह भैआएको कुरा स्पष्ट दृष्टिगोचर हुन्छ ।' किराँत कालमा यलम्बर, लिच्छवी कालमा मानदेव र मल्लकालमा जयस्थिति मल्ल आ-आफ्नो कालका श्रेष्ठ न्यायप्रेमी राजाहरू हुन् भन्नु अत्युक्ति होला जस्तो लाग्दैन । किराँती कालमा किराँती वेदअनुसार चोरी लगायतका अपराधहरूको निर्धारण र सजायको व्यवस्था गरिने गरेको, मल्लकालमा स्मृतिहरूको संग्रह गरी सोहीअनुसार जनताको व्यवहार नियन्त्रण गर्ने स्थिति बाँध्ने लगायतका कार्यहरू भएको ऐतिहासिक तथ्यबाट नेपालका शासकहरूले आफ्नु इच्छालाई भन्दा शास्त्रकारहरूको निर्देशलाई प्रधानता दिंदै आएको प्रष्ट हुन आउँछ । गोरखा नरेश राम शाहले शास्त्रानुरूप धेरै कानूनी व्यवस्थाहरूसहित न्याय गर्ने राम्रो व्यवस्था मिलाएकोले 'न्याय नपाए गोरखा जानु' भन्ने लोकोक्ति प्रचलित भएबाटसमेत शास्त्रअनुसार राजा प्रजा सबैको व्यवहार चलाउने परिपाटी नेपालमा आदिकालदेखि चल्दै आएको पाइन्छ ।

श्री ५ बड़ा महाराजाधिराज पृथ्वीनारायण शाहबाट देशलाई एकीकरण गरी सुन्दर शान्त विशाल नेपालको निर्माणमा धेरैजसो समय लगाइबक्सेर पनि न्यायिक प्रणालीलाई सुदृढ़ीकरण गर्न थिति बाँध्ने इच्छा राखिबक्सेको थियो । "राजा राम शाहले बांध्याको थिति पनि हेरिसके, राजा जयस्थिति मल्लले बाँध्याको

थिति पनि हेरिसके, राजा महीन्द्र मल्लले बाँध्याको थिति पनि हेरिसके, सके म पनि १२ हजार थिति बाँधी जाउँला" भन्ने दिव्य उपदेशबाट आफूभन्दा पूर्वका यशस्वी राजाहरू र पूर्वजको समेत परम्पराको अक्षुण्णता कायम गरी बलियो स्थिति बाँध्ने अभिलाषा मौसूफबाट राखिबक्सेको प्रष्ट हुन्छ। मौसूफबाट "नियाँ' निसाफ बिगार्न्या भनेको घूस दिन्या र घुस खान्या" भनेर न्यायलाई निष्कलंक र पवित्र रूपमा सम्पादन गर्न सचेत मात्रै गराइबक्सेन, "अन्याय मुलुकमा हुन नदिनु... निया शास्त्रबमोजिम अदालत चलाउनु" भन्ने दिव्य उपदेश बक्सेर युगान्तरसम्मको लागि न्यायिक पथप्रदर्शन पनि गरिबक्सेको थियो। दुर्भाग्यवश बि० सं० १९०३ मा शासनको बागडोर राणाहरूको हातमा परेकोले नेपालमा मौसूफको दिव्य उपदेशअनुरूप न्यायपूर्ण शासन चलाउने काममा ठूलो व्यवधान उत्पन्न हुनगयो। नेपालको इतिहासमा १०४ वर्षको राणा शासनकालको अँध्यारो छायाको असर अन्य क्षेत्रमा भन्दा कानून र न्यायको क्षेत्रमा सर्वाधिक मात्रामा परेको थियो। श्री ५ बाट पञ्जापत्रद्वारा देशको शासन भार चलाउनेसम्म अख्तियार पाएकोमा अख्तियार नाघी श्री ५ को अधिकारमा समेत नियन्त्रण राख्ने धृष्टता राणा शासकहरूबाट भयो। राणाहरूले आफूलाई 'कानूनको अधीनमा नराखी चरम निरंकुशता देखाएको कुरा वि० सं० १९६९ मा भएको पुरानो मुलुकी ऐन विन्तिपत्र प्रमांगीको महलको ७ नम्बरमा ऐनमा विरोध पर्ने काम प्राइमिनिष्टर बाहेक अरूले गर्न नहुने भन्ने संशोधन गरेबाट प्रष्ट हुन आउँदछ। यसरी राणा शासनकाल नेपालको सर्वाङ्गीण विकासको बाटोमा तगारो बन्न पुग्नाको मूल कारण राणा शासकहरूले आफूलाई कानूनभन्दा माथि राख्नु र मनमानी निरंकुश तरीकाले व्यवहार गर्नु हो। यस्तो निरङ्कुश शासनको अन्धकारमय युग समाप्त गरी प्रजातन्त्रको उज्यालोतिर अभिमुख गर्न देशमा सर्वप्रथम कानूनी राजको बहाली प्रमुख आवश्यकता थियो भन्न सकिन्छ। यसैले २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि यस दिशातर्फ सर्वप्रथम ध्यान जानु स्वाभाविकै थियो र नेपाल अन्तरिम शासन विधान २००७, प्रधान न्यायालय ऐन २००८ कानूनी राज्यको स्थापना तिर उन्मुख आधुनिक नेपालको वैधानिक पद्धतिका पहिला प्रकाश हुन् भने अत्युक्ति होलाजस्तो लाग्दैन।

कानून भनेको जनतालाई शासकको अधीनमा राख्ने यन्त्र हो। त्यसैले कानून जनताको लागि मात्र बन्धनकारी हुन्छ शासकको लागि हुँदैन भन्ने पुरानो राणाकालको कानून र न्यायप्रतिको भ्रामक धारणा २००७ सालपछि हट्न गै कानून शासक शासित दुवैलाई समान रूपले लागू हुने दुवैले उत्तिकै मात्रामा पालन गर्नुपर्ने कुरा हो भन्ने कुरा जनमानसमा २००७ साल फागुन ७ गते भएको श्री ५

त्रिभुवन सरकारको शाही घोषणा र त्यसपछि जारी भएको अन्तरिम शासन विधान र प्रधान न्यायालय ऐनसमेतले अमिट छाप पार्दै ल्यायो । यस्तो जनता र सरकार दुवैको कानूनप्रतिको आस्था र सर्वोच्चताको भावना कानूनी राजको लागि नभै नहुने पूर्वावस्था सृजना हुन गै पुरानो मुलुकी ऐन जारी हुँदा "हामीदेखि रैयततकले यस ऐनबमोजिम रहनु" भन्ने प्रष्ट उल्लेख भएकोमा प्राइमिनिष्टरलाई कानून विपरीत गर्न अख्तियारी हुन्छ भन्ने विन्तिपत्र प्रमांगीको महलको ७ नम्बरबाट पर्न गएको कलंक मेटिन गै नेपाललाई सर्वमान्य नीति नियमअनुसार शासन चलाई कल्याणको मार्गमा अग्रसर गराउने कार्यमा पर्न आएको व्यवधान हट्न गयो । कानूनको शासनको लागि असल कानूनका साथै ती कानूनप्रति जनता र दुवैको सहज र स्वाभाविक सम्मानको भावना नितान्त जरूरी हुन्छ । कानूनको पालना दण्ड वा अन्य कुराको भयबाट हुनुभन्दा जनताको हृदयबाट स्वत : स्फूर्त रूपमा हुनु श्रेष्ठतर हुन्छ । सरकार राज्यशक्ति सम्पन्न हुन्छ तर हरेक शक्तिको सदुपयोग र सृजनात्मकताको लागि सद्विवेकको आवश्यकता हुन्छ । कानून सरकारको राज्यशक्ति पारिचालनको मार्गलाई उज्यालो पार्ने दीपक हो । त्यसैले सरकार वा सरकारी निकायद्वारा कानूनको रत्तीभर पनि अपालना हुनु हुँदैन । राज्यको शान्ति सुव्यवस्था कानूनमा टिकेको हुन्छ, जनताको ज्यू धनको सुरक्षा कानूनको व्यापक पन्जाभित्र सुरक्षित रहेको हुन्छ, त्यसैले कानूनको जहाँ अन्त्य हुन्छ त्यहाँ अत्याचार शुरू हुन्छ भनिएको हो । यी मार्मिक कुरा हामीले २००७ सालअगाडि र पछाडिको जनजीवन र राज्यको जीबनको तुलनात्मक अध्ययनबाट सजिलैसँग फेला पार्न सक्ने शिक्षा हो । यो अनुभवमा आधारित ज्ञान हाम्रो मात्र अनुभव नभै मानव जातिको नै अनुभव हो भन्ने कुरा मानिसले सिकेका कुराहरूमध्ये कानूनद्वारा शासित हुन सकेको सर्वाधिक महत्त्वको छ भन्ने विश्वका प्रसिद्ध कानूनविद्हरूको भनाइबाट पनि प्रष्ट हुन्छ । हुन पनि मानिस हुन थालेपछि मानव सभ्यताको थालनी भएको हो । जुनसुकै देश स्थायी उन्नतिको शिखरमा तब पुग्दछ जब त्यो देशमा कानूनअनुरूप शासन चल्छ । अन्य प्रकारका सुरक्षाबाट असुरक्षाको वृद्धि मात्र हुन्छ । कानूनद्वारा हुने सुरक्षा मात्र मानवोचित र स्थायी हुन्छ भन्ने कुरा विभिन्न देशको इतिहासले साबीत गरेको कुरा हो । २००७ सालपछि र अघिको जनजीवनमा विभिन्न क्षेत्रका व्यक्तिले विभिन्न किसिमले भिन्नताहरू औंल्याएको पाइन्छ, कानून र न्याय क्षेत्रका हामी यही कानूनी राजको विद्यमानतामा र अविद्यमानतामा नै मौलिक भिन्नता देख्दछौं ।

यसरी न्याय र कानून क्षेत्रको अनुभवात्मक दृष्टिबाट २००७ सालपछिको युगलाई महत्त्वपूर्ण युग भन्न सकिन्छ किनभने २००७ सालदेखि नेपालमा व्यक्तिको

शासनलाई कानूनको शासनले प्रतिस्थापन गर्‍यो। २००७ सालमा जारी भएको नेपाल अन्तरिम शासन विधानले सरकारको गठन, अधिकार र कर्तव्य तोक्ने कार्य गर्‍यो भने प्रधान न्यायालय ऐनले अन्तरिम शासन विधानले तोकेका सीमा उल्लंघन भए नभएको निगरानी राख्ने देशको सबभन्दा न्यायिक निकाय प्रधान न्यायालयको संस्थापन गर्‍यो। सरकारले कानूनी सीमाभित्र रही मर्यादापूर्ण तरीकाले कार्य गरेको छ छैन भनी निगरानी राख्ने र जनतालाई प्रदान गरेको हकमा सरकारी वा गैर-सरकारी जुनसुकै क्षेत्रबाट पनि व्यवधान खडा गरिएमा उपचारको बाटो प्रदान गर्न रिटसम्बन्धी व्यवस्था सर्वप्रथम प्रधान न्यायालय ऐनमा भयो। तसर्थ नेपालमा कानूनी राजको संस्थापनमा प्रधान न्यायालय ऐन २००८ लाई न्यायिक र कानूनी जगत्मा क्रान्तिकारी परिवर्तन ल्याउने उत्प्रेरक तत्त्वको रूपमा लिन सकिन्छ। यस ऐनको दफा ३० मा जनताको हक प्रचलन गराउने असाधारण उपचारको व्यवस्था गरिएको र सो दफा केही समयको लागि २०१० सालमा झिकिंदा नेपाली जनतामा ठूलो खैलाबैला मच्चियो, न्यायपालिकाको अधिकार झिकिंदा जनताको अधिकारको सार्थक उपयोग हुन नसक्ने र अधिकारमा अतिक्रमण गर्नेहरू अनियन्त्रित रहने हुँदा जनताले आफूलाई असुरक्षित र आतंकित महसूस गर्न थाले। वि० सं० २०११ सालमा स्व० श्री ५ त्रिभुवन स्वास्थ्योपचारको लागि विदेश सवारी होइबक्सेको वेला राजप्रतिनिधिको हैसियतले श्री ५ महेन्द्रबाट राज्यको अभिभारा सम्हालिबक्सेको थियो। जनताको पीर मर्का हटाउन उपचार दिन र कानूनको राज कायम गर्न न्यायिक नियन्त्रणको महत्त्व बुझिबक्सी अघि खारेज हुन गएको दफा ३० को व्यवस्था पुनः बहाल रहने गरी संशोधन गरिबक्सियो। मौसूफबाट चालिबक्सेको यो कदमले मलाई लाग्छ न्यायप्रति मौसूफको आस्थालाई अविकलित रूपमा प्रस्फुटित मात्र गरेन, कानूनको राज र न्यायपालिकाको स्वतन्त्रताको गरिमाप्रतिको आस्था पुनः अभिनिश्चित हुन गै प्रजातन्त्रको सुदृढ़ीकरणको बाटो सहज हुन गयो। यसबाट मौसूफको सुशासनको पूर्वाभास नेपालीमात्रले पाए।

श्री ५ महेन्द्रबाट जुन वेला राज्यारोहण गरिबक्स्यो त्यस बखत प्रजातन्त्रको जग मजबूत गर्न संविधान लगायतका सम्पूर्ण पूर्वाधारहरू खड़ा गर्ने काम बाँकी थियो। २००७ सालपछि धेरै प्रजातान्त्रिक सरकारहरू गठन र विघटन हुँदै गएर पनि वाञ्छित पूर्वाधारहरू सबै तयार हुन सकेका थिएनन्। जनतालाई क्रान्तिपछि अन्योल र दिशाभ्रमको अवस्थामा रुमल्लिन नदिई राष्ट्रलाई आफ्नो उद्देश्यअनुरूप अघि बढाउने चुनौती त्यतिखेर थियो। राज्यव्यवस्थामा एक युगबाट अर्को युगमा प्रवेश गर्दा संक्रमण कालमा झेल्नुपर्ने जटिलता, कठिनता र समस्यापूर्ण चुनौतीहरू सामना गर्ने उत्साह, साहस र क्षमता सम्पन्न शासकको दरकार तत्कालीन

नेपाललाई थियो। यस्तो नाजुक घडीमा सौभाग्यवश श्री ५ महेन्द्र जस्ता सपूतको सेवा पाएर सुन्दर शान्त बिशाल नेपालले आज सम्मानसाथ विश्व रंगमंचमा उभिन पाएको छ।

अब म यस ऐतिहासिक पृष्ठभूमिमा उदीयमान होइबक्सेका स्वर्गीय श्री ५ महेन्द्रबाट देशमा कानूनी राजको स्थापना र विकासमा विभिन्न कानूनी कदमहरू चालिबक्सेर दिइबक्सेको योगदानको बारेमा चर्चा गर्न चाहन्छु।

श्री ५ महेन्द्रबाट शासन भार सम्हालिबक्सेको लगत्तै पछि नागरिक अधिकार ऐन २०१२ जारी गरिबक्सेको थियो। यो राजाबाट जनतालाई बक्सेका अधिकारहरूको महान् घोषणापत्र हो भने हुन्छ जस्तो लाग्छ। २००६ सालमा तत्कालीन शासकहरूबाट व्यक्तिगत स्वतन्त्रता ऐन बनाई जारी गरिएको भए पनि सो ऐनको व्यवस्था २००७ सालको परिवर्तित स्थितिमा सुहाउँदो नभएको मात्र होइन उपचारको दृष्टिले समेत यथेष्टताको अभाव भएको कारणबाट समेत उक्त व्यक्तिगत स्वतन्त्रता ऐन प्रभावकारी हुन सकेको थिएन। अन्तरिम शासन विधानमा राज्यको निर्देशक सिद्धान्तका रूपमा नागरिक स्वतन्त्रताका बिषयहरू समावेश भएबाट त्यसमा उल्लिखित अधिकारजन्य कुराहरूले कार्यान्वयनको कानूनी बल प्राप्त गर्न सकेको पाइँदैन। यस परिप्रेक्ष्यमा राजाबाट वैधानिक रूपमा उपचारको विस्तृत व्यवस्थासहित बक्सेको नागरिक अधिकार ऐनबाट प्रजातान्त्रिक समाजको सिर्जना हुने ठोस आधार प्राप्त भयो भन्न सकिन्छ। त्यसपछि देशले संविधानको विस्तृत व्यवस्थासहित मौलिक हकहरू पाएका परिप्रेक्ष्यमा केवल सामान्य कानूनको रूपमा रहेको भन्ने आधारमा नागरिक अधिकार ऐनको महत्त्वको प्रधानता बोध गर्न पछिका पिंढीलाई गाहारो पर्न सक्छ। तर संविधान नै तर्जुमा हुन नसकेको अवस्थामा राजाबाट जनतालाई बक्सेको हुनाले ऐतिहासिक आधारमा मूल्यांकन गरी हेरेमा यसको महत्व बुझ्न गाह्रो हुने छैन। देशको भौगोलिक अवस्था र यातायात संचारको सुविधाको अपर्याप्ततालाई विचार गर्दा कसैले कसैलाई गैरकानूनी थुनामा राखेमा र कसैले कसैको हकमा आघात पर्ने आशंका देखिएमा बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञा जस्ता आदेशहरू जिल्लामा पुनरावेदन सुन्ने अदालतबाट जारी हुन सक्ने गरी नागरिक अधिकार ऐन २०१२ मा व्यवस्था भएबाट जनताले आफ्नो हक संरक्षण गराइमाग्न सुगम व्यवस्था हुन गयो। साथै सरकारी निकाय वा कर्मचारीहरूउपर मुद्दा गर्नुपर्दा अपनाउनुपर्ने उपायको कार्यविधिसमेतको व्यवस्था भएबाट जनता र सरकारको सम्बन्ध पनि यस ऐनबाट नियमित भएको देखिन्छ।

कानूनी राज्य स्थापना गर्ने क्रममा स्व० श्री ५ महेन्द्रबाट सर्वाधिक महत्त्व-

पूर्ण योगदान संवैधानिक क्षेत्रमा प्राप्त भएको छ। नेपालको लिखित संवैधानिक प्रक्रियाको विकाससँग मौसूफको व्यक्तितत्व अविभाज्य रूपमा गाँसिएको छ। २००७ सालपछि नेपालको कानूनी पद्धतिको इतिहासमा देखापरेको आधारभूत र सर्वाधिक महत्त्वपूर्ण आयाम पनि लिखित संवैधानिक पद्धति नै हो भन्न सकिन्छ। हाम्रो लिखित संवैधानिक इतिहासतर्फ फर्केर हेर्दा २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव हुनुअघि नै २००४ सालमा तत्कालीन प्रधानमन्त्रीबाट जारी भएको नेपाल सरकारको वैधानिक कानूनबाट नै हाम्रो लिखित संवैधानिक इतिहासको थालनी भएको भन्ने धारणा लिने गरेको पनि यदाकदा पाइन्छ। तर वैधानिक कानून २००४, देशमा सार्वभौम सत्तासम्पन्न निकायबाट निसृत नभै पंजापत्रबाट देशको शासनसम्म गर्ने अख्तियार पाएका राणा शासकहरूले बनाएको कानून मात्र भएको र सो कानूनलाई संवैधानिक रूप दिने मनसायको सट्टा राणा प्राइम्मिनिष्टरका अधिकारहरू सुरक्षित राखी जहानियाँ राणा शासनको सुदृढीकरण गर्नमा नै केन्द्रित भएको हुँदा भावना र बनोट दुवैको दृष्टिबाट संविधान मान्न सकिदैन। प्रजातन्त्रको घोषणापछि अन्तरिम कालको लागि श्री ५ त्रिभुवनबाट बक्सेको नेपाल अन्तरिम शासन विधान २००७ मा आधुनिक अर्थमा सर्वाङ्गपूर्ण संविधानको सग्लो रूप देख्न नपाइए पनि संवैधानिक पद्धतिअन्तर्गत शासन व्यवस्था चलाउने शाही इच्छाबमोजिम चलाएको प्रथम पाइलो भएको हुनाले यसको महत्त्व सहजै बुझ्न सकिन्छ। प्रजातन्त्र प्रादुर्भाव भएको ८ वर्ष बितिसक्दा पनि संविधान निर्माण गर्ने कार्यमा समेत ठोस प्रगति हुन नसकी क्रान्तिपछि सर्वत्र छाएको अन्योल र तनावको वातावरणबाट व्याप्त राजनैतिक अस्थिरताले गर्दा देशमा हुनुपर्ने विकास कार्यहरू हुन नसकेको तथ्यलाई श्री ५ महेन्द्रको संवेदनशील हृदयले महसूस गरी आफ्नो तत्परता र स्वप्रेरणामा नेपालमा प्रजातन्त्र फलाउन श्री ५ त्रिभुवनबाट राखिबक्सेको अभिलाषा र जनताको इच्छाको कदर गरी संवैधानिक व्यवस्थाबाट राजनैतिक स्थिरता, न्याय र राष्ट्रिय एकता कायम गर्ने उद्देश्यले संविधान मसौदा आयोगको शिफारिसमा श्री ५ महेन्द्रबाट मौसूफमा अन्तर्निहित राजकीय सत्ता र विशेषाधिकारको प्रयोग गरी सर्वप्रथम सबै अर्थमा संविधान भन्न मिल्ने नेपाल अधिराज्यको संविधान २०१५ जारी गरिबक्स्यो तर अविरल जागरुकता, स्वशासनमा कुशलता र उच्च बौद्धिक स्तर जस्ता प्रजातान्त्रिक शासनका पूर्व शर्तहरूको अभावमा संसदीय प्रजातन्त्र जन जीवनको वास्तविकताको गहिराइमा भिज्न नसकेकोले संसदीय संविधान सफल रूपमा क्रियाशील हुन सकेन। फलस्वरूप २०१९ सालमा नयाँ संविधान बनाई त्यसको प्रतिसंहरण गरिबक्सनुपर्‍यो। प्रजातन्त्र भनेको जनताको राजनैतिक अभ्यास र संस्कारमा अनुप्राणित हुँदै जाने निरन्तर प्रक्रिया हो। जनतालाई क्रमिक रूपमा प्रजातान्त्रिक

अभ्यासमा संलग्न गराउँदै लगेमा जनताको राजनैतिक परिपक्वता बढ्न गै प्रजातन्त्रको उच्चतम मर्यादा सुहाउँदो धर्म निर्वाह गर्न राष्ट्र सक्षम हुने कुरामा विवाद हुन सक्तैन, यही परिवेशमा अमूर्त सिद्धान्तहरूभन्दा जन-जीवनको वास्तविकता धेरै प्रबल हुने कुरालाई हृदयङ्गम गरेर जनताको प्रजातान्त्रिक आदर्शका ग्रहणशीलतालाई ध्यानमा राखी क्रमशः प्रजातान्त्रिक अभ्यास गराई सिद्धान्तमा भन्दा वास्तविक जीवनमा प्रजातन्त्र ल्याउन श्री ५ बाट सूझबूझ देखाइबक्सी २०१९ सालमा नेपालको संविधान प्रयोगमा ल्याइबक्सियो । देशको संवैधानिक जीवनमा सबभन्दा लामो समय-सम्म सफलतापूर्वक कार्यान्वयन भै आएको प्रचलित संविधान राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो लोकसम्मति अनुकूल पञ्चायतलाई राजनैतिक व्यवस्थाको रूपमा अवलम्बन गरी न्यायपूर्ण गतिशील र शोषणरहित समाजको सृजना गर्ने उद्देश्य राखी आधुनिक प्रजातान्त्रिक संविधानको लागि आवश्यक सबै प्रजातान्त्रिक गुण-हरूलाई समेटेर निरन्तर विकसित हुँदै आइरहेको छ । संविधान मूल कानून हुने, पारस्परिक नियन्त्रण र सन्तुलनसहित शक्तिको पृथक्करणको व्यवस्था गरी जन-साधारणलाई अधिकाधिक मात्रामा शासनमा सम्मिलित गराउने प्रजातान्त्रिक प्रक्रिया अपनाउनु जस्ता गुणहरू वर्तमान संविधानका उज्ज्वल पक्ष हुन् ।

लोकसम्मतिअनुकूल शासन चलाउन नेपालको राजकीय परम्पराअनुरूप राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट पन्चायती व्यवस्था लागू भएको करीब २ दशकपछि लोकसम्मति बुझ्न २०३६ सालमा जनमत संग्रह गराइबक्सँदा पञ्चायती व्यवस्थाको पक्षमा लोकसम्मति व्यक्त भएबाट हाम्रो संविधानले अपनाएको पञ्चायती व्यवस्थाको प्रजातान्त्रिक बुनियाद छर्लङ्ग भएको छ । मौसूफबाट नेपालको संविधानमा तेस्रो संशोधन गरिबक्सेर आम निर्वाचनद्वारा चुनिएका प्रतिनिधिद्वारा विधायिका बन्ने र विधायिकाप्रति उत्तरदायी कार्यपालिका बन्ने व्यवस्था गरिएकोबाट बीज वृक्षमा परिणत भएपछि बीजको परिचय मिले झैं नेपालको संवैधानिक व्यवस्थाको सच्चा अनुहार विश्वसमक्ष छर्लङ्ग देखिएको छ । नेपालको संविधानले परिकल्पना गरेको व्यवस्था विभिन्न राजनीतिक समूहबीचको पारस्परिक द्वन्द्व र प्रतिस्पर्धाबाट जोगाई सम्पूर्ण नेपालीलाई राष्ट्रहितको लागि एक जुट गराउने समन्वयात्मक आदर्शलाई अँगाल्ने स्वभावको भएकोले शुरू शुरूमा कोरा सिद्धान्तको चिन्तन मात्र गर्नेहरूलाई यसको विशेषता बुझ्न केही अप्ठ्यारो लागेको भए पनि समयको प्रवाहसाथ यसको गतिशीलता र उपयुक्तता व्यावहारिक अनुभवबाट प्रष्ट हुँदै गएकोले भविष्यको पूर्वज्ञान गरी नेपाली जनताको राष्ट्रिय चरित्र, सद्भावना, सहयोग र कल्याण गर्ने स्वभावलाई मूर्तरूप दिने संविधान बनेको रहेछ भन्ने महसूस आज बढी मात्रामा हुन थालेको छ । संविधानविद् आइभर जेनिंग्सले जनताको चरित्रले संविधानको चरित्र

निश्चित गर्दछ भन्नुभएझैं नेपालको संविधानमा नेपालीको राष्ट्रिय चरित्र चित्रित भएको छ ।

यसरी देशमा संवधानिक पद्धति सुदृढीकरण गर्न श्री ५ महेन्द्रबाट प्राप्त भएको योगदानबाट मौसूफलाई देशले अनन्तकालसम्म लिखित संविधानदाताको रूपमा संझिरहनेछ । हामीले मौसूफको जन्म-जयन्तीलाई संविधानदाताकै रूपमा तादात्म्य भएको अनुभव गर्छौं, यो सजीव नेपाली हृदयमा परेको मौसूफबाट संवैधानिक क्षेत्रमा भएको विलक्षण योगदानको प्रभाव हो भन्न सकिन्छ ।

स्वतन्त्र न्यायपालिका कानूनी राजको मूल आधार स्तम्भ हो । यसैले श्री ५ महेन्द्रबाट न्याय प्रशासनलाई सुदृढ र सबल गराउने दिशातर्फ ध्यान बक्सेर २०१२ सालमा नेपालको पहिलो न्याय प्रशासन पुनर्गठन ऐन जारी गरिबक्सी न्यायपालिकाको संगठनात्मक पक्ष दरिलो र युगानुकूल बनाई पुरानो अपील भारादारी जस्ता राणाकालीन न्यायिक व्यवस्थाका अवशेषलाई हटाई ज्ञान सीप र तालीम हासिल गरेका सद्विवेक प्रयोग गर्ने क्षमता भएका इलाका जिल्ला न्यायाधीशहरूद्वारा न्याय गरिने नयाँ न्यायिक व्यवस्थाको संरचना गरिबक्सियो । कतिपय थप व्यवस्थाको आवश्यकता महसूस गरी २०१६ सालमा न्याय प्रशासन ऐन जारी भएपछि इलाका अदालत शुरू अदालतको रूपमा जिल्ला र उच्च अदालत पुनरावेदन सुन्ने अदालतको रूपमा गठित भए । यी अदालतहरूमा अदालतले गर्ने न्यायिक कामको अभिभारा न्यायाधीशलाई नै तोकिएबाट साबिकको हाकिम असिष्टेण्ट र फाँटवाला भै निर्णय गर्ने परिपाटीको अन्त्य भयो । यो एउटा महत्त्वपूर्ण परिवर्तन थियो । २०१७ सालको परिवर्तनपछि २०१८ सालमा न्याय प्रशासन विविध व्यवस्था ऐन जारी गरिबक्सेपछि उच्च अदालतहरू खारेज भए । २०२१ सालमा देशको राजनैतिक विभाजनको इकाईको रूपमा जिल्ला अञ्चल रहन गएको हुँदा इलाका र जिल्ला अदालतलाई क्रमशः जिल्ला र अञ्चल अदालत भन्ने नामकरण भै सो व्यवस्था अद्यापि चलिआएको छ ।

नेपालको एकीकरणपछि पनि राजा रजौटाले आफ्नो राज्यभित्र राज्य अदालत खडा गरी अदालतमा परेको मुद्दा मामिला देशमा प्रचलित कानूनबमोजिम छिन्नुपर्ने भए पनि दण्ड जरिवाना आफूले लिन खान पाउने भएकोले सकेसम्म बढी दण्ड जरिवाना गरी असूल गर्ने गरेकोमा त्यस्तो व्यवस्था प्रजातान्त्रिक न्यायिक परिपाटी सुहाउँदो किमार्थ मान्न नसकिने हुनाले स्व० श्री ५ महेन्द्रबाट ऐनद्वारा राज्य अदालतहरूको उन्मूलन गरी त्यसको काम पनि जिल्ला अदालत अधिकार क्षेत्रभित्र पारियो र देशभर एकनासकै न्याय सम्पादन हुन थाल्यो ।

शक्ति पृथक्करणको आधुनिक सिद्धान्तअनुसार नेपालमा न्यायपालिकालाई छुट्टै र स्वतन्त्र अंगको रूपमा विकसित गराउन स्वर्गीय श्री ५ महेन्द्रबाट अमूल्य देन बक्सेको थियो । न्यायपालिकालाई कार्यपालिकाबाट अलग राख्न भनी १९९७ सालको सनदले गोस्वाराको अपील सुन्ने अधिकार झिकी अपील सुन्न छुट्टै अपील अड्डाहरू खडा गरिए पनि व्यवहारमा न्यायपालिका प्रमुख पनि राणाशासकका भाई-भतिजा नै हुने र मुद्दाको अन्तिम निर्णय राणा प्राइममिनिष्टर आफैले गर्ने पुरानो, समय नसुहाउँदो व्यवस्था २००७ साल फागुन ७ गते अन्त भै प्रधान न्यायालय ऐन २००८ जारी भएपछि न्यायपालिकाले आधुनिक अर्थमा न्यायपालिका भै कार्य गर्न थालेकोमा न्यायपालिकालाई सुव्यवस्थित र अरू बढी अधिकार सम्पन्न गराउन २०१३ सालमा स्व० श्री ५ महेन्द्रबाट सर्वोच्च अदालत ऐन जारी गरिबक्सियो । सर्वोच्च अदालत ऐनको किन आवश्यकता पऱ्यो भन्ने कुरा उक्त ऐनको प्रस्तावनामा 'जनताको हक अधिकार सफलतापूर्वक रक्षा गर्न, भन्ने उल्लेख भएकोबाट र सो ऐन जारी गरिबक्सँदा 'यस सर्वोच्च अदालतले इन्साफ छिटो र सर्व सुलभ बनाई प्रजातान्त्रिक प्रणालीमा हाम्रो न्यायपालिकालाई अधिकाधिक सुदृढ पारी हाम्रा प्यारा प्रजाको तथा स्वतन्त्रताको यथोचित रक्षा गर्नेछ, जसबाट सबले शान्ति तथा व्यवस्थाको उपभोग गर्न पाउनेछन् भन्ने हामीबाट पूरा आशा तथा विश्वास राखिबक्सेका छौं' 'भन्ने शाही घोषणा भएबाट स्वतन्त्र न्यायपालिका स्थापना गरी जनताको हक अधिकारको संरक्षण र प्रचलन गराउन उत्कट अभिलाषा राखिबक्सेको तथ्य स्पष्ट हुन्छ । यसरी श्री ५ महेन्द्रबाट न्यायपालिकाको सुसंगठन गर्ने दिशामा समय सभयमा प्रेरणात्मक पाइला चालिबक्सी नेपाली जनतालाई प्रजातन्त्रको फल उपभोग गराउनमा न्यायपालिकाले अविच्छिन्नरूपले दिनानुदिन प्रगति गर्दै आइरहेको छ। यो श्री ५ महेन्द्रको न्यायप्रियता र प्रजातन्त्र प्रियताको ज्यूँदो उदाहरण हो। नेपालको संविधानले संविधानलाई मूल कानून बनाएको हुँदा व्याख्याताको हैसियतले मौलिक हकको संरक्षण र संवर्धन गर्न सर्वोच्च अदालतको भूमिका झन् बढ्न गएको छ। सर्वोच्च अदालत मौलिक हकको संरक्षक मात्र नभै संविधान लगायतका नेपाल कानूनको अन्तिम व्याख्याताभै एकाधिकार प्रचलनको लागि साधारण उपचार प्रदान गर्ने आफ्ना र मातहतका अदालतको संमान कायम राख्ने लगायतका विशेष अधिकारहरूले सुसज्जित भै आवश्यकतानुसार अदालतद्वारा निर्मित कानून बनाउने अर्थात् नजीर प्रतिपादन गर्ने र अन्य नेपाल कानूनले सुम्पेका गहन जिम्मेवारी वहन गर्ने जस्ता कुराहरू अविच्छिन्न रूपले आजसम्म दिनानुदिन झन् प्रभावकारी र सार्थक रूपमा वहन गरी आउन सक्नाको मूल कारण श्री ५ महेन्द्रको न्यायप्रियता नै हो भन्ने ठानेको छु । समयानुसार सर्वोच्च अदालतलाई बढी स्वतन्त्र र सक्षम बनाउन

श्री ५ बाट स्वयम् न्यायाधीशहरूको नियुक्ति गरिबक्सने र संविधानमा तोकिएबमोजिम मात्र पदबाट हटाइने लगायतका न्यायपालिकालाई स्वतन्त्र बनाउन आवश्यक पर्ने सुरक्षा प्रदान गरी निर्भीक र निश्चिन्त भै न्याय सम्पादनमा लाग्न पाउने र न्यायपालिकालाई प्रत्यक्ष वा परोक्ष कुनै रूपबाट पनि प्रशासन लगायतका अन्य राज्यका निकायहरूको हस्तक्षेपबाट मुक्त राख्न न्यायाधीशहरूलाई खराब आचरणको आधारमा हटाउनुपरेमा पनि छुट्टै कार्यविधि अपनाइने व्यवस्थाले गर्दा न्यायपालिकाको बाह्य र आन्तरिक स्थिति सुदृढ़ र परिपक्व हुन पाएको हो भन्ने ठानेको छु। जनताले न्याय प्राप्त गर्न टाढा जाने दुःख कष्ट उठाउनु नपरोस् भनी समय समयमा सर्वोच्च अदालत लगायतका बेन्चहरू विभिन्न भागमा गई काम गर्ने दौडाहा टोलीहरू खटिने गरेको व्यवस्थाबाट प्रष्ट हुन आउँदछ। देशका केही महत्त्वपूर्ण क्षेत्रहरूमा गठन भएका उच्च अदालतहरूले स्थायी रूप लिन नपाउँदै खारेज भए तापनि श्री ५ वीरेन्द्रबाट न्यायपालिकालाई स्वतन्त्र सक्षम र लोक कल्याणकारी बनाउने आफ्ना पिताको महिमामय परम्परा कायम राखिबक्सँदै न्याय प्रशासन सुधार ऐन २०३१ जारी गरी क्षेत्रीय अदालतहरूको गठन गरिबक्सी मुद्दा मामिलामा खेर गइरहेको जनशक्तिलाई उत्पादनशील कार्यमा लगाउनसमेत छिटो छरितो न्याय सुलभ गराउने दिशातर्फ विशेष जोड दिदै आइबक्सेको कुरा यस प्रसंगमा ध्यान दिन योग्य हुन आउँछ।

हाम्रो मुलुकको फौजदारी न्याय प्रशासन पुरानै राणाकालीन अन्वेषणात्मक पद्धति, त्यो पनि विकृत रूपमा प्रयोग गरिने गरिआएकोमा आधुनिक प्रजातान्त्रिक मानवीय न्याय-व्यवस्थामा सर्वमान्य रूपले प्रयोगमा ल्याइएका दोषी ठहरिनुअघि निर्दोषी मान्नुपर्ने, शंकाको सुविधा अभियोग लागेकोले पाउने भन्ने लगायतका फौजदारी न्यायका सर्वमान्य सुनौला सिद्धान्त अंगीकार गरी नेपाली फौजदारी न्याय व्यवस्थाको कोल्टे फेराइदिने कानून स्व० श्री ५ महेन्द्रबाट बक्सेको सरकारी मुद्दासम्बन्धी ऐन २०१७ हो। उक्त ऐन जारी भएपछि हाम्रो न्यायिक पद्धतिले अन्वेषणात्मक पद्धतिबाट अभियोजनात्मक पद्धतिको रूप लिएको छ। यसअघि ज्यान डाका जस्ता समाज विरुद्धका गहन अपराधहरूमा मुलुकी ऐनबमोजिम श्री ५ को सरकार वादी भै मुद्दा चलाउनुपर्ने भए पनि अड्डा अदालतले नै श्री ५ को सरकार तर्फबाट तहकीकात अनुसंधान गर्ने चलन थियो। यसो हुँदा अदालतले अभियोक्ताको हैसियतले समेत हेरी मुद्दामा अन्वेषण गर्नुपरेबाट अभियुक्तलाई दोषी प्रमाणित नभएसम्म निर्दोष मान्नुपर्दछ भन्ने सर्वमान्य न्यायिक मान्यताको ठीक उल्टो निर्दोष प्रमाणित नभएसम्म दोषी सम्झिने दृष्टिकोणले हेरिन्थ्यो। सरकारी मुद्दासम्बन्धी ऐन आएपछि श्री ५ को सरकार वादी हुने मुद्दामा पनि सर्वसाधारण जनता आफैंले धेरैंजसो सबूत पुऱ्याउनुपर्ने र हारेमा झुट्टा पोल उजूर गरेवापत सजायभागी हुनुपर्ने व्यवस्था हट्न नई श्री ५ को सरकार वादी हुने मुद्दामा कार्यपालिकातर्फबाट

तहकीकात गरी मुद्दामा अदालतसमक्ष आफ्नो प्रतिनिधित्व गर्ने व्यवस्था भएबाट वादीतर्फबाट लगाइएको अभियोग र प्रस्तुत भएका सबूत प्रमाणको आधारमा दोषी ठहरिने नठहरिने कुरामा अदालतले प्रतिद्वन्द्वात्मक व्यवस्थाको माध्यमबाट प्रचलित कानून र मुद्दाको वस्तुस्थितिको उचित मूल्यांकन गरी निष्पक्ष रूपबाट निष्कर्षमा पुग्ने प्रणालीको प्रारम्भ भएको छ । प्रतिद्वन्द्वात्मक प्रणालीको अर्थ वादी र प्रतिवादी दुवैले आ-आफ्नो दावी जिकिर प्रस्तुत गर्ने, दुवै पक्षबाट उपस्थित वकीलहरूको बहस सुन्ने र मौजूदा अवस्थामा अदालतले तटस्थ र निष्पक्ष भै निर्णय दिनु हो । कार्यपालिकातर्फबाट भएको अनुसन्धान तहकीकातमा चित्त नबुझे अदालतबाट थप कुराको सबूत बुझ्न पुनः तहकीकातसमेत गराउन मिल्ने व्यवस्था सरकारी मुद्दासम्बन्धी ऐनमा छ तापनि अदालतले वादीको स्थान ग्रहण गर्ने र अभियुक्तलाई पहिले नै दोषी भनी पूर्वाग्रह राख्ने व्यवस्था अब कायम छैन । फौजदारी न्याय पद्धतिमा ल्याइएको यो परिवर्तनलाई एउटा महत्त्वपूर्ण उपलब्धिको रूपमा मान्न सकिन्छ ।

कानूनी राजको संस्थापनामा कानून व्यवसायको विशिष्ट भूमिका रहन्छ । त्यसैले न्याय प्रशासनको चर्चा गर्दा कानून व्यवसायको प्रसङ्ग पनि अनिवार्य रूपमा उठ्दछ । देशमा न्याय सम्पादनमा कानून व्यवसायको भूमिकालाई औपचारिक रूपमा मान्यता दिइएको कुरा नेपाल प्रधान न्यायालय ऐन २००८ आएपछि कानून व्यवसाय गरेकाहरू पनि प्रधान न्यायालयका न्यायाधीश हुन योग्य हुने व्यवस्था भए-बाट प्रष्ट हुन आउँछ । प्रधान न्यायालय ऐन आएपछि सरकारी अभियोगी पक्षलाई सबल र सक्षम बनाउन महान्यायाधिवक्ताअन्तर्गत छुट्टै विभाग गठन भएको थियो जसको काम सरकारलाई आवश्यक सल्लाह प्रदान गर्ने, सरकारी मुद्दाहरूमा सर-कारी हितको प्रतिरक्षा गर्ने र मुद्दाको तहकीकात र अनुसंधानमा हात बढाउने कार्य प्रमुख थियो । यसरी सरकारी पक्ष सबल गराउने व्यवस्था भएपछि प्रतिवादी पक्षको पर्याप्त प्रतिरक्षाको लागि पनि दक्ष कानून व्यवसायीको व्यवस्था अनिवार्य रूपमा आवश्यक हुन गएको थियो । गैर-सरकारी कानून व्यवसायी सम्बन्धमा आवश्यक व्यवस्था गर्ने नियम बनाई लागू गर्न सकिने प्रावधान प्रधान न्यायालय ऐनमा भए पनि सो व्यवहारमा आउन नसकेको हुनाले अनौपचारिक रूपमा नै कानून व्यवसाय त्यतिखेर व्यवहारमा आउन सकेको थियो । वास्तवमा भन्ने हो भने स्व० श्री ५ महेन्द्रबाट स्वीकृत गरेर बक्सेको सर्वोच्च अदालत नियमावली २०१३ मा गैर-सरकारी कानून व्यवसायीको अवस्था समावेश गरिबक्सेपछि नै वास्तविक अर्थमा कानून व्यवसायले व्यवस्थित रूप पाउन सकेको हो भन्न सकिन्छ । यसरी सरकारी र गैर-सरकारी दुवै क्षेत्रमा कानून व्यवसायीको समानुपातिक विकास र प्रगति हुँदै गएबाट ज्यान डाँका जस्तो गम्भीर मुद्दामा सर्वस्वसहित जन्मकैद

जस्तो चर्को सजाय गरी मानिसको जीवनमा दूरगामी असर पर्नुअगाडि अभियुक्तले अपराध गरेको कुरामा न्यायकर्ता निश्चित निष्कर्षमा पुगेपछि मात्र कसूरदार ठह-र्याउन मिल्ने उदार फौजदारी न्याय व्यवस्था अपनाई निरपराधी पनि नफसून् अप-राधी पनि नछुटून् भन्ने राज्यको समन्वयात्मक उद्देश्यअनुरूप अघि बढ्न मद्दत पुगेको छ। आज यो व्यवसाय उत्साहजनक रूपमा फस्टाइरहेको छ। जनताको मौलिक हक संरक्षण गरी कानूनी राजको प्रतिपालन गर्ने काममा कानून व्यवसायी-को विशेष र प्रभावकारी भूमिका हुने कुरा हृदयंगम गरी स्व० श्री ५ महेन्द्रबाट वर्तमान संविधानमा थुनामा रहेको अवस्थामा समेत कानून व्यवसायीको परामर्श लिन पाउने कुरालाई व्यक्तिको मौलिक हकको रूपमा व्यवस्थित गरिबक्सेबाट यो व्यवसायको सुदृढीकरणमा ठोस टेवा मिल्न गएको छ। २०२१ सालमा यस व्यव-सायलाई सर्वोच्च अदालत नियमावलीमा अरू बढी व्यवस्थित गरिएकोमा २०२५ सालमा छुट्टै कानून व्यवसायी ऐन बनाई जारी गरिबक्सेबाट प्रजातन्त्र र कानूनी राजको एउटा महत्त्वपूर्ण अंगलाई निश्चित मान्यता र आदर्शतिर अग्रसर गराइ-बक्सेको प्रष्ट हुन आउँछ।

उपर्युक्त कुराबाट श्री ५ महेन्द्रले कानूनी राज र न्यायिक स्वतन्त्रता जस्ता बहुमूल्य कुराहरूतर्फ विशेष जोड र ध्यान बक्सनुको मूल कारण कानून न्यायको महिमा र रहस्य समीचीन रूपमा बोध गरिबक्सेकोले हो भन्न सकिन्छ। कसैलाई कुनै सिद्धान्त वा नीति नियमको मर्म र गुह्य तत्त्वको बोध नै छैन भने उसले त्यस-लाई विशेष जोड र महत्त्व दिने कुरा आउँदैन। न्याय व्यवहारीकृत सत्य हो भन्ने न्यायिक दर्शनको निचोड पूर्वीय अध्यात्म दर्शनका ज्ञाता होइबक्सेकाले श्री ५ महेन्द्र-बाट न्यायमा आँच आउने काम कार्यवाही कतै कसैबाट हुन नपाउने समुचित व्यवस्था कानूनमा गरिबक्सेको हो। मौसूफबाट कानून र न्यायमा परस्पर समस्वरता को समन्वयात्मक बाटो पहिल्याइबक्सेर असल कानून न्यायको लागि अपरिहार्य पूर्वाधार हो भन्ने विचार चरितार्थ गराइबक्सेको थियो। न्याय प्रयोगीकृत सत्य भएको र सच्चा कानून सत्यको उद्घोषक भएकोले न्याय र कानून परस्पर विरोधी-को सट्टा परस्परमा अन्योन्याश्रित हुन् भन्ने कुरा श्री ५ महेन्द्रमा राम्रोसँग अनु-भवात्मक बोध भएकोले कानूनी राजलाई कार्यरूपमा ल्याउन खोजिबक्सेको हो। मौसूफको कानूनी राज्यसम्बन्धी धारणा मौसूफबाट २०१९ सालमा सर्वोच्च अदा-लतको भवन उद्घाटन गर्दा प्रकट गरिबक्सेका उद्गारहरूबाट पनि स्पष्ट हुन आउँछ। त्यस अवसरमा श्री ५ महेन्द्रबाट हुकूम भएको थियो, 'नेपालमा पूर्ण कानूनी राज्य कायम हुनुपर्छ। यही कुरा साकार गराउन मेरो सरकार प्रयत्नशील छ र देशका कानूनवेत्ता र सर्वसाधारण जनताको समेत सहयोग भएमा यो अवश्य हुन्छ

पनि, यसमा म निश्चिन्त छु। यो कुरालाई सफल पार्न सर्वोच्च अदालतले ईमान्दारी पूर्वक स्वतन्त्र रूपले महत्त्वपूर्ण योगदान गर्नुपर्दछ र गर्न सक्छ भन्ने कुरा नेपालको संविधानले स्पष्ट भएकै छ जस्तो लाग्दछ।' मौसूफबाट न्यायकर्ताले आफूलाई कानूनद्वारा आबद्ध भै निष्पक्ष न्याय गरेको देख्न चाहिबक्सेर सोही अवसरमा हुकूम भएको थियो, "न्याय गर्ने पहिले आफू कानूनमा बाँधियून्। हाम्रो संविधानले सर्वोच्च अदालतलाई जनताको अधिकार सुरक्षित राख्ने एउटा महत्त्वपूर्ण अंग बनाएको छ। यो महान् उद्देश्यपूर्तिका निमित्त सर्वोच्च अदालत सधैं तत्पर रहनुपर्छ। न्याय दिनेले मरमुलाहिजामा कदापि लाग्नु हुँदैन किनभने कानूनले नाता गोता चिन्दैन र लोभ-लाभ बुझ्दैन। आफ्नो कर्तव्यपालनको समयमा कानूनभन्दा बाहिर चियाउने बानो वा प्रयत्न न्याय दिने वा न्याय पाउनेका निमित्त कलंक हुन्छ, र जघन्य अपराध पनि। यो दुवै थरीले राम्ररी बुझून्, यो अत्यन्त महत्त्वपूर्ण कुरा छ।' यसै गरी भाषणको अन्त्यमा मौसूफबाट पुनः हुकूम भएको छ, 'कानूनी शासनमा नै देशको शान्ति व्यवस्था कायम भई सर्वाङ्गीण विकास हुन सक्ने आशा राख्दछु, कानूनको मर्यादालाई ख्यालमा राखी न्याय सुलभ छिटो र छरितो होस् तथा आम जनताले समान न्याय पाउन् भन्ने मेरो दृढ इच्छामुताबिक यस न्याय-मन्दिरबाट हरहालतमा जस्तोसुकै कठिनाइ आइपरे तापनि सबैले ठीक ठीक इन्साफ पाउन सकून्, यही मेरो शुभ कामना छ।"

उक्त महावाणीबाट स्व० श्री ५ महेन्द्रले कानूनी राजको स्थापना हुनुपर्ने सैद्धान्तिक कुरामा मात्र जोड दिइबक्सेको छैन, कानूनी राजको स्वर्णिम सिद्धान्तलाई जीवनमा उतार्न प्रमुख साधन स्वतन्त्र र सक्षम न्यायपालिकाको संस्थापन र प्रवर्धनमा समेत उत्तिकै जोड दिइबक्सेको छ। मौसूफको उक्त महावाक्यबाट अर्को एउटा महान् सत्य पनि उद्भाषित भएको छ। त्यो हो कानूनी राज साकार गराउन सबैको सहयोगको आवश्यकता। कानूनीराज भावनाको क्षणिक आवेग होइन, न त यो जादूको मन्त्र हो, यो त एउटा निरन्तर साधना गरिरहनुपर्ने व्यापक प्रक्रिया हो। शासनका सबै अभियन्त्रहरू र शासित सबै कानूनद्वारा आबद्ध जीवन यापन गर्न आपनो अधिकार र कर्तव्य प्रति जागरुक रही सबैले आ-आफ्नो निजी र सार्वजनिक दायित्वको निर्वाह गर्दै गयौं भने नै कानूनीराजको अवधारणाले हाम्रो जीवनमा मूर्त रूप पाउन सक्नेछ भन्ने अटल विश्वास श्री ५ महेन्द्रको थियो।

श्री ५ महेन्द्रबाट न्यायिक निकाय र प्रक्रियाको सुसंगठन र सुदृढीकरण गर्नाको अतिरिक्त सामाजिक न्यायको क्षेत्रमा पनि अभूतपूर्व योगदान बक्सेको छ। स्व० श्री ५ महेन्द्रबाट सामाजिक न्यायको अवधारणालाई प्रभावकारी रूपमा कार्या-

न्वयन गराउन निरन्तर रूपमा कोशिश गरिबक्सेको पाइन्छ। विभिन्न जात, जाति, लिंग र धर्मको आधारमा पुस्तौंदेखि भेदभावपूर्ण व्यवहार भैं आएको हाम्रो समाज र त्यसमा आधारित कानूनी व्यवस्था आजको प्रजातान्त्रिक समाजको इच्छा आकांक्षा र आवश्यकतालाई नसुहाउँदो मात्र होइन त्यसलाई यथास्थितिमा चल्न दिएको खण्डमा विस्फोटक पनि बन्न सक्ने अवस्था हुन्छ। उही कसूरमा जातअनुसार घटीबढी सजाय हुने १९१० सालमा आएको मुलुकी ऐन स्वयंको कतिपय व्यवस्था भेदभावपूर्ण र अन्यायपूर्ण थियो। यस अवस्थामा २०२० सालमा नयाँ मुलुकी ऐन बनाइबक्सँदा पुराना रूढिग्रस्त अन्य परम्परा र भेदभावपूर्ण व्यवस्थालाई हटाएर प्रजातान्त्रिक समाजको आवश्यकताअनुरूप उपयुक्त कानूनी व्यवस्था गर्ने समस्या थियो। छुवाछूत जस्तो जातिगत ऊँचनीचको स्थिति, बालविवाह, बहुविवाह, अनमेल विवाह लगायत नारीवर्गमाथि रहेको सामाजिक र आर्थिक शोषण आदि विकृतिलाई वैध गराउने कानूनी मान्यता हटाई लिंग र जातीय असमानता कुरीति र शोषणमा विखण्डित सामाजिक स्वरूपलाई अझ विघटनकारी प्रक्रियामा होमिनबाट बचाई समतामा आधारित स्वस्थ समाजको सिर्जना गर्ने दिशामा नयाँ मुलुकी ऐन नेपालको इतिहासमा महान् सामाजिक क्रान्तिको अग्रदूत साबीत भएको छ। यसरी धार्मिक एवं सामाजिक विचारधारा, चेतना र मान्यताहरूमा परिवर्तन ल्याई समयोचित सुधार ल्याउन उद्यत नयाँ मुलुकी ऐनबाट अपराध र सजायको पुनः मूल्यांकन र पुनः निर्धारण हुनुको अतिरिक्त यसमा व्यक्त भएको हाम्रो राष्ट्रिय नीति एवं आकांक्षा र राष्ट्रले अपनाएको उदारवादी धार्मिक एवं सामाजिक सिद्धान्तहरू अनुरूप आधुनिक समाजको विकासतर्फ अगाडि बढ्ने ठोस आधारशिला खडा गर्न खोजिएको पाइन्छ। छुवाछूत, जात-पात जस्ता विकृतिहरूलाई हटाई समाजमा परस्परमा प्रेम सद्भावना र समानताको आधारमा सामाजिक सम्बन्ध कायम गरिने युगानुकूल व्यवस्था कानूनहरूमा भएकोले हामी नेपालीहरू सबै जातमा जे छौं नेपाली भएका छौं।

स्वर्गीय श्री ५ महेन्द्रबाट कानूनलाई सामाजिक न्यायको उचित व्यवस्था गर्ने प्रमुख साधनको रूपमा लिइबक्सी सामाजिक न्यायलाई आर्थिक क्षेत्रमा समेत अझ वास्तविक अर्थमा अङ्गीकार गर्न सर्वसाधारणको आर्थिक हित कायम गर्ने उद्देश्यले विभिन्न कानूनी कदमहरू चालिबक्सेको थियो। मौसूफको शासनकालमा भूमिमा रहेको शोषण हटाउने, भूमि व्यवस्थामा एकरूपता ल्याउने र त्यसको न्यायोचित वितरण गरी कृषि उत्पादनमा वृद्धि ल्याई कृषकको जीवन स्तर उकास्ने निरन्तर प्रयास गरिबक्सेको थियो। भूमिसम्बन्धी ऐन २०१४ र बिर्ता उन्मूलन ऐन २०१६, भूमिसम्बन्धी ऐन २०२१ को व्यवस्थाबाट जग्गाको हदबन्दी, कूत निर्धारण

र मोहियानी हकसमेत सुरक्षित गरी वितरण प्रणालीमा न्यायोचितता ल्याउने २००७ साल फाल्गुन ७ गतेपछिको नेपालीको सपना साकार हुन गयो । आर्थिक स्वतन्त्रताविनाको राजनैतिक स्वतन्त्रता खोक्रो हुन्छ भन्ने तथ्य श्री ५ महेन्द्रलाई राम्रो बोध थियो । भूमिसम्बन्धी ऐनको कार्यान्वयन पक्षलाई लिएर पूर्ण सन्तुष्टिको भावना लिन सकिन्छ भन्न नसके तापनि यस ऐनमा निहित सुधारको उद्देश्य र परम्परागत रूपमा चिरकालदेखि रहिआएका क्षेत्रमा व्याप्त शोषण र सामन्ती अवशेषहरूलाई सकभर चाँडो समाप्त पार्ने अठोटलाई दृष्टिगत गर्दा यसलाई नेपालमा आर्थिक क्रान्तिको दिशामा शान्तिपूर्वक चालिएको एउटा महत्त्वपूर्ण पाइला हो भन्ने कुरामा विवाद हुन सक्तैन । भूमिसम्बन्धी ऐन २०२१ ले छोटो शब्दमा भन्ने हो भने नेपालको आर्थिक विकासको मूल आधार भूमिलाई शोषणको माध्यमको सट्टा राष्ट्र-पोषणको साधन बनाइयो । भूमिमा वास्तविक अर्थमा १० नङ्ग्रा खियाई रगत र पसीनाले सिंची उर्वरा बनाउने किसान जग्गाधनीको निगाहको सट्टा कानूनको संरक्षण पाई स्वाभिमानमा बाँच्न पाउने भए ।

त्यस्तै गरेर औद्योगिक क्षेत्रमा पनि २०१६ सालमा कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन बनाई औद्योगिक शान्ति, हित र न्यायको समुचित प्रबन्ध मिलाई सामाजिक न्यायलाई व्यापक रूप प्रदान गरिबक्सेको थियो । यस प्रकार श्री ५ महेन्द्रबाट कानूनलाई सामाजिक परिवर्तनको उपकरणको रूपमा प्रयोग गरेर सामाजिक न्यायलाई व्यवहारमा उतार्न नेतृत्व बक्सेको कुरा प्रत्यक्ष अनुभव गर्न सकिन्छ । सामाजिक न्यायको विस्तारमा बक्सेको योगदानबाट श्री ५ महेन्द्र कानूनलाई बलियाले निर्धालाई थिचोमिचो गर्ने हतियार होइन निर्धाले बलियाको विरुद्ध ढालको रूपमा प्रयोगसमेत गरी न्याय पाउन सक्ने गराउन चाहिबक्सन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । अहिले यहाँ मौसूफको शासनकालमा के कति कानून कुन क्षेत्रमा बने तिनको के महत्त्व छ भन्ने सबै कुरा केलाउन संभव छैन । सारांशमा यति मात्रै भन्न पर्याप्त हुन्छ कि राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवनले वीजारोपण गरिबक्सेको प्रजातन्त्रलाई श्री ५ महेन्द्रले उपयुक्त वातावरणमा हुर्काई-बढ़ाई देशको अभिनवीकरण गर्ने प्रयोजनको लागि के शिक्षा, के स्वास्थ्य, के यातायात, के उद्योग, के वाणिज्य चारै दिशामा सामयिक रूपले पर्याप्त कानूनी व्यवस्था गरिबक्सेको छ । पाँच भाग मुलुकी ऐन र सवाल सनदको स्थितिबाट आधुनिक प्रजातान्त्रिक समाज सुहाउँदो समृद्ध कानून प्रणालीको विकास देशमा हुन सकेको छ । हामीले कानूनको राम्रो अध्ययन गर्न खोज्यौं भने कानूनमा उपन्यासमा जस्तो सरसता र मानवीय भावनाको कोमलताको आस्वादन गर्न सक्दैनौं होला, तापनि तत्कालीन समाजका बृहत्तर हितको लागि न्यायको मर्म

विचार गरी सुव्यवस्थित र प्रोत्साहित गर्न खोजिएका मूल्य र मान्यताको अध्ययन गर्न सशक्त माध्यमको रूपमा यसलाई अवश्य पाउन सक्नेछौं। मौसूफको शासनकालमा बनेका कानूनहरूमा तत्कालीन अवस्थामा देशमा भएको विकास परिवर्तनको गतिशीलता प्रतिबिम्बित भएका छन् र ती कानूनहरूले मौसूफको सुशासनको परिचय दिइरहेका छन् ।

श्री ५ महेन्द्रको कार्यकालमा लगभग ३३४ जति नयाँ ऐन बने। ऐनको यो संख्यात्मक वृद्धिबाट पनि श्री ५ महेन्द्रको राज्यकालमा कानूनी राजको बाह्य र आन्तरिक दुवै पक्षको सुदृढीकरणमा ठोस योगदान मिल्न गयो। मुख्य मुख्य विषयमा छुट्टाछुट्टै कानून बनेकाले ती विषयहरू वैज्ञानिक र सुनियोजित ढङ्गले कार्यान्वित हुन पाए । कानूनलाई व्यावहारिक, वैज्ञानिक र सरलीकृत गर्नको लागि सम्बन्धित क्षेत्रका विशेषज्ञहरू भएको कानून आयोगसमेत समय समयमा गठन गरी जन-साधारणको प्रतिक्रियासमेत समावेश गर्न कोशिश गरिएबाट कानून तर्जुमाको पद्धतिमा पाने वञ्छित सुधार भएको तथ्य मौसूफको शासनकालमा बनेका ऐन कानूनको अध्ययनबाट ष्पष्ट नै हुन्छ जस्तो लाग्छ ।

अन्तमा राष्ट्रपिता श्री ५ त्रिभुवनबाट गद्दीको बाजी लगाएर ल्याइबक्सेको प्रजातन्त्रलाई हिन्दू धर्मका उच्चतम आदर्शलाई कायम नै राखी जन-जीवनका बास्तविक आवश्यकताहरूलाई समेटेर कानूनी शासनको माध्यमद्वारा स्वस्थ दिशामा विकसित गराउँदै लैजान जुन महान् देन स्व० श्री ५ महेन्द्रबाट बक्सेको छ त्यसबाट मौसूफ सदा-सर्वदा नेपालीहरूको हृदय-आकाशमा चम्किरहने जाज्वल्यमान नक्षत्रको रूपमा प्रतिष्ठित होइबक्सेको छ। मौसूफबाट हुर्काइबक्सेको प्रजातन्त्र र कानूनी राजलाई अझ बढ़ी सुदृढ़ र विकसित गराउने अभियानमा आज हामीलाई राष्ट्रनायक श्री ५ वीरेन्द्रको वरद नेतृत्व प्राप्त भइरहेको छ। स्वर्गीय श्री ५ महेन्द्रको कानूनीराजप्रतिको हार्दिक उत्कण्ठालाई जीवन्त रूप दिन न्यायका महान् अधिष्ठाता राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट महत्त्वपूर्ण न्यायिक र कानूनी कदमहरू चालिबक्सेर हाम्रो कानूनी राजको विकास प्रक्रियामा नयाँ आयामहरू थपिँदै गएको टडकारो अनुभव हुन्छ। आज मौसूफको सुशासनमा कानूनलाई शान्ति र प्रगतिको मुख्य अभिकरणको रूपमा अरू विकसित गराइदैछ। कानूनी शासनको मार्ग शान्तिको मार्ग हो। शान्त मनस्थितिमा सुन्दर विचार र सद्विवेकको उत्पत्ति हुन्छ र यी विचार र भावनाहरू मानव समुदायको हित तथा राज्यको विकास-निमित्त सार्थक हुन्छन्। नेपोलियनको युद्धविजयभन्दा नेपोलियन कोडको बढ़ता प्रशंसा गरिन्छ किनभने कोड चिरस्थायी रूपले शान्तिमय जीवनको प्रबल साधन बन्न गयो। त्यस्तै युद्ध नगर्ने घोषणा संविधानमा समावेश गरी

जापानले राष्ट्रिय शक्ति विकासमा लगाएर आश्चर्यजनक र अप्रत्याशित प्रगति गरेर देखाएको सर्वविदित छ। विकासका निमित्त शान्ति अपरिहार्य भएकोले राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट देशलाई शान्ति क्षेत्र बनाउने नीतिलाई नेपालको संविधानमा समावेश गरेर स्व० श्री ५ महेन्द्रबाट हुर्काइबक्सेको प्रजातन्त्ररूपी फूलवारी सिंगारी सुशोभित गर्ने महान् कार्य प्रारम्भ गरिबक्सेको छ। यस्तो सौभाग्यशाली सुअवसरमा तमाम नेपालीहरूले कानूनी राजमा आस्था राखी यसमा अन्तर्निहित उद्देश्यप्रति मनसा वाचा कर्मणा समर्पित हुनु नै स्व० श्री ५ महेन्द्र-प्रतिको चोखो श्रद्धाञ्जलि सिद्ध हुन जानेछ।

( प्रवचन मिति : २०३८ पौष )